"पञ्ञा नरानं रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

### (कक्षा १०, पंचम पत्र)

(प.स.पा. को कोविद अन्तिम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०


१) विश्वमा बुद्ध धर्म - ३५ अंक, १४ घण्टा पेज २

२) महास्मृतिप्रस्थान सूत्र - ३० अंक, १० घण्टा पेज ४३

३) बुद्ध र बुद्धवाद - ३५ अंक, ११ घण्टा पेज १४३


Dhamma.Digital


संकलन

**भिक्षु निग्रोध स्थविर**




Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

### (कक्षा १०, पंचम पत्र)

(प.स.पा. को कोविद अन्तिम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

१) विश्वमा बुद्ध धर्म - ३५ अंक, १४ घण्टा पेज २

लेखक : भिक्षु सुदर्शन महास्थविर

नेपाली अनुवादक: धर्मरत्न शाक्य, त्रिशुली

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# अमेरिकामा बुद्धधर्म

अमेरिकामा बुद्धधर्म विषयमा विचार गर्दा दुई अध्यायमा विभाजित गर्न निकै उपयोगी सम्झन्छु । पहिलो अध्यायबाट हामीलाई अन्वेषणात्मक तथ्यको ज्ञान दिन्छ । पछिको अध्यायबाट आधुनिक समयमा अमेरिकामा मानिसहरुको हृदयमा भएको बुद्धधर्मप्रतिको आदर र प्रेमभावको कुरा बुझाई दिन्छ ।

अमेरिकामा बुद्धधर्मको इतिहासको आफ्नै विशेषता छ । यहाँको बुद्धधर्मको इतिहास बुद्धको समयदेखि बुद्धधर्म प्रचार भएर अहिले सम्म बीचमा खण्डित नभैकन जीवित धर्म परम्परा प्रवाहित भएको नेपालको बुद्धधर्मको इतिहास जस्तो होइन, नत अशोकको धर्म दूत पठाउने काम अथवा त्यसको केही सदी केही वर्षपछि त्यस्तै धर्मदूत पठाउने कामले धर्म प्रचार भएदेखि अहिलेसम्म जीवित बौद्ध परम्परा प्रवाहित भएको बर्मा, श्रीलंका र थाइलैण्डको बुद्धधर्मको इतिहास जस्तो नै हो । अझ कुनै समयमा बौद्ध दर्शन र बौद्ध संस्कृतिको ढुकुटि जस्तो भएर पनि आज प्राय बौद्ध पद्धति र बौद्ध संस्कृतिको परम्परा केही पनि नभएको भन्न सकिने अफगानिस्तानको बुद्धधर्मको इतिहास जस्तो पनि होइन, नत कुनै समयमा प्रचूर मात्रामा र प्रसस्त मात्रामा बौद्ध संस्कृतिको प्रभाव भएर पनि आज मात्र स्थबिरवादको केहि प्रचार प्रसार पुनः भैरहेको इन्दोनेसियाको बुद्धधर्मको इतिहास जस्तो नै हो । प्राचीन कालमा नै बुद्धधर्म एक पटक पुगेर पनि बीचको समयमा बुद्धधर्मको चर्चा नै नभएको आज सम्पूर्ण प्राय बौद्धनिकायको स्वतन्त्र र स्वच्छन्द रुपले विकास भैरहेको अमेरिकाको बुद्धधर्मको इतिहास रमाईलो र घटलाग्दो छ ।

अमेरिकाको बुद्धधर्मको इतिहास त्यसै आश गर्नु नै मुस्किल पर्ने किसिमबाट पुरानो छ । १४९२ ईस्वीमा कोलम्बसको प्रयत्नले मात्र पत्ता लागेको सम्झनेहरुका लागि यो आश्चार्य लाग्दो कुरा पनि हो । स्व. आचार्य महाबीरप्रसाद द्वीवेदी जस्ता अन्वेषकहरुले भन्नु भयो ईसाको पाँचौ शताब्दी तिर नै एशिया माइनर जस्तो देशमा बुद्धधर्म प्रचार गर्दै काबुल, चीन र जापानका बौद्धहरुले मैक्सिको राज्यमा गएर बुद्धधर्मको प्रचार गरेका थिए । बौद्धहरु उत्तरी चीनको बाटोबाट गएर अलास्का पुगेर त्यहाँदेखि समुद्रको तिरै तिर अघि बढेर तिनीहरु मैक्सिको पुग्नगये । तिनीहरुको यस अतीत इतिहासको कतिपय प्रमाणहरु स्पेनिशहरुले नष्ट गर्दा पनि ती समुद्रको किनार किनारमा रहेका प्रदेशमा सबैतिर बाँकि रहेको सभ्यताले त्यो इतिहास खोतली रहेकै छन् । अझ सबभन्दा पहिले अमेरिका पत्तालगाउने वास्तवमा बौद्धहरु नै हुन् । यसको निम्ति मैक्सिकोमा भेत्ताइएको बौद्धयुगको शीलामय मूर्ति कला र भवन निर्माणकला यसको विश्वस्त प्रमाण हो ।

यहाँ बौद्धमन्दिर, दीर्घपरिच्छेद धारी बौद्ध पुरोहित र नानाप्रकारका बुद्धमूर्ति कम प्राप्त भएका छैनन् । ग्वाटेमाला नै वास्तवमा गौतमालयको अपभ्रंश हो । मैक्सिकोको पाव भन्ने ठाउँमा भेट्टाइएको बुद्धमूर्तिलाई शाकोमल भनि लेखिराखेको छ । यो शाक्यमानिको नै अर्को रुप हो । अनि त्यहाँ पाइएको शिलालेखले पनि मैक्सिको निवासीहरु बुद्धधर्मावलम्बी हुन् भनि जान्न सकिन्छ । अहिलेसम्म मैक्सिकोवासीहरुले आफ्नो पुरोहितलाई देशाक्का अथवा



Downloaded from http://dhamma.digital/

शाक्कापुरुष भनि रहेका छन् । यो बौद्धभिक्षुहरुको संस्कार संग सम्बन्धित शब्द शाक्यपुरुषको रुपान्तर मात्र हो । यहाँको एकजना पुरोहितको नाम कोकोरसाक्का भन्छन् । यो पनि गौतम शाक्यको बिग्रेको शब्दरुप हुनु पर्छ । चिनियाँ भाषामा पाइएको वृतान्त अनुसार पाँचजना भिक्षुहरुले फुसांग देशमा गएर धर्म प्रचार गर्‍यो । स्वयं भिक्षु हुइसेन (इयसेन) ४९९ ई.मा फुसांगबाट चीन पुगे । फुसांग देश चीनबाट २०००० ली अर्थात् ६५०० मील टाढा पर्छ । यो समुद्रले घेरिएको दशहजार ली चौडाई भएको देश हो । वास्तवमा रुखको नाउँले नै हुइसेनले देशको परिचय दिएको थियो । रुखको वर्णनको साम्यभावले फुसांग त्यहि त्यहि रुख भनि भन्छन् । जसलाई मैक्सिकोवासीहरुले आज भोलि अगेवी भन्छन् । हुइसेनले यहाँ जुन जुन चाँदी र तामाको वर्णन गर्‍यो त्यो कोलम्बसले स्पेनमा लग्यो । यसको अतिरिक्त प्राचीन कालमा एक श्वेतकाय दीर्घ परिच्छेदधारी महापुरुष मैक्सिकोमा आएको कुरा मैक्सिकोवासीहरुले स्वयं स्वीकार गरेको छ । उनी महापुरुष हुइशापे हुन् । हुइशापे वास्तवमा हुइसेन नै हुनुपर्छ । पाँचजना भिक्षुहरु फुसांगमा गएर धर्मप्रचार गरेको बाटोको बारेमा कसैले रुसको उत्तरिभाग कामाटकास्का भएर पैसिफिक महासागर नाघेर अलास्का बाट मैक्सिको पुग्न गएको भन्छन् । जे होस मैक्सिकोमा पुगेको त्यो बौद्धसंस्कृति र सभ्यता कहाँ कसरी गएर बीचमा टुक्रियो (रोकियो) आजसम्म अन्वेषणको नै विषय छ, यद्यपि अमेरिकाजस्तो वैज्ञानिक प्रक्रिया भएको देशले यस विषयमा प्रयत्न गरेको खण्डमा पुरागर्न नसकिने काम होइन ।

अब दाश्रो अध्यायमा विचार गरौं । वर्तकमान युगमा पनि अमेरिकाका मानिसहरुको बुद्धधर्मप्रति आदर र प्रेमभाव जागरण भएको शय वर्ष नाघिसकेको छ । येल विश्वविद्यालयबाट १८५४ ईस्वीदेखि बुद्धधर्मको विषयमा अध्ययन अध्यापनको व्यवस्था गरिसकेको देखिन्छ । उन्नाइसौं शताब्दीको समयमा हेनरि क्लाकले वारेन जस्ता बचपन देखि नै शारीरिक वेदनाले दुखि भएकाहरुलाई बुद्धधर्मबाट शान्ति सान्त्वना दियो । वारेन बचपन देखि नै पिठयुँमा घाउ भएको नामी उच्चकुलको एक व्यक्ति थियो । उसले संस्कृत र पालीग्रन्थको गहन अध्ययन गरेर बुद्धधर्ममा अधिकार प्राप्त गनु भयो । निकै नै पालीग्रन्थ अंग्रेजिमा अनुवाद गरी दियो । अमेरिकी जनताले मूल ग्रन्थको ज्ञान लिन सक्यो । यिनले नै हार्वर्ड विश्वविद्यालयमा ओरियण्टल सिरिज (हार्वर्ड पुर्वीय श्रृंखला) को कार्य प्रारम्भ गर्नु भयो । यो सिरिज भित्र बुद्धधर्म सम्बन्धि निकै ग्रन्थ निस्के । अनि बुद्धधर्म अध्ययन गर्ने ठूलो काम पनि यही विभागबाट सम्भव भयो ।

१८५५ ईस्वीमा अमेरिकाका एक प्रसिद्ध लेखक हेनरि दाविद थोरेडलाई इंगलैण्डका आफ्ना साथीहरुको तर्फबाट प्राप्त भएको प्राचीन साहित्यका ग्रन्थहरुको साथै बरनफ (BURNOUF) लिखित बुद्धधर्मका पुस्तक एउटा (LOTUS DELABONNE LOI) हातमा पर्दा वहाँ यति खुसि हुनु भयो, मानो एक अमूल्य निधि नै वहाँको हात पर्‍यो । यसबाट पनि स्पष्ट गर्छ, उन्नाइसौं शताब्दीको आधिपछि सम्म अमेरिकामा बौद्धसाहित्य राम्रैसंग सुलभ भएको थिएन भनेर ।



Downloaded from http://dhamma.digital/

अमेरिकी  जनतालाई पहिले पहिले त बुद्धप्रति श्रद्धालु वा बुद्धधर्म परिपालन गर्नेहरुको हातबाट निर्माण गरिराखेको शान्ति र प्रेमभावले ओत प्रोत भएको उच्चस्तरको कलात्मक विशिष्टताले नै बुद्धधर्मप्रति आकर्षित गरेको थियो । १८७८ ईस्वीमा बोष्टनका एक शिक्षक फेतोलासाले जापानमा गएर त्यहाँको बौद्धकलाको अध्ययन गऱ्यो फेरि स्वयलें बौद्धजीवन पनि बितायो ।

यसपछि चाँडै नै अमेरिकामा आध्यात्मिक चिन्तन मननतिर अभिरुचि बढ्नथाल्यो । १८९३ ईस्वीमा शिकागोमा अन्तराष्ट्रिय धर्म सम्मेलन भयो । यो सम्मेलनमा धेरै नै देशका अनेक धर्मालम्बीहरुले भाग लिए । एसिया, यूरोप र अमेरिकादि विश्वका अनेक देशहरु धर्मको माध्यमबाट एउटै मञ्चमा उभिएर शान्ति र प्रगतिको निम्ति विचार आदान प्रदान गर्न, आवश्यक समान हितपूर्ण आफ्नो क्षेत्रबाट मद्दत गर्न यो सम्मेलनले एउटा सजिलो बाटो देखियो, मार्ग दर्शन गऱ्यो ।

यो सम्मेलनमा "गोसपेल अफ् द बुद्ध" पुस्तकका लेखक डा. पौलकरस र सर एडबिन अरनोल को "द टेलेग्राफ्" पत्रिकामा प्रकाशित बुद्धगया सम्बन्धि रचनाले उत्तेजित भएर आफूलाई बुद्धधर्ममा समर्पित गरी निस्केका एक सिंहली युवक धर्मपालले पनि भाग लिएको थियो । यो सम्मेलनले यी दुई व्यक्तिलाई मिलाउने (भेट्टाउने) जुन काम भयो त्यसबाट एशिया र अमेरिका बीच बलियो एउटा मित्रता नै गाँसी दियो भने पनि हुन्छ । डा. पौलकरसको निमन्त्रणमा दोश्रो पटक अमेरिकाको यात्रा गरेर अनागारिक धर्मपालले झण्डै एक वर्ष जति बुद्धधर्मको विषयमा प्रवचन दियो । यतिबेला नै अमेरिकामा अमेरिकन महाबोधि सोसाइटीको स्थापना पनि भयो । अनि धेरै नै अमेरिकनहरु बुद्धधर्ममा दिक्षित भए । यसपछि १९०२ ईस्वीको यात्रामा अनागारिक धर्मपाललाई होनोलुलुको मिसेज मेरि इ.फोष्टरले जुन आर्थिक मद्दत गर्नुभयो, त्यसबाट भारतीय महाबोधि सोसाइटीको त्यो शिलान्याश गरिदियो, जसको आधारशीलामा आजसम्म यो सोसाइटी खडा भै बुद्धधर्मको प्रचार प्रसारमा संलग्न छ ।

अमेरिकी कांग्रेसले कुनै एक अनुष्ठान वा धर्मको सम्मान अथवा धार्मिक स्वतन्त्रताको विरुद्धमा कुनै कानून बनाउँदै भन्ने संवैधानिक ग्यारेण्टिमा अयमेरिकामा भएका २५० वटा विभिन्न धार्मिक संगठनमा दर्जनौं बौद्धसंगठन पनि छन् । यिनमा वासिंगटनस्थित

बुद्धिष्ट सेन्टर अफ द यू.एस.ए., शिकागोस्थित अमेरिकन बुद्धिष्ट एसोसियशन, क्यालिफोर्नियास्थित युनिभर्सल बुद्धिष्ट फेलोशिप, हिंगासी होंगोजी मिशन, होम अफ द धम्म, बुद्धिष्ट चर्च अफ् अमेरिका, वर्कलेप बुद्धिष्ट चर्च सडीसेन्ट्, नेओ धम्म र जेन बुद्धिष्ट स्टडि ग्रूप, भर्जिनियास्थित वासिंगटन फ्रेण्ड्स अफ् बुद्धिष्ट, हवाईस्थित डाइमोन संघ, न्यूजर्सेस्थित बुद्धिष्ट वे र लामाइष्ट बुद्धिष्ट मोनस्टरि, मिसोउरिस्थित बुद्धिष्ट फेलोसिप, पेनसिल भानियास्थित द गोल्डेन लट्स, न्यूयार्कस्थित द फस्ट जेन इन्टिच्यूट र अमेरिकन बुद्धिष्ट एकेडेमी, आरिजोन (कोलोरोडो) स्थित बुद्धिष्ट सोसाइटी अफ् देनभर, टेक्सास् ( हुस्टन) स्थित बुद्धिष्ट स्टडी ग्रूप, क्याम्ब्रिजस्थित क्याम्ब्रिज बुद्धिष्ट सोसाइटी विशेष उल्लेखनीय छ । यी सबै बौद्ध संस्थाहरुमा विभिन्न निकायको उन्नति र प्रगति भैरहेको छ ।



Downloaded from http://dhamma.digital/

फेरि अमेरिकन बुद्धिष्ट एकेडेमी जस्ता धेरैवटा संगठनले कुनै यानलाई स्वीकार नगरिकन एक यान भन्ने मार्गमा लागिरहेका छन् । फेरि यी सबै संस्थाका सक्रिय सदस्यहरुको गणना गर्ने हो भने यिनीहरु एकलाख भन्दा बढी छन् । यसको अतिरिक्त जापानी बौद्धधर्मको सिंग, होगानजी, जेन, दोदो, निचिरेन आदि ५० भन्दा बढी बौद्धसंगठन वा विहारको धर्मपालन र प्रचार प्रसार अलग्गै छन् ।

वासिंगटन फ्रेण्डस अफ बुद्धिष्ट भन्ने संगठनले बुद्धधर्मको विषयमा बरोबर सम्मेलन गर्छन् । धेरैले यो संगठनधित्र रहेर उच्च नैतिकता प्राप्त गर्न अष्टांगिक मार्गको अनुकरण गर्न बल प्राप्त गरेका छन् । सान्फ्रान्सिस्कोका मानिसहरुको श्रद्धा बलले युनिभर्सल चर्च भन्ने राम्रो विहारको निर्माण  भयो । १९८३ मा विधिवत् उद्घाटन भएको यस विहारको युनिभर्सल बौद्ध संगठन आज भोलि निकै सक्रिय छन् ।

श्रीफ्रिफ्टोनले १९५३ ईस्वीमा बनाएको संगठनबाट निस्केको गोल्डेन् लट्स् पत्रिकाले बुद्धधर्मको प्रचारमा ठूलो भमिका खेलिरहेको छ । विशोप शाक्य कांयो र निचिरेन बौद्ध विहारले तिब्बती बौद्धशरणर्थीहरुलाई निकै मद्दत गऱ्यो । एकजना स्वयं शरणर्थी भिक्षु घिसे वाँगेल्ले उपदेश मात्र दिएर धन संग्रह गर्दै एउटा बौद्ध स्तूप नै बनाइदियो ।

आज अमेरिकामा १,७०,००० भन्दा बौद्धहरु छन् । संसारका सम्पूर्ण जनताका ज्ञान र धर्मको विचारले परिचित हरन आवश्यक छ भन्ने सिद्धान्तमा प्रबद्ध समाज सम्बन्धी अमेरिकी परिषद्ले बुद्धधर्मको अध्ययनमा प्रगति ल्याउन निकै अमेरिकि र क्यानाडियन विश्वविद्यालयलाई अनुदान दिएको छ । अमेरिकामा ४०० भन्दा बढी कलेज र विश्वविद्यालयमा बौद्ध विषय आफ्नो पाठ्यक्रम सिकाउन विद्वान प्राध्यापकहरु पनि प्रसस्त छन् । जुन ठूला ठूला विश्वविद्यालयमा बुद्धधर्म र दर्शन विषय मात्र होइन संस्कृत र पालीभाषा त्यस्तै बौद्धकला र इतिहास विषयमा पनि शिक्षादिने व्यवस्था भैरहेको छ । १९६१ ईस्वीमा विसकोसिनको विश्वविद्यालयले बौद्ध विक्षयमा पि.एच्.डी. को व्यवस्था गऱ्यो । वासिंगटन डी.सी.स्थित स्थविरवादी बौद्ध विहारले पनि राम्रोसंग बुद्धधर्म प्रचार गरिरहेको छ ।

धन सम्पत्तिले सम्पन्न, विज्ञानको विकासले सबभन्दा पहिले चन्द्र धरातलमा पाईला टेक्न देश अयमेरिकाले आफ्नो ग्वाटेमालाकालीन बुद्धधर्मको गौरवमय परम्परामा सम्बन्ध राखेर बुद्धधर्मको सम्यक अनुकरण गर्ने प्रयत्न गरेको खण्डमा निसन्देह परमाण्विक शक्तिले संसार विनष्ट हुनुबाट बच्ने वा बचाउन सक्ने मात्र होइन विपुल धनराशी अनावश्यक ठाउँमा खर्च हुनुबाट बचेर मानवमात्रको भोक, प्यास, अशिक्षा, अज्ञान, रोग, दुःख निवारण गर्न पनि खर्च गर्न सकिने छ । वास्तवमा आज समस्त धर्मले आवश्यक थानेको पनि संसारबाट आणविक युद्ध कहिल्यै हुन नदिने अनि संसारका सबै प्राणीहरु भैतिक दृष्टि र आध्यात्मिक दृष्टिबाट सुखि र समृद्ध गर्नु नै हो ।

(प्रस्तुत रचना स्व. आचार्य हजारिप्रसाद द्वीबेदीद्वारा लिखित “बौद्धौंद्वारा अयमेरिकाका अन्वेशण” धर्मदूत १३/७ अथवा “बौद्धपिनिपाखें अयमेरिकाया अन्वेषण” बैशाख पूर्णिमा



Downloaded from http://dhamma.digital/

१५११ बुद्ध जयन्ती, “विश्वव्यापी बुद्धधर्म” धर्म दूत १४/२, सहायक अमेरिकी राजदूत श्रीह्यारीवर्न्स द्वारा लिखित “अमेरिकी राजदूत क्यारोल सी लेस ले दिनुभएको २५१३ बुद्धजयन्ती र २५१४ बुद्धजयन्तीको भाषण, 2500 Years या Buddhism, Delhi, /W F B को News bulletin, 2507 र 2509 श्रीकृष्णमान मानन्धरले लेख्नुभएको “Buddhism in America, The Motherland" 27 May 1964, अमेरिकन बुद्धिष्ट एकेडेमी , महाबोधि ७७/३ को आधारमा अनुदित र सम्पादित गरिएको हो । सम्पादक)

## जर्मनमा बुद्धधर्म

विश्वयुद्धको समयमा जर्मन जुन रुपमा देखिने हो ठीक त्यसको विपरीत रुपमा जर्मनको बुद्धधर्म पढेपछि बुद्धधर्मको पृष्ठभूमिमा जर्मनलाई देख्न सकिन्छ । राज्य विस्तार र यद्ध पिपाशामा जर्मन कति कुन समयमा अघि बढ्यो उति नै जर्मन शान्ति र भातृत्वप्रेमी जनता भएको देश पनि हो । महान विचारक सोपानहार (ArthurSchopenhauer) ले पश्चिमि जगतमा १८१८ ईस्वीमा नै बुद्धको शान्ति सन्देश भित्रयाई दिएको थियो । “इच्छा र विचार अनुसार अनुसारको संसार” Die: Welt Als Wille Und Vorstellung पुस्तकबाट १८८० ईस्वीमा जर्मनमा धम्मपदको अनुवाद अलवर्ट वेवर बाट भयो । हरमन ओल्डेनवर्ग पहिलो त्यो जर्मनी विद्वान हो, जसले बुद्धको जीवनी र उनको उपदेश तथा अनुशासन सम्बन्धी पुस्तकमा बुद्धलाई एउटा कल्पित आदर्श पुरुष धारण गरिराखेको भ्रमधारणा पश्चिम बौद्धिक जगतबाट मेटाएर बुद्ध एउटा ऐतिहासिक मानव हामी जस्तै धरतिमा टेकेर तथा हिँडेर विचरण गर्ने महापुरुष हुनुहुन्छ भन्ने बुझाई दियो । उनको यो पुस्तकको चौधौं संस्करण भयो । साथै उहाँले विद्वानहरुको ध्यान पालिभाषामा भएको अमूल्य निधितर्फ आकर्षित गरिदिए । वहाँको अनुवाद दीपवंश १८७८ र विनयपिटकको पाँचभाग (१८७९-८३) यहाँ उल्लेखनिय छ । वहाँको पुस्तकबाट प्रोफ़ेसर टि.डब्ल्यू.रीस डाबिडस (Prof. T. W. Rhys Davids) लाई लंडनमा पालि टेक्स सोसाइटी जस्ता संस्था स्थापित गर्न प्रेरित गर्‍यो । १८६९ मा नै तारानाथको बुद्धधर्मको इतिहास “हिस्टोरि अफ् बुद्धिज्म” ए. सीपकरबाट अनुदित भयो ।

यसरी बौद्धिक जागरण रुपमा जर्मनमा बुद्धधर्मको इतिहास एघारौं शताब्दीमा शुरु भए पनि धेरै विद्वानहरुको सहमति बीसौं शताब्दीदेखि जर्मनमा बुद्धधर्मको इतिहास शुरु भयो भन्ने पक्षमा छन् । शायद् यसको कारण चर्या पालन अनुसार अथवा विनय विहित संस्कार अनुसार जर्मनमा बौद्धहरु बीसौं शताब्दीदेखि शुरु भएकोले हुनु पदर्छ । १९०० ईस्वीमा बुद्धधर्मको विकासमा र बुद्धधर्मको परिपालनमा आफूलाई समर्पित गर्ने डा. ढाल्के श्रीलंकामा पुगेर हिकडुवे श्री सुमङ्गल नायक थेरसंग बुद्धधर्म सिकेर बसेका थिए । उनले बलाने धर्मानन्द नायक थेरसंग पनि पालि र धर्म पढ्नुभयो । १९०३ ईस्वीमा जर्मनका आचार्य बुद्धघोष अुने अण्टोनगीठले बाजजबडेनबाट आएर श्रीलंकामा प्रब्रज्या संस्कार ग्रहण गरे । फेरि १९०४ मा भिक्षु ञाणातिलोक हुनुभयो । उता १९०३ ईस्वीमा नै कार्ल सेदनलुचेरबाट जर्मनभूमिमा विधिवत् पहिलो बौद्धसंगठन (Deutscher Buddhistischey Mission Verein) स्थापना भयो । यसपछि विभिन्न ठाउँमा विभिन्न विद्वान र साधकहरुबाट शान्ति दिने श्रोतको रुपमा बुद्धधर्मको अनवेषण गरियो । पुस्तकहरुको प्रचार भयो । शीलको विशेषत:



Downloaded from http://dhamma.digital/

भावनाको जर्मन भूमिमा पालन गर्ने भयो । दि बुद्धिष्ट मासिक पत्रिका र दि जर्मन पालि सोसाईटी १९०९ मा स्थापित भयो । यो प्रवाह विश्वयुद्धको प्रवाह नआउञ्जेल सम्ममा विद्वानहरुको बीचमा र सर्व साधारण मानिसहरुको बीचमा प्रवाहित हुँदैगयो । यर्थाथमा भन्ने हो भने विश्वयुद्धको संस्कार र गतिविधिनआएको भए आज जर्मनमा बुद्धधर्मको इतिहास नै अर्को किसिमको हुन्थ्यो । त्यसकारण जर्मनमा बुद्धधर्मको यो इतिहास पढ्नु अघि व्यक्ति विशेष र संस्था विशेषको प्रयास खोजी गर्नु उचित सम्झन्छु ।

पहिले डा. ढाल्केलाई नै सम्झौं । डाक्टरी कामबाट प्रशस्त धन जम्मा गरिसके पछि संसार घुम्न जाने डा.ढाल्केले श्रीलंकामा बौद्ध उपासक भएर पछि भिक्षु बन्ने इच्छा गरे । परन्तु स्वास्थ्यले गर्दा उनको प्रव्रजित हुने इच्छा पूर्ण हुन सकेन । अन्यथा जर्मनको पहिलो भिक्षु ञाणातिलोक नभई उनी नै हुने थियो । आफ्नो देशमा फर्केपछि आफू भिक्षु बन्न नपाए पनि उनले बर्लिन फोनङको आफ्नो घरलाई १९२४ मा बौद्ध गृह (Buddhistisches Haus) बनाई दिनुभयो । यो बौद्धगृह सम्पूर्ण बौद्धहरुको महिनाको दुई पटक भेलाहुने ठाउँ मात्र होइन बाहिरबाट आएका सम्पूर्ण अतिथिहरु विहार वा धर्मशाला जस्तै बास बस्ने ठाउँ पनि हो । बौद्धगृह साँच्चैको कलात्मक रुपमा बनाएको ७५ एकड भूमि भित्रको ढोकादेखि भरेङसम्म पनि प्रतिकात्मक बौद्ध संस्कृति अनुरुपको घर थियो । घरको आठ खुडकिलोले अष्टांग मार्ग, बाऱ्ह खुड्किलोले द्वादशांग प्रतित्यसमुत्पाद मात्र सम्झाईदिने होइन बालुवाको कृतिम पहाडमा भित्रको साना साना कोठाले समथ भावना गर्नेलाई पनि बोलाई रहन्छ । अनि माझको ठूलो कोठाले बुद्धको दर्शन दिन्छ । डा. ढाल्केले स्वयं आफूलाई बौद्ध उपासक त तुल्याएकै छ, साथै बोद्ध आचरण पालन गर्ने पनि तुल्याई राखेको छ । उता उनले १. बौद्ध प्रबन्ध संग्रह, २. बुद्धधर्म र विज्ञान, बुद्धधर्म विज्ञान र नैतिकदर्शन, ३. मानव जीवनको मानसिक शान्तिको निम्ति बुद्धधर्म जस्ता मौलिक पुस्तकहरु लेखि फेरि मज्झिमनिकाय, दीघनिकाय, धम्मपद, जातक, सुत्तपिटकका साराशं, बुद्धजीवनीको अनुवाद गरी बौद्धिक क्षेत्रमा पनि बुद्धधर्मबाट हलचल ल्याई दियो ।बुद्धजयन्ती मनाइयो । डा. ढाल्केको यो पुण्य प्रयास जीवन भर १९२८ सम्म कायम रहयो । यसरी डा. ढाल्के चिन्तन र मननमा शोपानहार अनि कार्यक्षेत्रमा जर्मनका अनागारिक धर्मपाल थिए ।

जर्मनमा बुद्धधर्मको स्वयं एक पृष्ठ जस्ता अर्को व्यक्ति हुन् पहिलो जर्मन भिक्षु ञाणातिलोक महास्थविर । १९०३ ईस्वीमा प्रब्रजित, १९०४मा उपसम्पन्न हुनुभएका उनी महास्थविरले तीनवर्ष भित्रैमा बुद्धधर्मको अध्ययनमा आफ्नो विशिष्ट प्रतिभा देखाउनु भएको थियो । १९०६ ईस्वीमा त्रिपिटककै शब्द छानी छानी माला उनेर एउटा त्यस्तो पुस्तक वहाँले निर्माण गर्नुभयो त्यो त्रिपिटकमा कुनै विशेष नामबाट समाविष्ठ पुस्तक नभैकन पनि त्रिपिटककै शब्द मात्र समावेश भएको पुस्तक भएर त्रिपिटककै एक अंश जस्तै बौद्ध जगतले मनपरायो । त्यो पुस्तक हो बुद्धवचन । मात्र मूल त्रिपिटककै शब्दबाट आर्यसत्य र आर्य अष्टांगमार्गको विश्लेषण गरिएको यो पुस्तक १९०७ ईस्वीमा अंग्रेजी भाषामा पनि प्रकाशित भयो । यसको तुरुन्त नै एक पछि अर्को संस्करण भए । आज सम्ममा दशौं संस्करण यो पुस्तकको भैसकेका छन् । यो पुस्तक फ्रेञ्च, चेक, फिनिस, जापानी, हिन्दी र बंगालीमा अनुवादभैसकेको छ । नेपालमानेपालीमा पनि अनुदित भएर निस्क्यो । यस पुस्तकको सिर्फ पालि मात्र संग्रह “सच्च संगहो” नामले सिंहली लिपि र देवनागरि लिपिमा प्रकाशित भएको छ । उनको जर्मन भाषामा अनुदित मिलिन्दप्रश्न (१९२४) र विशुद्धिमार्ग (१९३८) अंगुत्तर निकायले जर्मनमा ठूलो लोकप्रियता पनि प्राप्त गऱ्यो । उहाँले पालि बुद्धधर्मको अध्ययन अध्यापन



Downloaded from http://dhamma.digital/

गर्नेलाई मद्दत पुऱ्याउन पालि शब्दकोष र जर्मन पालि व्याकरण पनि लेख्नुभयो । दक्षिण लंकामा वहाँले संस्थापना गर्नु भएको पोलगासडुवामा पन्ध्रभन्दा बढी जर्मन भिक्षुहरुलाई शिक्षा दिक्षा र धर्मप्रचारको प्रशिक्षण प्राप्त भैसकेका छन् । यी भिक्षुहरुमा सतिपट्ठान र ध्यान पद्धतिको अनुवाद तथा लेखक भिक्षु ञाणपुर्णिक विशेष उल्लेखनीय छ ।श्रीलंकालाई आफ्नो आध्यात्मिक कर्म भूमि तुल्याई पचास वर्षदेखि श्रीलंकामा बस्नु भएका भिक्षु ञाणातिलोक महास्थविरले ठीक भन्नुभयो- “मैले आफ्नो देशवासीहरुलाई धर्मको शान्ति संदेश दिएर सेवा गरिरहेको छु ।” निसन्देह वहाँको यो सेवा जर्मनमा बुद्धधर्मको इतिहासको अभिन्न अंग भैसकेको छ । साथै धेरै भाषामा वहाँको कृत्ति अनुदित भएको हुँदा वहाँले अरु अरु देशको निम्ति पनि ठूलो देन दिनु भएको छ ।

जर्मनी विद्वाहरुको शान्ति सदाचार प्रेमले पालि र संस्कृत बौद्धग्रन्थ निर्माण र अनुवादमा झन झन प्रगति ल्यायो । यस्ता विद्वाहरुमा प्रो. जिंगर (Prof. Geiger), लूडर (Luders), बोन ग्लासेप (Von Glasenpp), एफ्. वेलर (F. Weller), एफ.ओटो सरोदर (F. Otto Sehroder), नोबेल (Nober), वालसर (Wallser), (Waldschmdt),K.E.Ncumann), सेइडेन स्टुकर (Seiden Stuker), इ.ओ.फ्रांकी (E.O.Francke) जर्मन भिक्षु ज्ञानपुर्णिक र कर्ट स्मिट (Kurt Schmidt) को नाम उल्लेखनीय छ । साथै दीघनिकाय, मज्झिमनिकाय, सुत्तनिपात, थेरगाथा, र धम्मपदका जर्मनी अनुवादक डा. कार्ल युगन (Dr. Karl Eugen) लाई पनि बिर्सन सकिदैन । बौद्धग्रन्थको पठन पाठनबाट जर्मन विश्वविद्यालयमा पनि ठूलो प्रभाव पारेको छ । दर्जनौं विश्वविद्यालयमा बुद्धधर्म पढ्ने पढाउने काम भयो । हजारौं ग्राहक भएको बुद्धधर्म सम्बन्धि पत्रिकाहरु (जस्तै Indische Welt) प्रकाशित भयो ।विहार बनाएर, चैत्य बनाएर, स्तोत्र पाठ गर्ने वा पाठ गर्नेको रुपमा बौद्धहरु नभए पनि आफ्नो दैनिक आचार विचारमा बौद्धत्व ल्याउने बुद्धधर्मको काम कुरामा अघिसर्ने मानिसहरु हजारौं भए ।समस्यामूलक जीवनसंगै व्यावहारिक सम्बन्ध भएर स्थविरवाद बुद्धधर्म जर्मनमा तीनखण्डको दुईखण्ड विकास भयो । त्यसो भनेर महायान बुद्धधर्म मात्र यहाँ आफ्नो तरिकाले विकास नभएको होइन । यसको मूल प्रतिनिधित्व जर्मन लामा ए. गोविन्दले गरी रहेको छ ।

जर्मनको बुद्धधर्ममा आइरहेको यो उत्साहलाई युद्धको रक्तपिपाशु योजनाले चूर्ण विचूर्ण पाऱ्यो । १९४१ ईस्वीमा बौद्ध प्रकाशन र बौद्ध संगठनलाई समेत सरकारले निरोध गऱ्यो । शान्तिको प्रयास र आकांक्षालाई दबाएर नाजी सरकारले मानिसको हृदयमा युद्धको उत्तेजनाको आगो दन्काई दियो । डा. ढाल्केको सचिव कुर्ट फिसर (Kurt Fischer)लाईगेस्टापो (Gestapo) को सनम आयो । फेरि कुर्ट फिसरले यो संसारनै छोडी गयो । ढाल्केको बौद्धगृहमा समेत शस्त्रास्त्र राख्न लगायो । झण्डै आधी शताब्दीसम्म शान्तिको आशाले हुर्कदै गएको धर्मको वृक्ष पात र हाँगाविंगा समेत नरहने गरी हिटलर सरकारले ढाली दियो । पुस्तकहरु जलाइदियो । परन्तु यो सबैलाई विदित छ, कसैले कसैलाई मार्नु वा मराउन सक्दैन, हृदयमा रहेको कुनै कुरा बल जफटि निकाल्न सकिदैन । यो युद्धको उत्तेजनामा पनि कठोर नियन्त्रण समसामयिक रुपको रक्तपिपाशुले भरिएको प्रचार प्रसारमा पनि कति मानिसहरुले आफ्नो शान्ति प्रेम हराउन दिएन, पुस्तक लुकाउने काममा तिनीहरुलाई कसैले छेक्न सकिएन । शान्तिप्रेमी मानिसहरु कुनै न कुनै तरिकाबाट बाँचीरहे, जुटिरहे ।



Downloaded from http://dhamma.digital/

१९४६ मा दोश्रो विश्वयुद्धको समाप्तिमा हमवर्ग, डा. हेमल्ट पामीको अध्यक्षतामा फेरि बौद्धसंगठन पुनर्गठन भयो । तुरुन्तै भिक्षु ञाणातिलोकको बुद्धवचन र विशुद्धिमार्ग प्रकाशित भयो । पछि भिक्षु ज्ञानपुर्णिकको सतिपट्ठान र अरु अरुपुस्तकहरु पनि प्रकाशित भयो ।

युद्ध पश्चात जर्मन स्वयं दुईटुक्रा भयो । तैपनि जर्मनको दुवै भागमा शान्तिको आकांक्षा युद्धपीडित हृदयमा पुनः हरियाली छाउँदैछ । पूर्वि जर्मनमा विश्वविद्यालयमा बौद्धदर्शनको पुनः अध्ययन अध्यापन भयो । हियर परसिनको नेतृत्वमा १९२२ मा बौद्ध नेताहरुको भेला भयो । पश्चिम जर्मनमा हमवर्ग बौद्धसंघमा शयौं बौद्धहरु भेला भएर धर्मको चर्चा गरे । युद्धको कटु अनुभवबाट प्रभावित भएका यस संगठनका अध्यक्ष डा. पामीले ज्ञान र चरित्र (Wissen und Wandel) पत्रिकाको सम्पादन गरिदिनुभयो । यो संगठनसंग बुद्धधर्मको प्रचार र प्रसार गर्न आफ्नै प्रेश छ । वहाँको बुद्धधर्म सम्बन्धी रुचिपूर्ण व्याख्यानले विश्वविद्यालयका छात्र छात्राहरुलाई निकै प्रभावित गर्‍यो । डा. वोन मेंगको नेतृत्वमा संगठित म्युनिकको बौद्धसंगठनले (Buddhistscher Gemeinde Deutschland) पनि एउटा बौद्धपत्रिका निकालेर दुईहजार भन्दा बढी पाठकहरुलाई बुद्धधर्म सम्बन्धी ज्ञान दिई राखेको छ । बौद्धसंगठनको सदस्यहरु पनि दुईहजार जति छन् । बर्लिनमा विभिन्न बौद्धसंगठनहरु छन् । फेरि सबै संगठन मिलेर बर्लिन बौद्धसमुदायको केन्द्रिय परिषद् गठन गर्‍यो । बर्लिन बौद्धहरुको साथी समूहसंग श्रीलंकाको धर्मदूत सोसाईटीको घनिष्ट धर्मदूत भिक्षुहरु पठाउने र प्रचारमा मद्दत गर्ने सम्बन्ध छ । वोसवर्गमा १९६२ मा ध्यानागार (Hausderstille) मा शान्ति चाहनेलाई जहिले पनि ढोका खोलियो । माइकेल मिडेनवर्ग को शब्दमा यो जर्मन बौद्धहरुको विकासको केन्द्रविन्दु स्थान हो । स्टलगर्तको बौद्धसमुदायका एक व्यक्ति श्रीलंकन ब्राण्डको घरमा रहेको बौद्धपुस्तकहरुको संकलन एउटा राम्रो बौद्ध पुस्तकालयहो ।ब्रमेन (Bermen) को सेभरलो मोर (SeverlohMohr) घर एउटा स्वयं विहार जस्तो छ भने वहाँको शील स्वभाव निकै नै शान्त दान्त छ । आफ्नो घरमा वहाँले बुद्धधर्मको क्लास लिईरहनु भएको छ । जर्मनमा एक एक व्यक्तिको प्रयास धेरै धेरै जनाको प्रयास बराबर गरी काम गर्ने श्रद्धालुहरु कम छैन । वोन विश्वविद्यालयको अवकाश प्राप्त प्राध्यापक डा. वारनर शमनको बौद्ध कलाकृत्तिको संग्रहले जर्मनको कलाकृत्तिको संग्रहालय भनाउनु सक्ने अधिकार लिएको छ । त्यसैले आज जर्मनमा पालि त्रिपिटकको जर्मन भाषामा पुरा अनुवाद भयो । अझ कुनै पिटकको कुनै पुस्तकको त धेरै धेरै प्रकारका अनुवादहरु छन् । आज जर्मनमा भएको २२ वटा भन्दा बढी बौद्ध संगठन र विहारमा गरी अन्दाजी २०,००० बौद्धहरु छन् । यो बीसहजार बौद्धको संख्या जर्मनमा बुद्धधर्मका निम्ति कम देखिन सक्छ परन्तु जर्मनका जनता लगनशील र प्रतिभावना भएको र एकेक व्यक्ति नै धेरैजना बराबर भएको हुनाले अझ विशेषतः बौद्ध भनेपछि बुद्धधर्म र संस्कृति प्रति केही गर्नुपर्छ भन्ने जागरुक हुने हुनाले यो बीसहजार बौद्धहरु पनि कम होइन । वास्तवमा कृयाशील बौद्धहरुको प्रयासले नै युद्धको प्रज्वलित हुन सकिने आगो शान्त हुन सक्ने भए बौद्ध जगतको सुगतको शान्ति सन्देशको शीतल छाँया मानवतालाई दिने प्रयत्नमा जर्मनी बौद्धहरुको प्रयासको मूल्य पनि कुनै प्रकारबाट कम होइन । नेपालमा सम्पन्न भएकी चौथौं विश्व बौद्ध सम्मेलनमा भिक्षु अनिरुद्धको नेतृत्वमा तीनजना जर्मन प्रतिनिधिले भाग लिएका थिए । सम्पूर्ण जर्मन बौद्ध श्वासले जर्मन बौद्ध संगठनका सचिव उपासक डब्लू. परसियन (W. Persian) को यो शब्दमा श्वास लिइराखेका छन्- "धर्मबन्धु हो । हामी सबै मिलेर संसारको सुख र शान्तिको निम्ति संघर्ष गरौं । सिंगै संसार प्रेमको भावले अभिभूत गरौं । समस्त प्रणीहरुलाई शान्ति हवोस् ।"



Downloaded from http://dhamma.digital/

(Buddhism in Germany by Dr. H. Ruete. Mahabodhi 54/11-12 र 71/7 Buddhismin Germany by Ashoka Weeraratna WFB News bulletin 2/1 र 3/1. Report of thethird Conference of WFB . Rangoon Buddhism in the Western World-PiyadassiThero, फेरि भदन्त आनन्द कौशल्यायनद्वारा लिखित “बुद्ध और उनकै अनुचर” पुस्तकको आधारमा सम्पादित)।

## पूर्वी युरोपमा बुद्धधर्म

बुद्धधर्म प्रचारको इतिहास पल्ताउँदा पूर्वी यूरोपमा बाल्टिक संयुक्तराज्यको तीनवटा देश हाम्रो अगाडी आउँछ। लाट्भिया (Latvia) लिथुअनिय (Lithuania) र एस्टोनिया (Estonia)।

लाट्भियनहरु लिथुअनियनहरु ५००० वर्षअगाडिदेखि बाल्टिक सागरको पूर्वी किनारमा बस्ने आर्य जातीका हुन् । एस्टोनियनहरु मात्र मंगोल जातीका फिटो युग्रिक हुन् । लाट्भियनहरु, लिथुअनियनहरु र एस्टोनियनहरु पहिलेदेखि नै बुद्धधर्म मानी आएका थिए । लाट्भियनहरु र लिथुअनियनहरुले प्रायबोल्ने भाषा संस्कृत भए पनि वैदिक संस्कृत धेरै व्यावहारिक भएको देखिन्छ। जुन शास्त्रीय संस्कृत भन्दा पनि धनि छन् र व्यापक छन् मेडितरानियनको सभ्य संसार र पूर्वको स्काइभियन सर्मेसियन जस्ता नी संसारको माझमा व्यापारको मुख्य अखाडा भइ गतिशील भैरहेको बाटो द्भिना (दउभागा) नदी किनारमा पर्छ । अनि दक्षिणको छिमेकी देशसंग व्यापारिक सम्बन्ध भएकोले लाट्भियन, लिथुअनियन र एस्टोनियनहरु निकै विकसित छ । पूर्वी बाल्टिकबाट प्राप्तहुने अम्बरको व्यापारले गर्दा यी देशहरु निकै धनी छन् । अम्बरको व्यापारले गर्दा नै पुराना पुराना ग्रन्थमा लाट्भियालाई “अम्बरको देश” भनि भनेका हुन् ।

लाट्भियन, लिथुअनियन र एस्टोनियनहरुको देशमा रामवास भन्ने देवस्थलहरु धेरै छन् ।यहाँ अग्ला अग्ला देवदार बृक्षहरु पनि बोधिबृक्ष नै मानिन्छन् । एस्टोनियन, लाट्भियन र लिथुअनियनहरुको लोकगीत र लोककथामा कर्मको उल्लेख भएको देखिन्छ । तिनहिरुले जीवनको सुख दुःख पुनर्जन्म कर्मकै विपाक हो भनि विश्वास गर्छन् ।

लीलवर्ड वंशका लाकप्लेसिस (राजकुमार) उनीसंग कालेब र निन्दाको छोरा वीर कालेबी योगको बारेमा लेखिराखेको एस्टोनियाका राष्ट्रीय ग्रन्थमा बुद्धधर्मको राम्रोसंग उल्लेख भैराखेको देखिन्छ । लाकप्लेसिस भनेको लाट्भियन ग्रन्थको तेश्रो श्रेणीमा वर्णन गरिराखेको उत्तरी लाट्भियाको वर्टनिक दरबारमा संकलन भएको सूत्रहरुले बुद्ध तथागतहरुको धर्मको ठोस व्याख्याको प्रतिनिधित्व गर्छ ।

त्यहाँ एउटा सानो विश्वास के भने भारतका सम्राट अशोकले प्यालेस्टाइन्, मिश्र, माक्दोनिया तर्फ बुद्धशासनको धर्मदूतहरु (बौद्ध मिसन) करीब २५० ईस्वी सम्वत् अगाडी प्रचार गर्न पठाउँदा तिनीहरु लाट्भियाको बाल्टिक सागरको किनारामा पनि पुगे । फेरि दोश्रो पटक चंगेजखाँ, ओघाताइ र कुबलाइखाँहरुको नेतृत्वमा स्थापना भएको मंगोल बौद्धसंघ लाट्भियामा पुग्यो । अनि बुद्धधर्म मंगोलियामा मात्र नअडी कार्पेथियन र बाल्टिक सागर भएर उत्तरी बर्मासम्म पनि प्रचार भयो । ईस्वीको तेन्हौं शताब्दीमा वैकाल तालको दक्षिण बगी रहेको ओखनि नदी किनारामा रहेको काराकोरम राजधानीमा बसेर शासन चलाई रहेका मंगोल बादशाहहरु निकै शक्तिशाली बौद्ध



Downloaded from http://dhamma.digital/

शासक भए पनि तिनीहरुलेबुद्धधर्म व्यापक रुपमा प्रचार गर्न कहिल्यै शक्ति प्रयोग गरेको कहिँ सुन्न पाइएको छैन । त्यसकारण मंगोल बादशाहहरुले रुसमा शासन चलाईरहेको बेलामा कहिल्यै जनताहरुलाई बुद्धधर्म नै राष्ट्रधर्म हो, यही धर्म सबैजनाले मान्नु पर्छ भनि करकाप अर्थात तानाशाही आदेश दिएन । जनताले आफ्नो ईच्छानुसार धर्मको अनुकरण गर्न पाउँथे । रुसमा प्रचलित एउटा भनाई छ, मंगोल वंशले शासन चलाएको समयमा मास्कोजस्तो सानो सहरमा ( त्यसबेला शयवर्ष भएको शहर) पनि सोरोक-रोरोकोभ् (चालीस चालीसले गुणन गरिराखेको) चर्चहरु छन् । धर्मको काम कुरामा मंगोलहरुले पनि अशोकले चलाएको नीति नै अपनाएको देखिन्छ । यो नीतिको दर्शन अनुसार सबै धर्मलाई आआफ्नो धर्मको विकास गर्ने अधिकार छ । अझ बौद्ध विहारहरुबाट अर्को धर्मका मठलाई सक्दो मद्दत पनि गरेको छ ।

ईस्वीको तेन्हौं शताब्दीमा लाट्भिया र एस्टोनियालाई क्राइष्ट अनुयायी जर्मनहरुको सैनिक टुकडीले नराम्रोसंग हमला गऱ्यो । लाट्भिया र एस्टोनियामा सैनिक हमला गरिसकेपछि त्यहाँका सम्पूर्ण जनताहरुजबरजस्ती क्रिश्चियन धर्ममा परिवर्तन गरिदियो । लाट्भियन र एस्टोनियनहरुले शत्रुको दमनबाट आफ्नो देश बचाउने निश्चय गरे । तिनीहरुले दृढसंकल्प गऱ्यो कि बौद्ध नै भएर संघर्ष गरी मर्नु परे पनि तयार परन्तु आफ्नो इच्छा विरुद्ध क्रिश्चियन भएर बाँच्दैन । क्रिश्चियनहरु र लाट्भियन र एस्टोनियनहरुको बीच यसबाट भयंकर युद्ध भयो । भएका पुराना हथियारको बलमा पनि तिनीहरु क्रिश्चियनहरु संग डटेर युद्ध गरे ।क्रिश्चियनहरुसंग भने नयाँ नयाँ हथियार प्रसस्त थिए । त्यसकारणकठिन संघर्ष गरी सकेपछि लाट्भियन र एस्टोनियनहरु पराजित भए । यो घृणित युद्धमा लाट्भियनहरुलाई निकै अत्याचार गरी मारेको कुरा ठाउँ ठाउँमा उल्लेख गरिराखेको छ । युद्ध सिद्धिएपछि पाचँ करोड लाट्भियनहरु मध्ये दुई करोड मात्र बाँकि भयो भन्छन् । त्यसमा पनि बुढा बुढी बालक र घाइतेहरु मात्र । बाँकि रहेका मानिसहरुलाई जर्मन सैनिकहरुले इच्छा विरुद्ध कृश्चियन धर्ममा परिवर्तन गरि दियो । त्यति गर्दा पनि नपुगेर ती सबैमाथी दासको व्यवहार समम गरे । पवित्र रामवास सबै जलाई दिए । पवित्रदेबदार बृक्षहरु जरासमेत उखेलि दिए । बुद्धधर्मको नाउँसम्म पनि नरहोस् भन्ने अभिप्रायले गर्नसम्मद मन गऱ्यो । यतिसम्म कि लाट्भियाको राष्ट्रिय लिपि अक्षर लेख्नसमम पनि नपाउने भयो । भएभरका बुद्धमूर्तिहरु बिगारी दिए । लाट्भियाको इतिहासमा बत्ति झैं बलेको बुद्धधर्म निमित्यान्न गरी मेट्न खोज्यो । लाट्भिया र एस्टोनियाका नाउँ समेत फेरेर ST, Mary's Land अथवा The Lands of the Blessed Virgin भन्ने गऱ्यो ।

परन्तु फाँसीको सजाय दिने त्राश समेत रत्तिभर वास्ता नगरीकन लाट्भियन र एस्टोनियनहरुले अझ पनि बौद्धविश्वास छोडेन । आफ्नो मातृ देशमा रहेर बुद्धधर्म अनुसार जीवन यापन गर्न नपाउँदा रुसको सिमाना पूर्वतिर दया राख्ने छिमेकि मानिसहरुको शरणमा गए । रुसीहरुले तिनीहरुलाई चाहिँदो सहयोग गरे । नेग्रोरोड् र कीभ्को राजकुमार जुने कि त्यतिबेलाको न्यायी शांसक थिए, उनले दमित बौद्धहरुलाई शरण दिएको इतिहासले बताउँछ । यो घटना सातशय वर्ष पुरानो भैसक्यो ।

ईस्वीको तेन्हौं चौधौं शताब्दीमा लिथुअनिया निकै शक्तिशाली भएकोले क्रिश्चियनहरुले लिथुअनियनहरुसंग ठूलो संघर्ष गर्न पऱ्यो । तसर्थ लाट्भिया र एस्टोनिया हराइसकेपछि दुईशय वर्षसम्म लिथुअनिया पनि क्रिश्चियनहरुले आफ्नो गरी लिए ।



Downloaded from http://dhamma.digital/

जेसुकै होस् बौद्ध विश्वासमा जीवनसम्म अपर्ण गर्ने लाट्भियन लिथुअनियन र एस्टोनियनहरुको उपसना कसैले निर्मूल गरी मास्न सकेन । बौद्धहरु आज पनि एस्टोनिया, लाट्भिया र लिथुअनियामा साना साना समूहमा बाँचीरहेका छन् । आज यी तीन बाल्टिक राज्यका देशमा बौद्धहरुको संख्या निकै कम छ, परन्तु तिनीहरुको संकल्पको मूल्य संख्याको मूल्यभन्दा यति बढी छ कि यसबाट नै आजसम्म तिनीहरुले आफ्नो पहिलेको इतिहास बचाई राख्न सकेको छ । संस्कृति अहिलेसम्म उभ्याई राख्न सकेको छ ।

आज भोलि एस्टोनियामा फ्रेडेरिच् र यू. फस्टींग (U. Fusting) लाट्भियामा भिक्षु कालिस ए.ए. टेनिसन् निकै क्रियाशील छ । लाट्भियाको भिक्षु जुंगा डारी भएको भएर चौथौं विश्व बौद्धसम्मेलनमा लाट्भियाको प्रतिनिधि टेनिशन सबैको आकर्षणको केन्द्र भएको हामीलाई राम्रै सम्झना छ ।

(Ren. Karlis A.M. Tennisonsअथवा Vagindra Mantramitya द्वारा लिखित The Mahabodhi-63/4मा प्रकाशित Buddhism in Eastern Europe, रचनामा आधारित अनुवाद)

नेपालभाषामा अनुवादक

केशब शाक्य,

## ब्रिटेनमा बुद्धधर्म

बुद्धधर्मको महत्व स्वीकार गरेर धर्मग्रन्थ प्रकाशनमा ल्याएको तथ्य अनुसार भन्ने हो भने अथवा अध्ययन र संगतज्ञान लिएर आफूखुसी आफ्ना आफ्ना आचरण बौद्ध आचरणमा ल्याएको अनुसार लेख्यो भने तेर्‍हौं शताब्दीको आधि नजादैं देखि बृटेनमा बुद्धधर्म प्रवेश गरीसक्यो । अझ विद्वानहरुको विचार अनुसार एलेक्जेण्डर संगै भारतमा आएर फर्केका ग्रीकहरुले नै बुद्धधर्मको प्रभाव ईस्वीको तेश्रो शताब्दी अगाडीनै यूरोपमा केही न केही पुर्‍याई सकेका थिए । यसपछि सोर्‍हौं शताब्दीको इशाईधर्म प्रचारकहरुले बुद्धधर्मको प्रभाव आफूलाई अनुकुल रुपमा लिएर यूरोपमा पुर्‍यायो । जे होस् यर्थाथमा जर्ज टरनर (George Turnour) को पालि साहित्य भण्डारको महत्व देखाउने १८३७ ईस्वीमा निस्केको महावंशको अनुवादले र बी. एच्. हगसन (B. H. HOdson) को नेपालमा १८२१ देखि १८४३ भित्र संकलन भएको बौद्ध वाङमयको प्रचार प्रसारबाट नै यूरोपमा राम्रोसंग स्पष्ट रुपमा बौद्ध जागरण आयो भन्नुमाअत्युक्ति नहोला । यसपछि १८५५ ईस्वीमा डेनिस विद्वान फुबोल (Fouboll) ले लाटिन भाषाले धम्मपदको अनुवाद निकाल्नु भयो, शायद यही नै पहिलो यूरोपीय भाषाले मूलपालि त्रिपिटकको अनुवाद हो । अनि माएक्स मुलर (Mas Muller) ले आफैले अनुदित गरेर १८७९ देखियोजनाबद्ध रुपले पूर्विय पवित्र पुस्तक (The Sacred books of



Downloaded from http://dhamma.digital/

the East) प्रकाशनको काम थालनि गर्नुभयो । यो प्रकाशन क्रममा अहिले सम्ममा पचास भन्दा बढी गहकिला पुस्तकहरुप्रकाश भैसकेका छन् ।

ठीक यही सालमा सर इडविन आर्नल्द (Sir. Edwin Arnold) कोलाइट अफ् एसिया(Light of Asia) जस्ता काव्यात्मक बुद्धजीवनी निस्क्यो । यो पुस्तक पढेर नै एक अठार वर्षिय अंग्रेज केटाले बुद्धधर्ममा प्रवेश हुन प्रेरणा लियो । जुन कि पछि भिक्षु आनन्द मेत्तेय नामको पहिलो ब्रिटिस भिक्षु भयो । अझ उनकै दि टेलिग्राफ (The Telegraph) पत्रिकामा निस्केको बुद्धगया सम्बन्धी रचनाले श्रीलंकाको सम्पन्न परिवारको एक युवकलाई घरबाट निष्क्रमण गरायो र उनी युवक पछि अनागारिक धर्मपाल नामले प्रसिद्ध भयो ।

यही समयमा एउटा अर्को युवक लण्डनमा पालि भाषाको मूल त्रिपिटकको अध्ययन अन्वेषणमा तल्लीन भैरहेको थियो । दुईवर्ष पछि अर्थात १८०१ ईस्वीमा उनि युवक अर्थात प्रोफेसर टी.डब्लू.रीस डायृबिडस्ले बुद्धधर्मको मूल पालि त्रिपिटक अनुवाद रप्रकाशनमा अग्रगण्य संस्था पालि टेक्स सोसाइटी जस्तो संस्था स्थापना भयो । यसैको प्रेरणा स्वरुप कलकत्तामा पनि मूल बौद्धग्रन्थ प्रकाशन संस्था बुद्धिष्ट टेक्स सोसाइटी स्थापित भयो । फेरि नेपालमा जम्मा गरेर लगेको पुस्तकको क्याटलाग राजेन्द्रलाल मिश्र तथा हरिप्रसाद शास्त्रीद्वारा रचित नेपाली बौद्धसाहित्य, नेपालीज् बुद्धिष्ट लिटरेचर १८८२ मा प्रकाशित भयो । १९०६ ईस्वीमा आर.जे.जाएक्सन र आइ.आर.पिन को नेतृत्वमा इंगलैण्ड बौद्ध संगठन (बुद्धिष्ट सोसाइटी अफ् इंगलाण्ड) संगठित भयो । यसको एक वर्ष पछि अर्थात १९०७ ईस्वीमा ब्रिटेनको बुद्धधर्ममा साच्चै नै महत्वपूर्ण एउटा घटना घट्यो । अझ शासनिक रुपमा भन्ने हो भने विधिवत् रुपले ग्रेटब्रिटेन वा संयुक्त अधिराज्यमा बुद्धधर्म प्रवेश भएको साल नै यही भन्नुपर्छ । यस वर्ष बर्मामा बसी रहेका दुई युवक भिक्षुहरु आलेन बेनेट (Allen Bennet) र जे.एच्.माएक्चिन् (J.H.M,Kechine) मा बेनेटले पहेंलो वस्त्र लगाई भिक्षु मेत्तेय भएर १९०८ ईस्वीमा स्वदेशमा फर्कनुभयो । जस्तोमाथि भनिसकें उनी लाइट अफ एसिया पुस्तकबाट अठार वर्षको उमेरैमा प्रभावित हुने युवक हो । १८७२ ईस्वीमा जन्मेका बेनेटले विज्ञानका शिक्षा लिइसकेपछि १९०० ईस्वीमा श्रीलंकामा भिक्षु रेवत स्थविरसंग पालि अध्ययन गरी १९०१ मा आफ्नो जन्म दिनको दिन अक्याबमा श्रामणेर दिक्षा लियो ।उनले २१ मइ १९०२ को बुद्धजयन्तीको दिन ऊ.स्वे ब्या सयादोको उपाध्यायत्वमा उपसम्पदा लिएर रंगूनमा अन्तराष्ट्रिय बौद्ध संघ स्थापना गरी बुद्धधर्म (Buddhism) पत्रिका सम्पादन गर्नुभयो । फेरि वहाँले बर्माबाट फर्केर श्रीलंकामा यति प्रभावशाली उपदेश दिनुभो कि त्यो व्याख्यान भएको ठाउँ नै मेत्तेय हल नामले प्रख्यात भयो । त्यसकारण बीसौं शताब्दीको ग्रेटब्रिटेनको निम्ति वहाँ तीन शताब्दी ईस्वी अगाडीको महेन्द्र महास्थविर जस्तै हुन् । फेरि उनकै सहयोगमा एक वर्ष अगाडी गठन भैरहेको बुद्धिष्ट सोसाइटी अफ् इंगलैण्डको रुपमा पुनर्गठन भयो । फेरि यो सोसाइटी १९२४ ईस्वीमा बुद्धिष्ट सोसाइटी संगठित नहोउञ्जेल सक्रिय नै भईरह्यो ।

भिक्षु आनन्द मेत्तेय ब्रिटेनमा बौद्ध आदर्शको नमुना जस्तै मूल्यवान हुनु हुन्छ । आफ्नो सभ्य जीवनको गर्व भावले पूर्ण भएका अंग्रेज भिक्षु अंग्रेजहरुले पहिलोबार भेट्यो । झण्डै आधी शताब्दी उतादेखि बुद्धधर्मको प्रचार प्रसारले बौद्ध विचार र संस्कार लिईराखेको मानिसहरुको निम्ति वहाँ जीवित मूर्ति बन्ने काम भयो । पुस्तकको आधारमा निर्माण भैरहेको बौद्ध संस्कार प्रस्फुरित भए



Downloaded from http://dhamma.digital/

जस्तै भयो । यो यहाँको निम्ति कम महत्वपूर्ण होइन । किनभने पूर्वमा त एउटा बौद्धले एउटा बौद्धलाई सजिलैसित जन्माउँछ , अनि उसको जीवनमा धर्मको केही न केही रुपले जानी वा नजानीकन प्रभाव छोड्छ । परन्तु त्यसको चारैतिरको वायु घाम समेत अबौद्ध वातावरण जस्तै भइरहन्छ । त्यसकारण पश्चिममा कुनै बौद्ध भयोभने त्यो धर्मको अर्थ र उपयोगितामा समेत परीक्षा गरिसकेका हुन्छन् । यो अर्थमा भन्ने हो भने पश्चिमको एक बौद्ध पनि जन्मजात धेरैजना बौद्ध समान गहकिला हुन्छन् । किनभने स्वयं जन्मजात बौद्धले बुद्धधर्म बुझ्न त्यति ध्यान दिदैन, जति पश्चिमी बौद्धले ध्यान दिन्छ । पश्चिमी देशमा कुनैले आफूलाई बौद्ध भनेपछि उसंग आफ्ना साथीहरुले सोध्छन् यस्तो भनेको के ? बचपनमा शिक्षाको साथै बौद्ध विषयमा ज्ञान नदिएको हुनाले कहिँ पसलमा वा संग्रहालयमा बुद्धमूर्ति देखिराखेको भए पनि त्यो हिन्दुस्तानको देवताको रुपमा मात्र जानी राखेको हुदाँ त्यसरी सोध्ने स्वाभाविक पनि हो । परन्तु जुनबेला बुद्धको महाभिनिष्क्रमण देखिको त्याग र साधनाको कथा सुन्छ तिनीहरुमा धेरैजसो प्रभावित नै हुन्छन् । अनि कहिल्ये “सम्पूर्ण पाप नगर्ने, असल काम कुरा सम्पादन गर्ने, आफ्नो चित्त शुद्धगर्ने बुद्धहरुको उपदेश हो” भन्ने कुरा सुन्छन्, तिनीहरुले सजिलैसंग भन्छन् यो त हामी पनि स्वीकार गर्छौ । साँचै भन्ने हो यही नैतिक शिक्षाले गर्दा बुद्धधर्म ब्रिटेनमा सजिलैसंग ग्राहय हुन सक्यो ।

भिक्षु आनन्द मेत्तेय फेरि बर्मामा जानु भयो । परन्तु केही नपाउँदा पेटमा रोग (Gall Stone) भएर मनले चिताएको काम कर्तव्य र उद्देश्य त्यसै छाडी क्यालिफोर्नियामा स्वास्थ्योपचार गर्नुको निम्ति फर्कनु भयो । वहाँलाई अलिकति स्वास्थलाभ के भयो विश्वयुद्ध भैहाल्यो । तैपनि पत्र पत्रिका निकाल्ने प्रयत्न गर्दै रहनु भएको थियो । वहाँको मुख्य कृत्ति बर्मी बुद्धधर्म The Religion of Burma पुस्तक हो । फेरि वहाँ परलोक हरनर केहि समय अगाडीको वहाँको कृत्ति हो The Wisdon of the Aryas रचना । ५० वर्षको उमेरमा वहाँ परलोक हुनुभयो ।

ब्रिटेनको बुद्धधर्मकोठूलो दुर्भाग्य होभिक्षु आनन्द मेत्तेयको निधन । ग्रेटब्रिटेनमा बुद्धशासनको भिक्षु परम्परा गाँस्न सकिएन । नत्र भने फ्रान्सिसि प्रो.मायक्स मूलर (Prof. Max Muller) र डा.डाय्बिड्स् (Dr. Davids) जस्ताको प्रयत्नबाट अंग्रेजी भाषामा धर्मग्रन्थको भण्डार भरे जस्तै बलियो संघ परम्परा पनि ब्रिटेनमा राम्रोसंग जरा लिने थियो । हो स्वदेशको निम्ति स्वदेशी भिक्षुको प्रयत्नले बुद्धशासनकोविस्तार हुनेमा ब्रिटीश पछि परे पनि बुद्धधर्मको प्रचार प्रसारमा रतिभर पनि पछि परेन । अझ हजारौं भिक्षुहरु भएको देश भन्दा पनि मूल पालि र संस्कृतको ग्रन्थ प्रकाशनमा, यी साहित्यको अनुवादमा र अन्वेषण गवेषणमा ब्रिटेन अघि पर्छ ।

भिक्षु आनन्द मेत्तेयको मृत्यु पछि श्रीलंकाबाट भिक्षु परम्परा चलाउने प्रयत्न भयो । पश्चिमी लण्डन Regal s, Park मा एउटा घर किनेर श्रीलंकाबाट तीनजना भिक्षु निम्त्याइयो । परन्तु लण्डन जस्तो शहरमा यो ठिक ठाउँमा नपरेको हँदा जतिसुकै ठूलो उद्देश्यको घर भएर पनि त्यो एउटा घर खरानीको थुप्रोमा तील राखे जस्तै भयो । यो घर एउटा क्लब र सानो पुस्तकालय जस्तो मात्र भयो । त्यसकारण अनागारिका धर्मपालले त्यो घर ब्रिक्री गरेर उत्तर पश्चिम लण्डन Secludad Street मा एउटा घर किन्नु भयो । यो घरमा ठूलो बगैंचा छ । विहारलाई सुहाउँदोछ । तैपनि यो घर विहार भन्दा बढी एसियन विद्यार्थी छात्रावास Asiatic StudentsHostel हुन गयो । प्रत्येक आदित्यबार बेलुका मिटिङ्ग हुन्छ । एकजना नैवासिक भिक्षुले शील प्रदान गर्छ । अनि एकजना व्यक्ति विशेषको



Downloaded from http://dhamma.digital/

भाषण हुन्छ, सभापतिको भाषणले सभा विर्सजन हुन्छ । अनि चिया पान हुन्छ । यो प्रचारको क्रम युद्ध हुनु भन्दा अगाडीसम्म चली रह्यो । फलतः लिभरपूल (Liverpool) र क्याम्ब्रीज (Cambrige) मा पनि बौद्ध संगठन बन्यो । परन्तु विश्वयुद्धले विहारको सभामा तीनजना मात्र मानिस श्रोता गरिदियो भने अर्को दुईवटा संगठन त म्हासिएर नै गयो ।

प्रथम विश्वयुद्धले बुद्धधर्मको प्रचार प्रसारमा ल्याएको शिथिलता फेरि युद्धोपरान्त प्रचार प्रसार भएको कुरा चर्चा गर्नुभन्दा अगाडी बुद्धधर्म सम्बन्धी बौद्धिक आचरण चर्चा गर्नु यहाँ उचित सम्झन्छु । यहाँ पहिले मूल पालिको प्रकाशन र अनुवादमा नेतृत्व गर्ने डा.टी.डब्लू.रीस डाय्बिड्स को अनि संस्कृत बौद्ध वाङमयले हलचल ल्याउने हगसन (Hogson) को विषयमा विचार गरौं ।

डा.डाय्बिडस् (१८४३-१९२२) एक सिविल कर्मचारीको रुपमा १८६४ ईस्वीमा श्रीलंका गयो । त्यहाँको बौद्ध वातावरणबाट प्रभावित भएर आठ वर्ष श्रीलंकामा बस्दा विद्योदय परिवेणका भिक्षु सुमङ्गल स्थविरसंग डाय्बिडस्ले पालि पढ्नु भयो । १८७२ ईस्वीमा इंगलैण्डबाट फर्केर उनले रबर्ट सीजर चिल्डर्स (RobertCaesar Childurs) भी फेस्टल (V. Faustoll) र ओलेनबर्ग (Oldenburg) जस्ता लेखकहरु संग सक्रिय हुनुभयो, अझ वहाँ आफ्ना साथीहरु भन्दा अगाडी पुग्नु भयो । चिल्डर्स, डाय्बिडस् जस्तै अझ १८७२ ईस्वीमा नै श्रीलंकामा सिविल कर्मचारी भएर जानु भएको थियो । वहाँ पालि भाषा शब्दकोष The Dictionery of the Pali Language ईस्वी १८७२ र १८७५ मा गरी दुईभागमा सम्पादित गर्ने विद्वान थियो । फोसवल ले इस्वी १८७७-१८९७ भित्र अथक प्रयास गरेर जातकलाई सात भागमा निकाल्नु भयो । १८७८ ईस्वीमा वल्डेनवर्ग को दीपवंश अनुवाद निस्क्यो । १८७९-१८८३ ईस्वी भित्र वल्डेनवर्ग संग मिली निकालेको विनयपिटक ( पाँचभाग) डाय्विडस्को अर्को उल्लेखनीय पुस्तक हो । परन्तु यी विद्वाहरुको ग्रूपमा डाय्विडको कत्ति आलस्य नटाँसेको ४१ वर्षको विद्वतापूर्ण प्रयासले वहाँलाई अग्रगण्य ठाउँ प्राप्त भयो । बुद्धधर्म सम्बन्धी विवादमा वहाँको निर्णयलाई मान्यताको दृष्टिले हेर्ने भयो । यो प्रसंगमा बुद्धधर्म (Buddhism) १८७८ को निर्वाण सम्बन्धी विवेचना र निदान कथाको अनुवाद तथा समालोचना ( १८७९) स्मरणीय छ । १८८१ मावहाँलाई अमेरिकामा बुद्धधर्म सम्बन्धी भाषण दिन निमन्त्रित गर्‍यो । यहीं वहाँले पालि टेक्स सोसाइटी (Pali Text Society) संस्थापित भएको घोषणा गर्नुभयो । वहाँको शब्दमा पवित्र धर्म ग्रन्थको प्रकाशन गर्ने काम विश्वधर्मको इतिहासमा एक महत्वपूर्ण काम हो । फेरि यो काम गर्ने भार आफूलाई नै छाडी राखेको थान्नु भै वहाँले प्रयास गर्नु भयो । अनि फेरि वहाँको जीवन पालि टेक्स सोसाइटी कै जीवन भयो । निरन्तर ४१ वर्षसम्म पालि टेक्स सोसाइटीको काममा आफूलाई समर्पित गरी मूल पालि त्रिपिटक र अट्ठकथाको सम्पादन, एक दर्जन जति मूल ग्रन्थको अनुवाद, दर्जनौं बुद्धधर्म सम्बन्धी मौलिक रचनाको काम पूरा गर्नु भै १९२२ ईस्वीमा वहाँले यो संसार छाडी जानुभयो । परन्तु वहाँ ब्रिटेनमा बुद्धधर्मको इतिहासमा मात्र होइन विश्व बौद्ध साहित्यको इतिहासमा नै बिर्सन नसकिने विद्वान र भक्त हुनुभयो । वहाँको कृत्ति मध्ये दीघनिकाय ( १८८९-१९०३-१९१०), अभिधम्मट्ठसङ्गहो (१८८४), दाठावंश (१८८४) को सम्पादन, मिलिन्दप्रश्न ( १८९०) को र दीघनिकाय (१८८९-१९१०-१९१२) अनुवाद, बुद्धधर्म (१८९६) र बुद्धिष्ट इन्डिया ( १९०३) अनुसन्धानात्मक ग्रन्थ उल्लेखनीय छ । वहाँको सबभन्दा ठूलो देन पालि अंग्रेजी शब्दकोष (Pali English Dictionary) हो । १९०२ ईस्वीमा प्रकाशन शुरु भएको यो शब्दकोष विश्वयुद्धले गर्दा रोकिनु परेकोले तीनभाग निस्केको सम्म वहाँले देख्नुभयो । अनि पूरा नभएको काम विश्वयुद्ध



Downloaded from http://dhamma.digital/

समाप्त भएपछि वहाँकै सहकर्मी डा.विलियम स्टेड (Dr. WilliamStede) ले १९२५ मा पूरा गरिदियो । यो महान शब्दकोष कत्तिको लोकप्रिय छ भन्ने कुरा १९६६ सम्ममा पाँचौं संस्करण भएकोले नै स्पष्ट छ ।

डा.डाय्विडस्को यस प्रयासमा जब वहाँलाई श्रीमती कोरालिन फोली रीस डाय्विड्स् (Mrs,Coroline Foly Rhys Davids) समेत धेरै विद्वानहरुको सहयोग प्राप्त भयो तब धेरै नै विद्वानहरु पनि जुटाई दियो । महावग्ग (१८०८-१९०९), सगाथावग्ग (संयुक्तनिकाय), विभंग (१९०४), पट्ठान (१९२१), यमक (१९१२), विशुद्धिमग्गो (२ भाग) (१९२०-१९२१) को सम्पादन, धम्मसंगिनीको अनुवाद (Buddhist Manual ofOsychologieal Ethics 1923) अभिधर्मको अनुवाद (Compendium of Philosophy 1910), लाइट अफ् एसिया पुस्तकले पछिको रसमय काव्यात्मक बौद्धग्रन्थको रुपमा, थेरगाथाको अनुवाद (Psalms ofthe Brethren 1913), थेरगाथाको अनुवाद (Psalms ofthe Sisters 1909), महायान बुद्धधर्म र अनात्मवाद, शाक्य अर बुद्धिष्ट ओरिपजन्स (Shakya orBuddhist Origins 1931), मुक्तिगामीहरुको वचन (?) (Wayfare,s Words 1942) तीन भाग, श्रीमती डाय्विडको अघिसार्न योग्य कृत्ति हो ।

पालि टेक्स सोसाइटीले डेनिस विद्वान भी.ट्रेङ्कर (V. Trencker) आर. चाम्स (R. Chalmers), लि अन् फीर (Le on Feer) , एफ्. एल्. वूडवर्ड (F L. Woodword), ई. हार्डी (E. Hardy) जस्ता निकै विद्वानहरु निकाले । भी.ट्रेङ्करको र आर.चाम्सको प्रयत्नले आठ भागमा मज्झिमनिकाय (१८८५-१९२५) सम्पादित भयो । ट्रेङ्करज्यूको तर्फबाट मिलिन्दपञ्हो (१८८०) पनि सम्पादित भयो । लि. अन् फीर ले १८८४ देखि १९०४ भित्र संयुक्तनिकाय ६ भागमा सम्पादन गर्नुभयो । त्यस्तै नै वुडवर्ड को तर्फबाट थेरगाथा अट्ठकथा (१९४०-१९५२), संयुक्तनिकाय अट्ठकथा (१९२१-१९३७), धर्मपाल रचित तीनैभाग उदान अट्ठकथा (१९२६) सम्पादन भयो । पालि टेक्स सोसाइटीबाट अरु अरु सम्पादनहो ई.हार्डी (E. Hardy) को विमानवत्थु अट्ठकथा (१९०१) र पेतवत्थु अट्ठकथा (१८९४) । ई. मुलर (E. Muller) को थेरीगाथा अट्ठकथा (१८८२) र धम्मसंगिनी अट्ठकथा (१८८५) । हरमन स्मीथ (Herman Smith) को खुद्दकपाठ अट्ठकथा (१९१५), सुत्तनिपात (१८१३) र तीनैभाग सुत्तनिपात अट्ठकथा (१९१६-१९१८) । आर. मोरिस (R. Morris) ई. हार्डी (E. Hardy) र मावेल हण्ट (Mabel Hunt) को अंगुत्तरनिकाय (१८८५-१९१०), मायक्स वाल्सर(Max Waleser) र हरमन कोप(Herman Kopp) को चारभागको अंगुत्तर निकाय अट्ठकथा (१९२०-१९४०) । डाय्विडस् संगै बसेर जे.इस्टलेन (J. Estlen) कार्पेटर (Carpeter) को दीघनिकाय (१८८९-१९११) र यसैको तीन भागमा निस्केको अट्ठकथा (१८८६-१९३२) । एच्.सी.हरमन (H. C. Harman)को पाँच भागमा निस्केको धम्मपद अट्ठकथा (१९०६-१९१५) । डब्लू.गाइगर (W. Geiger)को चुल्लवंश (१९२५-१९२७), जे.एच्.वूडस् (J.H, Woods), डि.कौसाम्बी(D. Kaushambi), आई.बी.हरमन (I .B. Harman) र अरनोल्ड (Arnold) को दुईभागको कथावत्थु (१८९४-१८९७) यी नमुना रुपमा प्रस्तुत गरेको पुस्तकको सम्पादक विद्वानहरु र पुस्तकको प्रकाशनबाट हाम्रा हृदयमा राम्रैसंग होस आउँछ, ब्रिटेनमा धर्मको अध्ययन र मनन तर्फ कस्तो जागरण आयो ? साँचै नै पाउल चरस (Paul Carus) को १९१० ईस्वीको देवनागरी “कल्याण धम्मो” भनिकन बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि, भनिकन कभरमा रातो अक्षरले छापी राखेको “गोस्पेल अफ् बुद्ध” (Gospelof Buddha)



Downloaded from http://dhamma.digital/

देख्दा खेरी आज पनि हाम्रो मनमा भित्रसम्म छुन जान्छ । यसरी प्रतीकको रुपमा कति मनपर्दो किसिमले आफ्नो पुस्तकमा यस्तो राखेका होलान् भन्ने कुरा हाम्रो हृदयमा मन्थन गराउँछ ।

पालि बौद्ध वाङमय तर्फ जस्तो क्रान्ति आयो त्यस्तै संस्कृत बौद्ध वाङमय तर्फ पनि आयो । विशुद्ध संस्कृत र गाथा संस्कृतको बौद्धसाहित्य अध्ययन तर्फ बी.एच्.हगसन (B. H. Hodgson) ले नेतृत्व गर्नु भयो । वहाँ १८२१ देखि १८४३ सम्म नेपालमा बस्नु भएका ब्रिटिस रेजिमेण्ट हुनुहुन्छ । वहाँले संग्रह गर्नु भएको विशाल र मूल्यवान संस्कृत र गाथा संस्कृतको हस्तलिखित बौद्ध ग्रन्थहरु कलकत्ता, लण्डन र पेरिसको विद्वानहरुको निम्ति निधि नै भयो । वहाँको एसियाटिक रिसर्च (Asiatic Research) तेन्ह भाग (१८२८) र वज्रच्छेदिका प्रज्ञापारमिता सम्पादित गर्नु भयो । सुखावतिव्यूहको अंग्रेजी अनुवाद भने फरमर (Furmur) ले १८९४ मा गर्नु भएको देखिन्छ । कार्न(Karn) र बी.नाजिओ (B. Nazio) को प्रयासबाट १८८४ मा सद्धर्मपुण्डरिक प्रकाशित भयो । अनि ई.बी.कोबेल (E. B. Cowell) ले दिव्यावदान (१८८६) र बुद्धचरित (१८९४) निकाल्नु भयो भने ई.एच्.जोहनसन (E. H. Johnson) ले सुन्दरानन्द (१९३२)। जे.जे.जोन्स (J.J. Jonws) ले महावस्तु (१९४५-५२) निकाल्नु भयो ।

संस्कृत वाङमयको आधारमा महायान बुद्धधर्म प्रचार भए जस्तै तिब्बती भाषाको आधारमा पनि पहिले देखि नै यूरोपमा धर्मको अन्वेषण भएको थियो । हंगेरियन विद्वान अलेक्जेण्डर क्सोम x र दे कोरोस (De Koros) १८१८ देखि १८२३ सम्म लद्दाखमा लामाहरुसंग तिब्बती भाषा पढ्न व्यस्त भयो । अनि १८३४ मा वहाँहरुले तिब्बती व्याकरण र तिब्बती शब्दकोश बनाई दियो । एसियाटिक रिसर्चस् भाग २० मा कंजूरको समिक्षा (Analysis of the Conjue) र डब्लू.डब्लू.रोकविल (W. W. Rockwill) बाट तिब्बती कवितामय उदान वर्ग अंग्रेजी अनुवाद भयो ।

यसरी पालि, संस्कृति र तिब्बती भाषाको बौद्ध साहित्यको प्रकाशनले अनि त्यसको अध्ययन मननले बुद्धधर्ममा जागरण आए झैं ब्रिटेनमा बौद्ध संगठन र प्रवचनले पनि बुद्धधर्म बलियो भईरहयो । ग्रेटब्रिटेन आयर्लैण्डको बौद्ध संगठन तथा बौद्ध पत्रिका (Buddhist Revien) प्रथम विश्वयुद्धलेशिथिल गरे पनि विश्वयुद्ध सिद्धिये पछि बाँकि रहेका बौद्धहरु फ्रान्सिस पेन (Francis Payne) ले जम्महशा गऱ्यो । वहाँले स्वयं लण्डन बौद्धसंघ स्थापित हुँदासम्ममा छत्तीस भाषण गर्नुभयो । यो बुद्धिष्टलजको उद्देश्य बटुवा मानिसहरुलाई बौद्ध गर्ने होइन, बल्कि राम्रो बौद्धग्रन्थ प्रकाशन गर्ने र बौद्धसंगठन बनाउने हो । यसैको प्रयासमा १९२६ मा ए.सी.मार्च (A. C. March) को अध्यक्षतामा ईगलैण्डमा बुद्धधर्म (Buddhism in England) प्रकाशित भयो । वहाँले अंग्रेजीमा भएको दुईहजार पुस्तक वा रचनाको सम्बन्धमा १९३५ मा बौद्ध बाबियोग्राफी (A, Buddhist Bibilography) निकाल्नु भयो ।

यता माथि उल्लेख गरे झैं क्रिसमस हम्फ्रे (Christmas Humphrs) को अध्यक्षतामा १९ नवेम्बर १९२४ का दिन लण्डन बौद्धसंघ (Buddhist Society of London) गठन भयो । साचैं भनौं भने यही सोसाइटी अहिलेसम्म गतिशील र अग्रगण्य बौद्ध संगठन भई रहेको छ । यसले अनागारिक धर्मपाललाई स्वागत गर्ने, श्रीलंकाबाट आउने भिक्षु वजिरानन्द र बर्माका ऊ. थितिललाई मद्दत गर्ने, अनि आज भन्दा तीस चालीस वर्ष अगाडी भिक्षु नारद महास्थविरबाट विद्यार्थीहरुलाई बुद्धधर्म बुझाउन दिने, १९२७ देखि नै चाइनिज र जापानी बौद्धहरु पनि आमन्त्रण गरी प्रचार गर्न दिने, १९३६ मा श्रद्धालुहरुको एउटा सभा (World Congress ofFaiths) गर्ने गऱ्यो । यो सोसाइटीले



Downloaded from http://dhamma.digital/

प्रवचनको आयोजनाको साथै धर्म साकच्छाको व्यवस्था र अष्टांमार्गको अनुकरण गर्नेहरुलाई मद्दत गर्थ्यो । यो सोसाइटीको पुस्तकालयको आफ्नो रजतवर्ष सम्ममा २,५०० पुस्तक संकलित भयो । विश्वयुद्धको बीचमा (१९४३) सोसाइटीले ब्रिटीस म्यूजियम संगै बुद्धधर्म सम्बन्धी एउटा पुस्तक दुकान पनि राख्यो । बौद्धिक स्वतन्त्रताको संगै मुक्तिको आशा लिई राखेका मात्र साँचैको सदस्य हुन सक्ने हुँदा यो सोसाइटीको सदस्यहरु पनि संख्यात्मक रुपमा कम हुन सक्छ परन्तु गुणात्मक रुपमा साऱ्है महत्वपूर्ण छ । यो सोसाइटीको विहानको डांक (Morning Mai) को काम पूरा गर्न दुई घण्टासम्म समय चाहिने भयो । यही कारणले अरु अरु बौद्धसंगठन सभाको अगाडी लण्डन बौद्ध सोसाइटी सबल भयो, राष्ट्रियस्तर कायम गर्न सक्ने भयो, लण्डनस्थित बौद्धदेशको दूतावासले मान्यता दिइयो, स्वयं संयुक्त अधिराज्यको परराष्ट्र अफिसबाट मान्यता लिन सक्ने भयो । नेपालमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा पनि यहि सोसाइटीले ब्रिटेनको बौद्धहरुको प्रतिनिधित्व गऱ्यो । यो सोसाइटी यति बलियो र अधि बढ्न सक्नुको एउटा कारण संस्थापन अवस्थादेखि अहिलेसम्म अध्यक्ष भई रहनु भएका क्रिसमस हम्फ्रेको व्यक्तित्व र श्रम पनि हो । दोश्रो विश्वयुद्धमा जापानसंगको झगडामा आफूलाई ढकेलेर पठाउँदा सम्म पनि हम्फ्रेज्यूले आफ्नो सोसाइटीको भलाई गर्ने बिर्सेनन् । त्यहाँ पनि उनी बर्मी बौद्धहरुको तर्फबाट सोसाइटीलाई सहयोग जुटाउन सक्रिय हुनु भयो । आफ्नै घरमा सोसाइटीको अफिस आफ्नो काम नै सोसाइटीको अध्यक्ष पद संम्हाली रहेका हम्फ्रेको नेतृत्वमा पत्यार गरेर नै अनागारिक धर्मपालले २७ सेप्टेम्बर १९२५ मा लण्डन आएर स्थापित गरेको ब्रिटिस महाबोधि सोसाइटीको अस्तित्व पनि यो सोसाइटीमा जोडी दिएको हो । १९५४ ईस्वीमा श्रीलंकाको सहयोगमा एउटा बौद्धविहारको निर्माण भयो । १९५१ सम्ममा ब्रिटेनका एक प्रकाशकले (Penguin BooksLtd.) बुद्धधर्म (Buddhism) ४०,००० चालीस हजार प्रति छाप्यो । लण्डन बुद्धिष्ट सोसाइटीको सदस्य र उक्त प्रकाशनका संस्थाका डाईरेक्टर ए.एस्.बी.ग्लोवर (A. S. B. Glover) ले लेख्नु भएको यो पुस्तक २,५०,००० भन्दा बढी बिक्रि भैसकेकोले स्पष्ट गर्छ कि ब्रिटेनमा बुद्धधर्म सम्बन्धी रचना कहिं प्रकाशनार्थ पठाउँदा फिर्ता आउला भन्ने छैन । बल्कि त्यसरी फेरि फेरि पठाउन आग्रह मात्र आउँछ ।

यसको अतिरिक्त इङ्गलैण्डमा बौद्ध विहार संघले (The Buddhist Vihar Society inEngland) लण्डन भित्र वा लण्डन नजिक भिक्षुहरु बस्न हुने र प्रचारको काम पनि हुने बौद्धविहार बनाउन १९४७ देखि दृढ प्रयास गरी त्यो काम पूरा गऱ्यो । यो संघले बी.बी.सी. (B.B.C.) बाट पनि प्रचार कार्य गर्छ । हामीले बिर्सन हुदैंन, यही संघले नेपाल अधिराज्यमा बुद्धजयन्तीको सार्वजनिक छुट्टी हुँदा नेपाल सरकारलाई धन्यवाद दिएको थियो । बुद्धगयामा बौद्धहरुको निम्ति समर्थन गर्दै आएको छ ।

तीनै निकाय (यान) जान्ने बुझ्ने भिक्षु संघरक्षित कालिम्पोङ्गबाट बीसवर्ष पछि स्वदेशमा आउनु भयो । उहाँले स्कूलका बालकहरुलाई धर्मको अध्यापनगरी रहनु भएको छ । थाइलैण्डबाट भिक्षु राजसिद्धिमुनि र महाविचित ब्रिटेनमा धर्म प्रचारार्थ आउनु भयो । आज भोलि ब्रिटेनमा अक्सफोर्ड र क्याम्ब्रीज विश्वविद्यालयको बुद्धधर्म सम्बन्धी निकाय समेत गरी सत्र अठार बौद्धसंघ संस्थाहरु छन् । मिहिन्तले श्रीलंकामा राखेको बुद्धको अस्तिधातु परम्परानुसार ठूलो यात्रा गरी चीसवीक (Chiswiek) नगर सभागृहमा सभागरी नयाँ बौद्धकेन्द्रमा स्थापना गऱ्यो । श्रीलंकाका प्रधान मन्त्री श्रीमती बन्दारनायिकले १३ अक्तुवर १९६४ मा प्रदान गर्नु भएको यो अस्तिधातु नै



Downloaded from http://dhamma.digital/

एशियाबाट बाहिर उपहार स्वरुप गएको बुद्धको पहिलो पवित्र अस्तिधातु हो । अन्तर्राष्ट्रिय बौद्ध प्रतिष्ठा प्राप्त वर्ल्ड बुद्धिष्ट (World Buddhist 20 Oct. १७६४) को शब्दमा यो श्रीलंकाका बौद्धहरुको तर्फबाट तीस हजार (३०,०००) ब्रिटेनको बौद्धहरुको निम्ति प्रदान गरिएको अमूल्य निधि हो । यो पवित्र अस्तिधातु स्तूप निर्माण नहोउञ्जेलको निम्ति लण्डन बौद्ध विहार (5. Health Field Gardens, Chiswick,London, W. -4)मा स्तापना भयो । लण्डनमा एउटा थाई विहार निर्माणाधीन सम्भौता अनुसार बौद्ध अध्ययनको निम्ति १९६६ मा एउटा अन्वेषण केन्द्र पनि स्थापना भएको थियो ।

आज ब्रिटेनका धेरै मानिसहरु चर्च र निरस भौतिकवादले वाक्क भएर बसेका छन् । आज संयुक्त अधिराज्य ब्रिटेनलाई आध्यात्मिक विकासले र ध्यानले दिने लाभ निकै मनपर्छ । अभ्र बौद्धिक र आध्यात्मिक उन्नतिको बलियो पद्धति विशालतम र प्राचीनतम विश्वमा नै अंगाली रहेको मावनताका निम्ति बुद्धधर्म कति मनपर्ला भविष्यले बताउँछ भन्ने ब्रिटेनले धारणा राखेको छ । किनभने यहाँ भएको आजकै भाषाको विशाल बौद्ध साहित्यले व्याख्या गर्न सक्छ, बुद्धको सन्देश शान्ति निम्ति महान र अनुपम श्रोत हो । यहाँ दुःख छ, यहाँ दुःखबाट मुक्त शान्ति छ, अभ्र अज्ञानबाट पूर्ण विमुक्त निर्वाण छ ।

(World Fellowship of Buddhist News Bulletin 1/6.3/1 World Buddhism 4/5, 2500 Years of Buddhist, Report of the 4th WFB. Conference Mahabodhi 11-12/5/,4-5 15th, 10/57Buddhism in the Western World by Ven. Pryadassi Thero.

A Guide to Buddhism I B L Japan को आधारमा सम्पादित र अनुदित)

## फ्रान्समा बुद्धधर्म

भगवानको स्वयं जीवमान कालमा नै बुद्ध र वहाँका शिष्यहरु न्पुगेका विभिन्न ठाउँहरुबाट आएर भिक्षुत्व ग्रहण गर्न आएको कुरा पालि वाङ्मय पढ्दा थाहा हुन्छ । त्यस्तै सम्राट अशोकका धर्मदूतहरु पठाउने कामले गर्दा बुद्धधर्मको सन्देश भ्रन टाढा टाढाको देशमा पुग्यो । राज्य विस्तार र धन प्राप्तिको निम्ति पहाड पर्वत तथा समुद्रबाट यात्रा गरेका अज्ञात मानिसहरुको तर्फबाट पनि बुद्धधर्मको सन्देश र संस्कार टाढा टाढाको देशमा पनि केही न केही पुऱ्यायो । यस अर्थबाट भन्ने हो भने फ्रान्समा बुद्धधर्म कहिले पुऱ्यायो भन्ने कुरा सप्रमाण भन्नु सजिलो छैन । एशियाको शान्ति सन्देश पश्चिमी जगतमा प्रसार भएको बेलामा नै फ्रान्समा पनि प्रचार भएको देखिन्छ । तैपनि अध्ययन र अन्वेषणको नयाँ जाग्रत प्रवृति आएको अनुसार भन्ने हो भने १८२१-४१ ईस्वी भित्र हड्सन (Hodgson) ले नेपालमा पत्ता लगाएको संस्कृत बौद्धग्रन्थको पाण्डुलिपि युरोपको संस्कृत भाषाले हुकाई राखेको बुद्धधर्मको प्रवेश भयो भन्नु बढी युक्तियुक्त हुन्छ । त्यस्तै नै १८२६ ईस्वीमा ई.बर्नफ् (E. Burnouf) र क्रिश्चियन लास्सन (Christian Lassen) हरुले फ्रेञ्चभाषाले पालिभाषा विषयमा निबन्ध लेखी प्रकाश गरिसकेपछि फ्रान्समा पालिभाषाको माध्यमबाट हुर्केको बुद्धधर्मको अध्ययन प्रारम्भ भयो । हजसनले लगेको पाण्डुलिपि रसोमा डे.कोरोस (Csoma De Karos), आर.सी. चाइल्डर्स (R. C. Childers) हरुले लगेको तिब्बती र पालि बौद्ध साहित्यको हाँकले (आव्हानले)युगेन बर्नफले फ्रेञ्चमा सर्वप्रथम इतिहास निस्क्यो । "इन्टोडक्सन् ए" ले "हिस्टोरि डु बुद्धिज्मे इण्डिन" (Introduction a I Historie Du Buddhisme Indien) पुस्तकले फ्रान्सका धेरै नै विद्वानहरुको आँखा



Downloaded from http://dhamma.digital/

बुद्धधर्मको अध्ययन तर्फ तानियो । यो पुस्तकले बौद्ध साहित्य रपालि संस्कृतको बीचमा रहेको सम्बन्ध पनि राम्रोसंग स्पष्टगरी देखाई दियो । दिव्यावदान, कारण्डव्यूह र वज्रसूचिका अनुवाद, प्रज्ञापारमिता, लंकावतार सूत्र र अरु अरु दुर्लभ साहित्य सम्बन्धी टिप्पणी यही पुस्तकको माध्यमबाट भएको हो । बर्नफ्ले सद्धर्मपुण्डरिकको फ्रेञ्च अनुवाद लोट्स डे ला बोन्ने लो (Lotus Be La bonne Loi (१८५२) नामले निकालेर फ्रान्समा विस्तारै परिचित भएको बौद्ध साहित्यको क्षेत्रमा एक तह बढी प्रगति ल्याइदियो

गावेत र हक (Gabet and Hut) ले काश्यप मातङ्गको सूत्र मंगोल भााषाबाट फ्रेञ्च भाषामा १८४८ मा अनुदित गऱ्यो, अवदानको तीनभाग चिनियाँ भाषाबाट फ्रेञ्चमा (१८५९) मा स्लनिसास जुलिन (SlanislasJulien) ले अनुवाद गऱ्यो । १८८४-१८९२ तिर पी.ई.फकक्स (P.E. Foucaux) बाट ललितविस्तरलाई दुई भागमा तिब्बती र फ्रेञ्चमा अनुदित भयो । कारासको एनालाइसिस अफ् द केञ्जुर १८८१ (Analysis ofthe Kunjur) लिअन फीर र जे.एस् स्पेन्सरको अंग्रेजीमा सम्पादन गरिराखेको अवदानशतक फ्रेञ्चमा अनुवाद भए पछि बौद्ध कलात्मक परिचय फ्रेञ्च जनतालाई उपलब्ध भयो ।

यसरी बर्नफ्ले फ्रान्सलाई बुद्धधर्मसंग परिचय गराएपछि धैरै विद्वानहरु पूर्वी देशको ज्ञान भण्डार तर्फ आकर्षित भए । परन्तु फ्रान्समा बुद्धधर्म अध्ययनको काम सिलभान लेभि (Silvain Levi) आएपछि मात्र राम्रोसंग शुरुभयो । सिलभान लेभि संस्कृत, चिनियाँ, तिब्बती र कूचको भाषाविद् भएको हुनाले बुद्धधर्मको त्यसरी अध्ययन राम्रोसंग गर्न सकेको हो । साँचै भन्ने होभने सिलभान लेभिकै प्रयासबाट महायान बुद्धधर्म फ्रान्समा राम्रोसंग प्रवेश भयो । १८९२ मा फ्रेञ्च भाषामा सबभन्दा पहिले बुद्धचरितको पहिलो अध्याय वहाँले छाप्नुभयो । सोही वर्ष फेरि मिलिन्दप्रश्न पनि चिनियाँ भाषाबाट फ्रेञ्च भाषामा अनुवाद भयो । १९०५ मा लेभि नेपालमा आउनुभयो । नेपालमा आएपछि फेरि एक पटक हलचल हुने गरी नेपालको पुस्तकालयमा पुराना पुराना ग्रन्थहरु अध्ययन गरी नेपालको धर्म र संस्कृतिको इतिहास युरोपमा पुऱ्याई दियो । नेपालमा आएर लेखेको लेभिको प्रख्यात पुस्तकले नेपाल (Le Nepal) हो । दिव्यावदानको आलोचनात्मक अध्ययनहरु पुस्तकको रुपमा फ्रेञ्चमा १९०७ मा देखाई दियो । वहाँले १९११ मा कूच भाषाको बौद्धग्रन्थ पनि अनुवाद गरी निकाल्नु भयो । धम्मपदको फ्रेञ्च अनुवाद १९१२ मा निकालेर फ्रेञ्चमा बौद्ध साहित्यको क्षेत्र फराकिलो गरिदियो । सोही बेला शतपञ्चशतिका स्तोत्र छापेर वहाँले (१९१२) मा नै टोखारिया भाषामा लेखिएको कारणपुण्डरिकको पुराण पत्ता लगाई दियो । स्त्चरबात्स्की (Th. Stcherbatsky) संग यसोमित्रको स्फुतर्थको पहिलो कोषस्थान (१९१८) वहाँले निकाल्यो । सोही वर्ष नैरात्म्य-परिप्रश्न पत्ता लगाएर मज्झिमनिकायको संस्कृतमा लेखिराखेको चुल्लकम्मविभङ्ग सूत्र, महाकम्म विभङ्ग पत्ता लगाई १९३२ तिर चिनियाँ भाषा पनि राखी प्रकाशनमा ल्याउनुको श्रेय वहाँलाई छ । १९२९-३१ भित्र लेभिले प्रो.जे.टाकाकुसुसंग मिलेर चिनियाँ बौद्धधर्मको इनसाइक्लोपेडिया शब्दकोष निकाल्ने प्रयास गर्नु भएको भने निकै महत्वपूर्ण भएर पनि दोश्रो विश्वयुद्ध शुरु भएको हुदाँ त्यो काम पूरा हुन सकेन ।

सिलभान लेभिको सबभन्दा प्रशंसनीय अन्वेषण बुद्धधर्मको विज्ञानवादको संस्कृत ग्रन्थ पत्ता लगाएकोमा छ । महायान अध्ययन तर्फ त्यत्तिकै महत्वपूर्ण अन्वेषण महायान सूत्रालंकार पत्ता



Downloaded from http://dhamma.digital/

लगाएकोमा भयो । अनि मात्र विज्ञानवादको फ्रेञ्च प्रकाशन १९०७मा हुन सक्यो । अरु अरु धेरै ग्रन्थहरुपत्ता लगाएकोमा मुख्य मुख्य दुई ग्रन्थ (विमंशटीका र त्रिमंशटीका) हुन् । यी ग्रन्थहरु १९२५ मा छापियो । १९३४ मा एस.यामागुची (S. Yamaguchi) संग मिलेर मध्यान्त विभंग टीका निकाल्नु भयो । सिलभान लेभिको कहिल्यै बिर्सन नसकिने यत्तिका महत्वपूर्ण कामले बुद्धधर्म फ्रान्समा मात्र प्रचार भएको होइन पूर्वि देशमा एक किसिमले सुकेर गईरहेको धर्मग्रन्थको फेरि एक पटक पुनरुत्थान गरी बुद्धधर्म संघ मिलिदै गएको इतिहासलाई प्रकाशमान गरिदियो भनेपनि अत्युक्ति नहोला । अझ लेभिकै प्रयासले पुसेन (Poussin), स्त्चरबास्त्की (Stcherbastsky) जस्ता विद्वानहरुले बुद्धधर्म अन्वेषण गर्ने तर्फ मन लगाई दियो भन्नुमा अत्युक्ति नहोला ।

लेभिकै युगका एक विद्वान लीडेनका प्रो.एच्.कन (H. Kern) पनि हो । कर्नको हिस्टोरि डु बुद्धिज्मे डान्स ए, इन्दे (Historie du Buddhisme Dans I , Inde) दुई अध्याय गरि (१९१०-१९०३) मा छापिए । यस पुस्तकले बुद्धको जीवनी, धर्म रसंघको विवरण राम्रोसंग दियो । बुद्धधर्मको इतिहासमा संघशासन महायान र हीनयान दुई निकाय भएको कुरा फ्रेञ्चमा सर्व प्रथम उल्लेख गर्ने वास्तवमा कर्न नै हुन् ।

यसपछि सिलभान लेभि र एच्.कर्नका शिष्य प्रो. लुइस डे ला भ्यालीपुसेन (Prof. Louis de laVallee Poussin) को युग आयो । लुभेन भाषाको अध्ययन पूरा गरी पुसेनले१८९१ ईस्वीमा लेभिको शिष्य बनेर सखोन मा प्राचीन संस्कृतिको अध्ययन गरेको थियो । सोही समयमा लीडेनमा गएर प्रो.एच् कर्न संग गाथा (गीत) को भाषा अध्ययन गर्दै थियो । यता पुसेनले तिब्बती र चिनियाँ भाषा सिक्यो । जसबाट पुसेनलाई अन्वेषण गर्न निकै सजिलो भयो । १८९३ईस्वीमा घेण्ट को विश्वविद्यालयमा प्रोफेसर भएर वहाँले ३५ वर्षसम्म बुद्धधर्मको (प्राय सर्वास्तीवाद) अध्ययन र अन्वेषण गर्नु भयो । अनि १९२१ मा सोसाइटे बल्गे डि, इचयूड्स ओरिअण्टल (Socicte belged, Etudes Orientales) को संगठन गर्‍यो । यही संगठनको गतिविधिको रुपमा बुद्धिज्मे नोट्स इट् बाइब्लियोग्राफि (Buddhisme Notes et Bibilography) जस्ता प्राचीन संस्कृतिको विद्वतापूर्ण पुस्तक निस्क्यो । पुसेनले मे लांगेस चिनोइज इट् बुद्धिक्यूज (Me, Langes Chinois etboudhiques) को सम्पादन गरी निर्देशन र अभिधर्मकोविषयमा आफ्नो मूल्यवान रचनाहरु दिएर मद्दत गर्‍यो । वहाँले इन्साइक्लोपेडिया अफ् रेलिजियन एण्ड इथिक्स (Encyclopedia of Religion and Ethics) पुस्तकमा तीसवटा भन्दा बढी बुद्धधर्म सम्बन्धी रचनाहरु दिएर बुद्धधर्मलाई पाश्चात्य विद्वानहरुको बीचमा पुर्‍याई दियो । कोलिनेट (Ph. Colinet) संग मिलेर ले म्यूजियन (Le. Museon) को सम्पादन गरी उता फेरि वहाँले बोधिचर्यावतार बोधिसत्व भूमि, माध्यमकावतार र बसुबन्धुको विमंस कारिका प्रकाश, जस्ता महत्वपूर्ण विषयहरु प्रकाश गर्नु भयो । पुसेनको अर्को नाउँ लिन योग्य सम्पादनमा पञ्चक्रम (१८९६), बोधिचर्यावतार पञ्जिका (१९०१-१९०५) अनि त्यस्तै चन्द्रकीर्तिको प्रसन्नपाद ( १९०३-१९१३) र महानिद्देश (१९१६-१९१७) हो । पुसेनको सबभन्दा ठूलो देन बसुबन्धुको अभिधम्मकोषको (१९२३-३१) युवानच्वांगको विज्ञप्तिमात्रतासिद्धि (१९३०) को फ्रेञ्च अनुवाद हो । बसुबन्धुको भाषा संगै अभिधर्मकोषलाई सातवटा ग्रन्थमा निकाली सकेपछि मात्र युरोपमा सर्वास्तिवाद बुद्धधर्म राम्रोसंग प्रचार भयो । त्यहाँका विद्वानहरुको भनाई अनुसार युरोपमा बुद्धधर्मको इतिहासमा पुसेनको कामले एउटा ठूलो युग नै ल्याई दियो । पुसेनका सबैजसो पुस्तकहरुमा सरल भाषा, दार्शनिक तर्क र आलोचना हुने पुसेनको विशेषता हो । त्यतिबेला युरोपमा आईरहेको



Downloaded from http://dhamma.digital/

शून्यवादलाई अपुरो भैरहेको उत्तरको रुपमा पुसेनको पुस्तकले हाँक दियो, जसबाट विवादास्पद आध्यात्मिक विषयको चर्चामा बुद्धधर्मको तर्क र विश्वासले निर्णायक काम दियो । यस्तो विवादास्पद विषयको निर्णय कसैले बुझ्ने गरी दिननसकेको समयमा बुद्धधर्मको वैज्ञानिक चिन्तनको क्षमताले निर्णय पूरा गर्न निकै हाँक दिनुभयो । अनि बुद्धधर्मको यही विज्ञानवादी गुण देखेर श्रीमती रीस डेविड्स (Mrs. Rhys Davids), जेन प्रजुलिस्काई (JeanPrzylusk) र स्त्चरवात्स्की जस्ता विानहरुको ध्यान बुद्धधर्म अध्ययन गर्नुमा तल्लीन हुनगयो ।

पुसेनकै समयमा ईद ह्यूबर (Ed. Huber) कल्पनामण्डिटीका कुमारजीवको चिनियाँ भाषाबाट फ्रेञ्चमा अनुवाद गऱ्यो । ई. लामोट (E. Lamotte) ले असंगको महायानसंग्रह (१९३८-३९) फ्रेञ्चमा अनुवाद गऱ्यो फेरि चिनियाँ भाषाबाट फ्रेञ्चमा दूई अध्याय गरी महाप्रज्ञापारमिता शास्त्र (१९४४-४९) छापियो ।

यस पछि एउटा महत्वपूर्ण पुस्तक निस्कयो ते हो बाईब्लियोग्राफिक बुद्धिक (Bibilographic Budhique) १९२८-५० । यो पुस्तकले फ्रान्समा मात्र होइन विश्वको सबै ठाउँमा नै बुद्धधर्मको विधिवत् अध्ययन गर्न ठूलो आव्हान गऱ्यो । यूरोप, जापान, अमेरिका, श्रीलंका र अरु धेरै देशका नामी प्रत्येक पुस्तकालयहरुमा यो बाईब्लियोग्राफिक बुद्धिक पुस्तक छैन भन्नु नपर्ने किसिमले यो पुस्तकले महत्वपूर्ण स्थान लियो । अझ त्यसपछि फेरि १९२८ ईस्वीमा जेन प्रजिलुस्काईले एउटा यस्तो पुस्तकको प्रकाशन क्रम शुरु गऱ्यो । जसको आफ्नै महत्व छ । यो पुस्तकको पहिलो भागमा विश्वका भएभरको बौद्धपुस्तकहरुको छोटकरीमा सारांश, आलोचनात्मक सूचना र टिप्पणीहरु समावेश गरी तेश्रो भागमा लिअन फीरले पेरिस विश्वविद्यालयमा अध्ययन गरेको पुस्तकहरुको टिप्पणीहरु समावेश गरी तेश्रो भागमा प्रो. जे. फ. भोगल (Prof. J. Ph. Vogel) को पुस्तकको टिप्पणी, चौथौं र पाँचौ भागमा चिनियाँ र एशियाई संस्कृतिका प्रकाण्ड फ्रेञ्च विद्वान पाल पोल्लिअत (Paul Pelliot) को कार्य, सातौं र आठौं भागमा सिलभान लेभिको भएभरको लेख समावेश भएको छ । यो प्रकाशित पुस्तकले १९५३ ईस्वी सम्ममा २१ देखि २३ भागसम्म डे ला भ्याल्ली प्रसेन (De La Vallee Poussin) र मादामोइसेल मार्सेल लाल्यु (Madamoiselle Marcelle Laiou) हरुको कार्य समाबेश गराएको छ ।

यसरी पेरिस विश्वविद्यालयमा पुगेन वर्नफ् ले शुरु गरेको बुद्धधर्मको अध्ययन विकास हुदैं यो अवस्थासम्म पुग्यो कि विदेशी विद्वानहरु जति पनि छन् उच्च अध्ययनको निम्ति पेरिस जान कर लाग्यो । १९५० र १९५४ ईस्वीको भित्र पेरिस विश्वविद्यालयको इकोले प्राटिक डेस हाट्स इचयूडेस (Ecole Pratique Des HautesEtudes) सरबोन मा र कलेज डे फ्रान्स (College de France) मा भारतीय ग्रन्थको जेन फेल्लिजात (Monsieur Jean France ) तिब्बती ग्रन्थको र जापानी ग्रन्थको पाल डेमीभिले (Monsieur Paul Demicville) हरुले अध्ययन गरे । यिनीहरुको प्रयासले गर्दा फ्रेञ्च भाषा पनि बौद्धसाहित्यमा कुनै देशको भाषा भन्दा कम भएन ।

## संगठनको विकास

यसरी जागृत चेतना र अध्ययन अन्वेषण अनुरुप फ्रान्समा पहिले नै बुद्धधर्म पुगे पनि १९२९ ईस्वीसम्म फ्रान्समा केही जीवित बौद्ध संगठन थिएन । १९२९ ईस्वीमा चिनियाँ भिक्षु ताइ शु (Tai



Downloaded from http://dhamma.digital/

Su) ले ग्रेस कन्सटाण्ट लाउंसबरी (Miss Grace Constant Laonsbery) को सल्लाह अनुसार आफूलाई बौद्ध भनाउने साहस भएका एक ग्रूप मानिसहरु जम्मा गरी बुद्धधर्मलाई जीवित धर्मको रुप दिए । बुद्धधर्म अध्ययन र अन्वेषणमा मात्र सीमित नराखी यर्थाथ जीवनमा पनि अनुकरण गर्ने काम पनि यहिँबाट शूरु भयो भने पनि हुन्छ । ताइशू ले यूरोप छोडी सकेपछि उन्कै सुझाव अनुसार लण्डनमा पुगिराखेको महाबोधि मिसनलाईपेरिसमा आमन्त्रण गरेर थेरवाद बुद्धधर्मको प्रचार गर्न लगायो । महाबोधि मिसनबाट प्रतिनिधित्व गरी आएका डा. वजिरनन्द र नारद महास्थविरहरुको सल्लाहले लाउंसबरिले लेस अमिस डु बुद्धिज्मे (Les Amis Du Bouddhisme) लाई गतिशील साकार रुप दिए ।

लाउंसबरि १९५४ को युद्धले फ्रान्समा अंग्रेजी परिवारकी केटी थिइन् । फ्रान्समा आएर उनले आफ्नै पैसाले ५० जनालाई पुग्ने एउटा अस्पताल खोलेर “जस्ले रोगीको सेवा गऱ्यो उस्ले मेरो सेवा गऱ्यो” भन्ने बुद्धवचनको परिपालन गर्नुभयो । १९५४ ईस्वी देखि १९५६ सम्ममा वहाँले आफ्नो बल धन र ज्ञानले निकै ठाउँमा चोट परेका मानिसहरुको सेवा गरी हिँड्नु भयो । त्यतिबेला लाउँसबरीको मनमा दु:खलाई कसरी निवारण गर्ने भन्ने प्रश्नको उत्तरमा वहाँले बुद्धधर्मको अनुकरण गर्नु भएको थियो । लेस अमिस डु बुद्धिज्मे को स्थापना गरि सकेपछि भारतका भद्दन्त आनन्द कौशल्यायन र श्रीलंकाका भद्दन्त डा.पी. वजिरानन्द महास्थविरहरुको आव्हानले प्रवचन, नि:शुल्क पुस्तकालय र धर्म अध्ययनको निम्ति गर्मीको कोर्षको प्रबन्ध भयो । धेरै पटक श्रीलंका बर्मा र भारत घुमेर थेरवाद पद्धति बौद्धभावनाका पुस्तक एउटा पनि वहाँले लेख्नुभयो । फ्रान्समा बुद्धधर्मको एउटा राम्रो बाटो खुल्यो । यो संगठनले ला पेन्सी बुद्धिक् (La Pensee Boudhique) जस्ता संसार प्रसिद्ध समीक्षात्मक पत्रिका निकाल्यो । यही संगठनको प्रयासले संगठनका एकजना सदस्य एम्.जेन् बर्ट्रेण्ड बोकण्डे (M. Jean BertrandBocande) ले भद्दन्त डा. डब्ल्यू. राहुल (Dr. W. Rahul) को निर्देशनमा मज्झिमनिकाय अनुदित गर्नु भयो ।

लाउंसबरि एक पटक वर्ड फेलोसिप अफ बुद्धिज्म (World Fellowship of Buddhism) को उपाध्यक्ष पनि हुनु भयो । फेरि लण्डनको बुद्धिष्ट विहार सोसोइटी (Buddhist Vihar Society) को उपाध्यक्ष पनि बन्नुभयो । लाउंसबरीको सेवालाई चिन्न र सम्मान गर्न फ्रान्सको सरकारले वहाँलाई क्रस अफ चिभालियर अफ दि लेडिजन डी.अन्यूर (Cross of Chevalier of the Legion D, Honneur) भन्ने फ्रान्सको सबभन्दा ठूलो सम्मानको उपाधि प्रदान गऱ्यो ।

लाउंसबरी पछि १९३८ ईस्वीमा डा. रिवेट (Dr. Rivet) ले म्यूसी डे एल, होन्ने (Musee de Honne) को स्थापना गऱ्यो । यो बुद्धधर्मको ग्रन्थ अध्ययन गर्ने ठाउँ हो । यो प्रसंगमा बर्मामा भएको तृतीय विश्व बौद्धसम्मेलनमा (१९४५) फ्रान्सका प्रतिनिधि मण्डलले दिएको रिपोर्टको केही अंश स्मरणीय छ, “दश वर्ष अघिसम्म फ्रेञ्च भाषामा लेखिराखेको बुद्धधर्मको पुस्तकहरु भेट्टाउन गाह्रो छ भने आज आएर बुद्धधर्मको फ्रेञ्चपुस्तक नभएको ठाउँ भेट्टाउनै गाह्रो छ । त्यतिमात्र होइन प्रत्येक हप्तामा १,२०,००० प्रति छाप्ने साप्ताहिक पत्रिका (जस्को पाठकहरु कमसे कम ४०,००,००० ) को सदस्य रिपोर्टर र फोटोग्राफरहरु पेरिस बौद्ध संघ (Paris Buddhist Society) को निम्ति भारत बर्मा र श्रीलंका सम्म पुगिरहेको छ ।”



Downloaded from http://dhamma.digital/

फ्रान्समा बुद्धधर्म किन प्रचार भयो फेरि त्यसको भविष्य कस्तो हुन्छ भन्ने बारेमा नेपालमा भएको चतुर्थ विश्व बौद्धसम्मेलनमा लाउंसबरीले बोल्नु भएको कुरा स्मरण गरेर यो रचना अन्तगर्न योग्य सम्झन्छु । वहाँले भन्नु भएको छ कि "सामाजिक होस् अथवा धार्मिक, नेजुनमा पनि साहसिक चिन्तनको, स्वतन्त्रताको लागि फ्रान्स सधैंभरि नामी छ । आज फ्रान्सको मानिसहरुले विज्ञानको प्यास मेटाउन बुद्धधर्मको सत्यमार्ग भेट्टाएको पनि सोही कारणले हो ।"

(Mahabodhi 1-2/59, Report of the third and fourth Conference of WFW., World Buddhism 4/5,2500 Years of Buddhism को आधारमा सम्पादित र अनुदित ।)

केशव शाक्य

## भुटानमा बुद्धधर्म

भुटान अधिराज्य हाम्रो देशसंग भूमिबाटै जोडिएकोदेश नभए पनि धर्म र संस्कृति अनुसार हाम्रो देशसंग घनिष्ठ र संगै परेको, जोडिएको देश हो । नेपाल बुद्धको जन्मभूमि भएर पनि संविधानतःअहिले आएर हिन्दूअधिराज्य भएता पनि भुटान अधिराज्यको राष्ट्रियधर्म पहिलेदेखि अहिलेसम्म बुद्धधर्म नै भइरहेको छ । आजको भुटानी जनतामा तिब्बत बर्मा नेपाल र भारतीय मूलका मानिसहरु भए पनि मूल भुटानी मानिसहरु दुक्पा निकायका बुद्धधर्म मान्ने मानिसहरुलाई दुक्पा (Drukpa) भनि भन्छन् । संस्कृति र सभ्यता अनुसार भुटानको भोट र नेपालसंग बढी सम्बन्ध छ । यहाँका आचार्यहरु पनि भोटका आचार्यहरु जस्तै अझ यिनै आचार्यहरु भैरहेका छन् । तैपनि देशका गजुर भैरहेको बुद्धधर्म भोटको जस्तो महायान बुद्धधर्म हो ।

भुटानमा कहिलेदेखि बुद्धधर्म प्रवेश भयो भनि भन्न गाह्रो छ । तैपनि ईस्वी आठौं शताब्दीदेखि यहाँ बुद्धधर्म राम्रैसंग प्रचार भैसकेको छर्लङ्ग देखिन्छ । भोटको बाटोबाट गुरु पद्मसम्भव यहाँ आउनु भएदेखि बुद्धधर्म प्रवेश भयो पनि भन्छन् । परन्तु यर्थाथमा भन्ने हो भने यतिबेला सम्ममा उनको आगमन गराउन अनि उनको उपदेश सुन्न यहाँका मानिसहरुलाई अत्यन्त उत्साहित हुने वातावरण बनिसकेको थियो ।

भुटानको विश्वास अनुसार पद्मसम्भवले यहाँ धेरै पटक जन्म लिइसकेको छ । धार्मिक जन श्रुतिमा उनले भुटानमा २९ पटक जन्म लिइसकेको छ । उनको २९ जन्म मध्ये पद्मसम्भव (Pema Junge), सूर्य किरण (Nyima Ozey), शाक्यसिंह (Shakya Sangs), सर्बज्ञ (Loden Choksi), सिंहघोष (Sange Drado), पद्मराज (Pema Gyalpo), वज्रयुक्त (Tskokyi Dorgs), अभेद्य (Derje Trolo) आदिको जन्म खुबै प्रसिद्ध छन् । यी जन्म मध्ये पनि गुरु पद्मसम्भव र गुरु अभेद्य सर्वाधिक प्रसिद्ध छ । श्रद्धालुहरुले यिनीहरुलाई बढी सम्झेका छन् ।

पद्मसम्भव भुटानका विश्वास अनुसार आज भोलिको काश्मीर रअफगानिस्तानको सीमानामा उद्दियन (Uddiyana) मा जन्मनु भएको थियो । पद्मसंभव नालन्दामा गुरु भैसके पछि ७४७ ईस्वीमा पहिले पटक भोट जानु भयो । त्यहाँबाट उनि भुटानमा जानु भयो । उनी यहाँको निम्ति दोश्रो बुद्ध जस्तै थिए । शाक्यमुनि बुद्धले सूत्रको उपदेश दिनुभयो, अनि गुरु पद्मसम्भवले तन्त्रको उपदेश दिनुभयो । भुटानमा गुम्बाहरु मध्ये वहाँसंग सम्बन्धित निकै गुम्बाहरु छन् । ती मध्ये पारो (Paro)



Downloaded from http://dhamma.digital/

को ताक्साङ्ग(Takosang) गुम्बा र बुथाङ्ग (Bumyhang) को कुर्जे भन्ने ठाउँ अरु अरु ठाउँका गुम्बा भन्दा पनि अति नामी थिए । वंशावली अनुसार कुर्जे भन्ने ठाउँमा वहाँले सातदिन सम्म स्थानिय खराब भूत प्रेत अमनुष्यहरु संग संघर्ष गर्नुभएको थियो । अनि संघर्षमा अमनुष्यहरु हारेपछि अद्भुत रुपबाट त्यहाँ शीलामा गुरु पद्मसम्भवको पद चिन्ह प्रकट भयो । फेरि वहाँको काठको लौरोबाट सरबृक्ष (Cypress Tree) उम्रेर आयो यस्तै वहाँका बारे यस्ता अनेकौं अलौकिक कुराहरु प्रसिद्ध थियो । तन्त्र साधनका धेरै कथाहरु थिए । पद्मसम्भव प्रति भुटानी बौद्ध श्रद्धा कति छ भन्ने कुरा जुनसुकै गुम्बामा, सार्वजनिक ठाउँमा र घर घरमा भएका वहाँको मूर्ति, चित्र र पौभा आदिबाट राम्रोसंग छर्लङ्गयाउँछ ।

बुद्ध र पद्मसम्भव पछि भुटानमा अवलोकितेश्वर, मंजुश्री र वज्रपाणी बोधिसत्वहरुको पूजा आराधना निक्कै हुन्छ । लोक कल्याणका लागि दुःख र संकष्टमा परिरहेकालाई उद्धार गर्नुको निम्ति एकेक हाथमा एकेक वटा आँखा भएका सहश्रभुज अवलोकितेश्वर बोधिसत्वको करुणाको प्रतिकमय चरित्र सारै नै हृदयग्राही छ । “ओं मणि पद्मे हूं” षडक्षरि मन्त्र नै उनको जप र ध्यानको आधार हो । षडक्षरि“ओं मणि पद्मे हूं” को अनेक प्रतीक अर्थमा भोट र नेपालका बौद्धहरु जस्तै भुटानी बौद्धहरु पनि भक्ति भाव राख्दै आएका छन् ।

बार्‍हौं इस्वी शताब्दीको आधि बितेपछि भोटबाट निकै नै महायानी भिक्षुहरु धर्म प्रचारको निम्ति भुटानमा आउनुभयो । यसरी आउनुभएका भिक्षुहरुमा कतिपय भिक्षुहरु भुटानमै जन्मभर बस्नुभयो । वहाँहरुको प्रयास र आह्वानबाट यहाँ धेरै नै विहार र चैत्यहरु बनाए ।धर्मग्रन्थ लेख्ने, छाप्ने र पढ्ने पढाउने भए । बुद्धधर्मका अनुयायीहरु निकै बढ्दै गए । यस अभिवृद्धिबाट भुटानका मानिस भन्नु नै बौद्धहरु भन्ने हुनगयो । विशेषतः चौधौंदेखि सत्रौं शताब्दीभित्र भुटानको मध्य र पश्चिम भागमा धेरै विहार र चैत्य बने । भोटबाट न्यो (Nyo) निकायका अनुयायी ग्यावा-ल्हानाम्पा (Gyawa Ihanampa) ११५३ ईस्वीमा आउनु भएपछि भुटानमा द्रिकुंग-काग्युपा का उपनिकाय ल्हापा-काग्युनिकाय को प्रचार भयो । तेर्‍हौं शताब्दीको प्रारम्भमा वन धर्म सेनगे को (११७७-१२३७) को शिष्य फगो-दुगम्-सिग्पो (Phago Dugom Shigpo) आफ्ना पाचँ सहयोगी शिष्यहरुसंगै दुक्पा काग्युरनिकाय बलियोपार्न आउनुभयो । तेर्‍हौं शताब्दीको अन्ततिर दंगन्-द्जोंग (Dangon Dzong) वाँग चु को दायाँ पट्टि बनायो । निग्माका नामी गुरु लोंगचेम्पा ड्रिम अजरले (Longchhenpa Drime Ogen) (१३०८-१३६३) मा यस देशमा धेरै विहारहरु बनाइयो । त्यस्तै १३६० ईस्वीमा आउनुभएका बरव-ग्यालस्न-पासांग (Barawa Gyaltesen Posng) ले पारो भन्ने ठाउँमा दांग्येगुम्बा (Dangya Gompa) बनाई बस्नुभयो । यसको एकवर्ष पछि लामा नेन्यिग्पा (LamaNehyingpa) ले थिम्पु ( Thimpou) मा समजिंगखा (Samazingkha) विहार बनाउनुभयो । लामा नेन्यिग्या काग्युरपाका थिए । परन्तु वहाँको शिष्यहरुले भने ग्यलु (Geluk) निकायको धेरै नै प्रचार गर्नुभयो । १४५२ ईस्वीमा आउनुभएका थिंले-रबग्ये (Thinle Rabgye) ले लंकार, रिचोक,सिसिन र चिसि भन्ने गुम्बाहरु बनाए । दुकथोबथागटन (Duktho Thangton) ग्यालपो तर्फबाट पारो-थिम्पु नदी किनारमा काग्युको निगु निकाय (NiguSchool) को प्रचार संगै फलामको सिखि राखेर पारो, दमन, तासिग्याग्यस यांताता (झोलुंगे पुल) बनाई मानिसहरुलाई सुख सुबिधाको काम गर्ने समाजसेवाले धर्मको बाटो फराकिलो पारी दिएको देखिन्छ । १६१६ ईस्वी पुग्ने बित्तिकै भुटानमा विभिन्न निकायका बुद्धधर्मको नाउँमा भोटको प्रज्वलित भैराखेको धर्म लामावाद (Lamaism) जहाँ पनि मान्ने भयो ।



Downloaded from http://dhamma.digital/

एक समय भोटमा दलाइलामा जस्तै यहाँ पनि धार्मिक र राज्य व्यवस्थाका प्रमुख एउटै व्यक्ति भएको कुरा पनि इतिहासबाट स्पष्ट हुन्छ । लामा-नावांग-नामग्याल (Lama Nawang Namgyal) सबदुङ्ग (Shabdung) यस्तै राजनैतिक र धार्मिक सर्वोच्च नेता थिए । फेरि वहाँहरुले प्रत्येक गुम्बामा मुख्य लामा छानेर संगठन पनि बलियो बनाउनु भएका थिए । यसबाट सबदुङ्ग यवांग नामग्यालको अवतार चलाउन वातावरण बन्यो । आठौं अवतार ले त्यतिबेलासम्म यहाँ काग्युर निकायको प्रचार गरी धार्मिक सत्तामा बस्यो, जुनबेला १९६२ मा नेफा (Nefa) मा चिनियाँ आक्रमण भयो । अनि हिमाञ्चल मण्डी जिल्लामा रोसार (Lowalsar) मा बस्न जानु पऱ्यो । भुटानको सुनको सिंहासनमा १६९० ईस्वीसम्म बस्ने घेसे तेनजीन राब्ग्ये (Ghase Tenzin Robgye) को प्रभाव धेरै समयसम्म गहिरिएर बस्यो । किनभने विहारको नियम रीतिथिति र वन्दना पूजादिको संगठन वहाँले नै राम्रोसंग बन्दोबस्त गर्नुभयो । वहाँको पुराना व्यवस्थामा दोर्जे लोपोङ (तान्त्रिक अध्ययन संस्थानका मुख्य व्यवस्थापक), दाग्पि लोपोङ (व्याकरण अध्ययन संस्थानका मुख्य व्यवस्थापक), याग्पि लोपोङ ( वन्दना पूजादिका मुख्य व्यवस्थापक), त्सन्यि लोपोङ (तत्वज्ञान अध्ययन संस्थानका मुख्य व्यवस्थापक), को व्यवस्था प्रशंशनीय व्यवस्था कार्य थियो । यी चार जना अधिकारीहरु जे खेम्पो भन्ने अधिकारीको मुनि बसेको सरकारी स्तरमा बराबर सम्मानित भिक्षुहरु हुन् । यी मुख्य व्यवस्थापकहरुको आन्तरिकबाट मात्र द्वितीय स्तरका अधिकृतहरुले भुटान सरकारको काम गर्छन् । दोर्जे लोपोङद्वारा जे खेम्पोलाई मद्दत गर्छन्, जे खेम्पोको उत्तराधिकारी हुन्छन् । फेरि उनी पुनरव र थिम्पुको अधिकारी भइरहन्छन् । १९०७ ईस्वीमा वर्तमान राजवंश स्थापना हुनुभन्दा अगाडीसम्म यही परम्पराका लोपोङहरुले भुटानको राष्ट्रिय र अन्तराष्ट्रिय कुरामा समेत महत्वपूर्ण भूमिका खेलेका थिए । त्यसकारण घेसे तेनजिन राब्ग्येलाई ठूलो लामाको रुपमा मान्यता दिएर दुक्पा कुंले (Drukpa Kunle) को अवतारी मान्ने गर्दथ्यो ।

पहिले पहिलेका भुटानका प्रमुख लामाहरु भेटबाट आएका थिए । पहिलेका तीनैवटा जे खेम्पो लामा पनि भोटका थिए । भुटानका नै जे खेम्पो लामा हुने सोनाम् वोजर (Sonam Ozer) हुन् । उनी नेपालमा भुटानका प्रतिनिधि (राजदूत जस्तै) भएर बस्नुभयो । नेपालबाट फर्कनु भएपछि सोनाम वोजर भुटानको जे खेम्पो हुनुभएको थियो । जे खेम्पो हुनुभएका लामाहरुमा कतिपय जे खेम्पो लामा अनेक क्षेत्रमा कामकुरामा प्रसिद्ध हुनुभयो । नमुनाको लागि जे खेम्पो तेनजिन चोग्यालको नाउँ चलेको भुटानी बुद्धधर्मको इतिहास (Lho Chhos Hbyung) (१७५९ इं) संझन योग्य छ ।

भुटानमा धेरै गुम्बा र हजारौं लामा भिक्षुहरु छन् । उत्तिको भिरालो नदेखिने परन्तु धेरै तल्ला छाना भएको, चोक भएको, छानाको वास्तुकला पगोडा शैली जस्तै वास्तुकलाका भुटानका विहारहरु धेरै आकर्षक देखिन्छ । तलका भुईतला ठाम मात्र उभ्याई खुला दलान, निदालको मुखमा (मोहडा माथि) दलिनको टुप्पाको लाइन्ले हाम्रा विहार र बहिलको वास्तुकला याद दिन्छ । कालो रंग लगाई राख्ने अनि माथि भन्दा मुनि अलि चौडाई देखिने लामो बान्किका झयालहरु, रंग र शैलीबाट भोट देशको वास्तुकला शैली देखाउँछ । फेरि छानाको टुप्पामा मन्दिर जस्तै चारपाटे छाना लगाइराखेकोले भने हाम्रा बहिलका वास्तुकलाको स्मरण गराउँछ ।

भुटानका गुम्बाहरु भेटमा जस्तै विभिन्न निकायका विहारहरु हुन् । परन्तु यी विभिन्न निकायहरुमा निग्मापा (Rnyingmapa) र काग्युपा (Cagyudpa) मुख्य निकाय हुन् । तासिछोगजोंग



Downloaded from http://dhamma.digital/

(Tashichhogzong) थिम्पुको प्रमुख विहार हो । यहाँ झण्डै एक हजार ग्यलुम्पा (Dge Hdun Pa) का भिक्षुहरु छन् ।यी प्रसिद्ध गुम्बाहरु ईस्वी सातौं शताब्दीदेखि चौधौं शताब्दीभित्र स्थापित भएका हुन् । पारो (Paro) प्रदेशको तकसांग (Taktshang) गुम्बा भुटानी बौद्धहरुको निम्ति नामी तिर्थस्थल गुम्बा हो । पुराना पुराना भुटानका गुम्बाहरुमा कतिपय गुम्बाहरु भुटानको कला र वास्तुकलाको नमुना भइरहेका छन् । भुटानका समस्त गुम्बाहरु एक केन्द्रिय गुम्बाबाट अनुशासनमा राखेको हुन्छ । प्रमुख गुम्बामा महिलाहरुबस्न हुदैंन । त्यस्तै भिक्षुणीहरु बस्ने आवासमा पनि कुनै पुरुषहरु बास बस्न निषेध गरिराखेका छन् ।

पहिले पहिले भुटानका समस्त गुम्बाहरुमा भुटान सरकारले आर्थिक व्यवस्था गरी राखेका थिए । आज पनि राज्यको तर्फबाट गुम्बाको संरक्षण र व्यवस्थापन अनि लामाहरुको खान पान र वस्त्रको निम्ति पर्याप्त मद्दत गरिरहेका छन् ।

आज भुटानमा धर्मको संरक्षणको निम्ति अलग्ग विभाग छ । केहीभाग राज्यको अनुदान अनि केहीभाग गुम्बाको आफ्नो बाली खेतबारीको उपजाउबाट भुटानका लामाहरुको व्यवस्था भैरहेको छ । भुटानका लामाहरु दैनिक पूजाकार्य अनि राजकीय स्तरका वार्षिक समारोहमा सधैं संलग्न भैरहेका छन् । लामाहरुले पाठ पूजागरी जनताका रोग, शोक निवारण गरिराखेका छन् , त्यस्तै धेरै जडीबुटीको औषधी गरी जनताको स्वास्थ्यसेवामा उल्लेखनीय उपकार भइरहेको छ । अझ भन्ने हो भने भुटानको आफ्नै ती विशिष्टता छ, जसबाट यसलाई भोटभन्दा फरक पारेको छ । यहाँ भोटमा भन्दा प्रजातान्त्रिक स्वतन्त्रता बढी भएको राजनैतिक व्यवस्था छ । वर्गीय समाजको स्वरुप र सम्पन्न समाजले तलका निर्वल निर्धन समाजप्रतिको व्यवहारमा हामीले यसको उदाहरण देख्न सक्छौं । सामन्ति शक्ति राजकीय सत्तासंग टाँसिएको भोटमा धर्मको अनुशासन नियन्त्रण चर्को छ अनि प्रतिवर्ष एक पटक हुने बहीलको राज्यसत्ता जस्ता व्यवस्था यहाँ भुटानमा छैन् । भेटानको मुख्य खाना भात हो । जौको चप्पा होइन । वर्षको एक बाली लाग्ने भोट भन्दा दुई बाली लाग्ने भुटानमा व्यस्त हुनुपर्ने त स्वाभाविकै छ, यति भएर पनि भुटान घोडामा त्यत्तिको निर्भर पर्दैन जति भोटमा पर्छन् । यहाँ विवाह भैसकेपछि महिलाहरु लोग्नेको घरमा बस्न आउने वा लोग्ने स्त्रीको घर ससुरालीमा बस्न जाने भन्ने कुरा आर्थिक र व्यक्तिगत स्थितिमा निर्भर हुन्छन् । भुटानमा मृत्यु भएकालाई जलाउने संस्कारले गर्दा महामारी र आत्महत्याबाट मर्नेलाई समेत गाडिसकेपछि तिनीहरुको कंकाल झिकेर जलाउने गर्छन् । उता भोटमा मरेका लाश प्राय चराहरुको खाना हुन्छन् । यसको प्रभाव धार्मिक रीतिथितिमा पनि पर्नु स्वाभाविक छ ।

भुटानको पात्रो भोटको पात्रो जस्तै हो । यहाँको नयाँवर्ष लोसार (Losar) हो । परन्तु यहाँको चाडवाड सांस्कृतिक पर्वमा अनि विश्वासमा भारतको प्रभाव पनि प्रसस्त छ । पेमा कार्पो (Pema Karpo) जस्ता विद्वानले भुटानको पात्रोमा समेत नयाँ पद्धति ल्याइदिएको छ । पूर्णि, अष्टमी, औंसी यहाँको धार्मिक दिन भए जस्तै खाली गाग्रो देख्नेलाई अशुभ मान्ने जस्ता धारणा पनि प्रसस्त छ । सर्प देखिनु सारै नराम्रो, यहाँ सम्म कि मर्नै सक्छ भन्ने जनधारणा छ । यहाँको सांस्कृतिक पर्वमा मार्चमा थिम्पुमा रसेप्टेम्बरमा सेचु (Tsechu) सातदिनसम्म मान्ने चाड हुन् । यतिबेला निकै सांस्कृतिक विशेषता देखिन्छन् । गुरु पद्मसम्भवको मूर्ति अगाडी राखी एउटा लामाले ऐना देखाउँछ, अनि अरु लामाहरुले त्यो ऐनामा पवित्र चोखो पानीले स्नान गराउने यो चाड अति रमाइलो छ ।



Downloaded from http://dhamma.digital/

लामाहरुको धार्मिक नृत्यबाट भूत प्रेत आदिको उपद्रव शान्त हुने विश्वास सबै तान्त्रिकहरुकोविश्वास अनुसार यहाँ पनि छदैछ । भुटानमा यसको अतिरिक्त बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण दिवस बैशाखपूर्णि पनि मान्ने गर्छन् । साथै बुद्धले पहिले धर्मचक्र प्रवर्तन गर्नुभएको दिन भुटान दिवसको छमहिना लागेर चौथो दिन मान्ने गर्छन् । त्यस्तै आफ्ना आमालाई उपदेश दिएर त्रायत्रिंश भुवनबाट फर्कनु भएको दिन पनि यहाँ राम्रैसंग मानी आएका छन् ।

भुटानको कलामा नेपालको ठूलो प्रभाव छ । धातुको मूर्ति बनाउने,काठमा बुट्टा कुड्ने काम र मूर्ति कुड्ने र चित्रकला शैलीमा नेवारहरुको ठूलो देन छ । ईस्वी सत्रौं शताब्दीदेखि थिम्पु र पुनरव उपत्यकामा पाटनका नेवारहरु पुगिसकेका थिए । यी नेवारहरुमा धेरै जना त भुटानका भुटानी नै भएर बसी सकेका छन्, द्रनाङ्ग (Dranang) पचु (Pachu) र बेलनाङ्ग (Belnang) त पहिल्यै देखि नै सुन चाँदीको कामले नेवार प्रसिद्ध भएको ठाउँ थियो ।

भुटानका महिलाहरुको गहनामा नेवार बौद्धहरुको हातको शीप छ भने घर घरमा र गुम्बा गुम्बामा तिनीहरुको कलाकृत्ति बुद्धमूर्ति र देव देवीहरु छन् । गुम्बाको थाम, निदाल, गारो, दलिनमा चित्रकला र रंजना अक्षरको धारणी मन्त्र छ भने थांका र चित्र भएका पुस्तकको ढकनिहरु पनि उत्तिकै छन् । चित्रकला त भन्नै परेन, मण्डल चित्रकलाको मूल आधार भैरहेको छ । भुटानमा पनि धर्मको ध्वनीको प्रतीक शंख, आध्यात्मिक जीवन र पुनर्जन्म अथवा आँखाको प्रतीक दुईवटा सुनको माछा, ब्रम्हजालबाट मुक्त सम्पूर्ण दर्शनको स्वरुप पाश, धर्मचक्र, अमृतको स्वरुप कलश, बोधिज्ञानको स्मरण स्वरुपबाट सद्धर्मपुण्डरिक अर्थात कमलको फूल आदि अष्टमण्डल कला र चित्रकलाको आधार भैरहेको छ ।

भुटानको नृत्यमा पनि धार्मिक तत्वको प्रभाव छ । लामाहरुले धार्मिक र सांस्कृतिक उत्सव पर्वमा अनेक नृत्यले भुटानका जनतालाई भावात्मक संतृप्ति र सुवोध भएकाहरु श्रद्धाले विभोर गरी तृप्त र आनन्दित पारिदिन्छ । आजभोलि पहिले जस्तो लामाहरु सरकारी उच्च पदमा प्रत्यक्ष रुपमा धेरै छैन, परन्तु प्रतिस्तिथ वर्गमा अहिले पनि लामाहरुको निकै प्रभाव छ । सर्वसाधारण मानिसहरुले धर्म र संस्कृतिको मूल आधार नै लामाहरुप्रति ठूलो श्रद्धा र भक्ति राखी मानी आएको छ । १९०७ ईस्वीसम्म सबदुंग लामालाई आध्यात्मिक नेता बोधिसत्वकोअवतार भनि सम्मान गरिरहेका छन् । जे खेम्पो लाई भुटानको राजा जस्तै मान्ने अवस्था आज छैन । तैपनि भुटानको जीवनशैली, सम्पूर्ण सांस्कृतिक स्वरुप, सभ्यताको आधार नै बुद्धधर्म र दर्शनमा टाँसिएको भएर भुटानका जीवन, सभ्यता र संस्कृति संगै बुद्धधर्म र दर्शन पनि हरियाली भइरहेको थियो , भइरहेको छ र भइरहने छ ।

## लाओसमा बुद्धधर्म

बुद्धधर्मको सबभन्दा शुद्ध र पहिले देखिको परम्परा जीवनमा आर्दश रुपमा प्रयोग गरी आएका पालिपरम्पराका स्थबिरवादी धर्मालम्बीहरुको देशमा लाओस पनि एउटा हो । लाओसका जनताका श्यामी जनता संग चुरोको सम्बन्ध छ भने काम्बोडिया (कम्पूचिया) का जनतासंग नङ् र मासु झैं सांस्कृतिक सम्बन्ध छ ।



Downloaded from http://dhamma.digital/

लाओसमा पहिले बुद्धधर्म प्रवेश भएको श्रेय अशोकको धर्मदूत मण्डललाई दिने परम्परा छ। अशोकले धर्मदूत मण्डल पठाएको ठाउँको नाउँ सुवर्णद्धीप हो। सुवर्णद्वीप आजको भौगोलिक सीमा दक्षिणपूर्व एसियामा कति कहाँसम्म पुग्छ भन्न सजिलो छैन। तसर्थ अशोकको धर्मदूतको प्रत्यक्ष प्रभाव त्यतिबेला कति कसरी परेको त्यो पूर्णरुप थियो भन्न सजिलो छैन। तैपनि यति कुरा स्पष्ट छ कि बुद्धधर्म प्रवेश हुदाँ नै लुआंग प्रबांग (LuangPrabang) मा एउटा विहार निर्माण भयो। त्यसलाई वाट थाट लेआंग (Wat That Luang) भन्छन्। यस विहारको प्राचीन ऐतिहासिक महत्व भए जस्तै अहिलेसम्म यो विहारको उपयोगिक महत्ता चम्किरहेको छ।

लाओसमा हस्तलिखित पुस्तकहरुमा निस्सय पुस्तक, सबभन्दा अघिसार्न योग्य छ। यहाँको पुस्तक ढुकुटीमा यी निस्सय पुस्तकहरु छन्।अझ पालि भाषाका ५४७ जातक कथामा नभएका २७वटा जातक कथा यहाँ छन्। त्यो हो १. सुधन कुमार, २. सिरसा कुमार, ३. सुभत्तिराज, ४. सुवण्णसंख, ५. छन्दघाटक, ६. सेतमूसिक, ७. तुलकमण्डित, ८. रतनपज्जोत, ९. सुनन्दकुमार, १०. दुक्कम्म पण्डित, ११. सब्बसिद्धि कुमार, १२. पञ्ञाबल कुमार, १३. कपिल, १४. नरजीव कुमार, १५. सिद्धिसार कुमार, १६. जेट्ठ कुमार, १७. दुट्ठ राजकुमार, १८. नारद, १९. महाबलराजा, २०. ब्रम्हघोषराजा, २१. सादिराजा, २२. विमलराजा, २३. अरिन्द्रमराजा, २४. विरियपण्डित, २५. सुरुपराजा, २६. सूरसेनराजा, २७. सिरिचुन्दमणिराजा।

जातक कथा पढ्दा कथा साहित्यकोरुपमा पालि जातकमा कति कथा प्रवेश भएका छन् भनी विचार गर्न योग्यछ। पालि जातक कथामा नभएका नेपालका जातक शैलिका कथा मणिचूड जातक हामीलाई सम्झना हुन्छ।

लाओसमा बुद्धधर्मको स्वर्णिमयुग चौधौं इस्वी शताब्दीदेखि शुरु हुन्छ। राजा फ्रानुम (१३५३-१३७४) को कम्बोडियाका राजकुमारीसंग विवाह भयो। यिनै राजकुमारीले लाओसमा बुद्धधर्म व्यापक प्रचार गर्नुमा, बौद्धकला र संस्कृतिको विस्तार गर्नुमा ठूलो योगदान गरिन्। महारानीकै योजना अनुसार १३५८ ईस्वीमा श्रीलंकाबाट महाबोधिको शाखा ल्याएर बोधिबृक्ष रोप्ने कार्य अनिसम्मानपूर्वकस्मारकस्थल निर्माण गरी पूजा सम्मान गऱ्यो।

यस पछि लाओस राजधानी फेरि एकपटक अर्को ठाउँमा हुनगयो। १५६५ ईस्वीमा राजा ययजेट्ठ (Yaya Jetha) ले नयाँ राजधानी भेयनचिन (Viechien) मा राख्न लग्यो। अनि त्यहाँ सर्वज्ञधातु निधान गरी थात लुओंग (That Luong) चैत्य निर्माण गऱ्यो। दश पारमिता, दश उपपारमिता, दश परमत्थपारमिता यी तीस पारमिताको प्रतिक चैत्यले घुमाइएको ५७ मिटर उचाइ, ६१-३० मिटर ब्यास भएको योचैत्यजुनसुकै महान कार्य गर्न पनि ऐतिहासिक स्थल भयो। १६४१ ईस्वीमा डच राजदूतलाई लाओसी राजाले स्वागत गर्नु भएको यसको एक प्रमाण हो।

राजा ययजेट्ठले यसरी राजधानी स्थापना गरेको मात्र होइन, त्यस राजधानीलाई बुद्धधर्मको आधारमा चैत्यको प्रांगणमा सम्पूर्ण राजकीय शुभकार्य गर्ने परम्परा पनि स्थापना गर्नु भयो। अझ यो राजधानीको नाउँ नै आफ्नो साथमा ल्याएको बुद्धमूर्ति “प्रवांग” नामले राजधानीलाई “लुआंग प्रवांग” भनि नामकरण गऱ्यो। साथै राजा ययजेट्ठको ऐतिहासिक महत्वसंग सम्बन्ध भएको अर्को कुरा पन्नाको बुद्ध (Emeral Buddha) हो।



Downloaded from http://dhamma.digital/

पन्नाको बुद्ध आजभोलि थाइलैण्डको बैंकक् राजधानीमा पूजित भैरहेको छ, परन्तु यसको ऐतिहासिक वर्णन धेरै बौद्ध देशको इतिहाससंग सम्बन्ध भएको छ । आज थाइलैण्डले यो अद्‌भूत पन्नाले बनाई राखेका महान बुद्धलाई आफ्नो देशको संरक्षक, सर्वस्व थानी पूजा गरे जस्तै राजा ययजेट्‌ठको पालामा यो मूर्तिलाई लाओसको संरक्षक र सर्वस्व थानेका थिए । पन्नाको बुद्धको मूर्ति निर्माण सम्बन्धि निकै कथाहरु छन् । लाओसका जनविश्वासअनुसार र इतिहासअनुसार पनि यस्तै कुरा छ । पातलिपुत्रका नागसेनका आग्रअनुसार देव कलाकार (विश्वकर्मा) ले यो मूर्ति बनाएका थिए । यो बुद्धमूर्ति बनाउन लोकपाल यक्षको तर्फबाट पन्ना प्राप्त भएको हो । पछि यो मूर्ति पातलिपुत्र (पटना) बाट श्रीलंकामा पुग्यो । त्यहाँबाट फेरि कम्बोडिया (कम्पुचिया) मा ल्यायो । यसरी यो पन्नाको बुद्धमूर्ति विभिन्न प्राय-द्वीपमा यात्रा गर्दै आखिरमा थाइलैण्डको चिंगमाइ (Chiengmai) मा पूजित भयो । अनि राजा ययजेट्‌ठले १५४७ ईस्वीमा चिंगमाइबाट नै लुवांग प्रवागंमा ल्याउनु भएको हो । यहाँबाट यो मूर्ति भेनचिन (Vienchien) पुग्यो ।झण्डै तीनसय वर्ष अर्थात १८२७ ईस्वीसम्म यो पन्नाको बुद्धमूर्ति भेनचिनमा पूजित भइरहयो । अनि थाइलैण्डको विजयपछि यो मूर्ति थाइलैण्डमा पुग्यो । त्यसपछि त्रिअंफ (Triumph) अनि त्यहाँबाट प्रवांग लग्यो । प्रवांगबाट बैंकक पुग्यो ।

लाओस अनन्त हाथीर सेतो छाताको अधिराज्य भन्छन् । अनेक देव र भूत आदिको विश्वासले यो देश जकडिएको छ । नाग नागिनिहरुको निकै कथाहरुले यो देश निर्माणमा ठाउँ लिइराखेको छ । राजा पोचिसरत (Pothisarat) द्वारा १५२७ ईस्वीमा देशको अन्धविश्वास हटाउन निकै प्रयत्न भयो । लाओसमा राजनैतिक परिवर्तनले राजपरम्परा सकियो, सबभन्दा पछिको लाहोस नरेश सवांगवत्थाना रमहारानी श्री ५ महाराजाधिराज वीरेन्द्र विर विक्रम शाहदेव (तत्कालीन श्री ५ युवराजाधिराज) को शुभविवाहको क्रममा नेपालमा सवारी हुनुहुँदा आनन्दकुटी विद्यापीठमा ईस्वी १९७०/१/२७ का दिन सवारी हुनुभएको थियो । लाओसका राजनैतिक स्थितिबाट मौसुफ परिचित हुनुहुन्छ । नेपाली बौद्धहरुको तर्फबाट र आनन्दकुटी परिवारको तर्फबाट स्वागत अभिनन्दन हुदाँ मौसुफले विनम्र भई शील प्रार्थना गर्नु भयो । आँखामा श्रद्धा र आनन्दले विभोरको कारणले आँसु पनि आएको थियो । पछि लाओसमा मौसुफ राजाबाट राज्यसन त्याग गर्नुभयो । परन्तु देशमा शान्त वातावरण आएन । निकै मानिसहरु मरे । जनताले दुःख पाए ।

धर्ममा स्वतन्त्र स्वच्छन्द प्रवाह देखिएन । तैपनि लाओस भूमिमा बुद्धधर्मसंग भित्रसम्म रंगिएको लाओस सभ्यता र संस्कृतिको अभिन्न अंग विहार र चैत्य आदि छँदै छ । बुद्धको पादचिन्ह धातु र शीलका अनन्त बुद्धमूर्ति विशेषतः १० मेट्रिक टनको ढलौटको बुद्धप्रतिमा, १७२२ वटा बौद्ध सीमागृह आजसम्म राम्रैसंग पूजित छन् । मानिसहरुको हृदयमा श्रद्धा र भक्ति जीवित छन् । बौद्ध भिक्षुसंघको परम्परामा नयाँ मोड आयो । तै पनि परम्परामा श्रद्धा सांस्कृतिक पुष्प प्रफुल्लित नै छन् । दिनहुँ विहारमा बुद्धपूजा प्रार्थना रध्यान हुँदैछ । विविध रितिथितिमा विशेषतः कुनै व्यक्ति परलोक हुँदा मृतक परिवारको नाममा भिक्षुहरु निमन्त्रणा गरेर अभिधम्म टीका पाठ गराउँदै छन् । यसको अतिरिक्त नयाँ वर्षकोसमारोह, नयाँ घरको निर्माण गरिसकेपछि प्रतिस्थाको दिन विशेष धार्मिक अनुस्थान, प्रब्रज्या गर्ने काम, भिक्षुसंघलाई कठिनदान गर्ने र पांसुकुल चीवर दानगर्ने कार्य भइ नै रहेका छन् । सहधम्म, गतिधम्म, वत्थुधम्म, मेत्ताधम्मको आर्दश अपनाई राखेका छन् । आज उत्तम निकायका मन शुद्ध सन्देशले देशको आर्थिक विकासको निम्ति कृषि, पशुपालन, घरेलु उद्योग, काष्टकला, चित्रकलाको विकासमा जनताहरु उत्साहित छन् । आरक्खसम्पदाको प्रेरणाले काममा



Downloaded from http://dhamma.digital/

परस्पर मद्दत गरी सबैको निम्ति सबैले आफूलाई चाहिने वस्तुको आरक्ष गर्ने बुझी राखेका छन् । कल्याण मित्रताको तात्पर्यले अनुशासित भएर देशको प्रगति र समृद्धिको निम्ति सहयोगी भावले भरिएको प्रयासगर्न प्रेरणा लिई राखेका छन् । त्यस्तै सम्मा आजीविकाको अर्थ न्यनयपूर्ण मार्गबाट खाने, पिउने र लाउने उपलब्ध गरी, लोभी भएर अर्काको वस्तुमा आँखा नगाड्ने, कृषि र औद्योगिक विकासमा रगत पसिना बहाई परिवार र देशको कल्याण गर्ने प्रयत्नलाई व्याख्या गरिरहेका छन् ।

राजनैतिक परिवर्तन झैं मानिसको हृदयलाई र संस्कारलाई परिवर्तन गर्ने भनेको सम्भव छैन् । अझ मानिसको हृदय र संस्कारलाई बुझेर राजनैतिक दृष्टिले व्याख्या गरिरहन्छ । लाओसमा पनि आज बुद्धधर्म बौद्ध संस्कृतिको व्याख्यामा देशको समसामयिक प्रभाव छ । किन्तु यो भन्दा पनि भित्र जरा लिईराखेको छ बुद्धपैति श्रद्धा, बुद्धको शील समाधि र प्रज्ञाप्रति आस्था, अनि दान शील र भावनाप्रति समर्पित संस्कार । जनमानसमा भित्रसम्म जरा गाडिएका यी श्रद्धा आस्था र संस्कार पानी, हावा, घाम र मलको रुपमा पल्लवित हुदै गइरहेका छन् । समयानुसार फुल फुल्नेछ, फल फल्नेछ , यसमा कुनै शंका छैन ।

## भियतनाममा बुद्धधर्म

शान्तिनायक शाक्यमुनि बुद्धको धर्मानुयायीहरुका देशहरुमा यस शताब्दीमा सबभन्दा बढी अशान्त भएको, रगत बगेको, मानिसहरु मरेकोलामो युद्धको विभिषिकालेजनताको हृदय रोएको देश भियतनाम हो । प्राचीन इतिहासमा यो देश फुनान (Funan) चम्पा (Champa) हो । चिनियाँ इतिहासकारहरुको भनाईअनुसार १९२ ईस्वीमा चम्पामा राम्रोराज्य स्थापना भैसकेको थियो । भियतनाम स्वाधीनता प्राप्त हुनु अगाडी फ्रेञ्च इन्दोचीन हो । त्यसपछि दुई राजनैतक विचारधारा सामयवाद र प्रजातान्त्रवादको बीचमा उत्तर भियतनाम र दक्षिण भियतनाम भए अर्कोतिर ९५ प्रतिशत बुद्धधर्म मान्नेहरुलाई ५ प्रतिशत रोमन कैथोलिक (Roman Catholick) हरुले असहय दमन गरी दुःख भएको दक्षिण भियतनाम बौद्धदेश हो । अन्ततः जन गणतन्त्रात्मक संयुक्त भियतनाम एउटै भियतनाम भयो ।

भियतनाममा ईस्वीको पहिलो वा दोश्रो शताब्दीमा बुद्धधर्म प्रवेश भएको मानिन्छ । अमरावती युगका ढलौटको बुद्धमूर्ति वो काहं (Vo. Canh) मा भेट्टाएको हुदाँ दोश्रो शताब्दीमा भियतनाममा बुद्धधर्म प्रवेश भएको कुरालाई टेवा दिन्छ । भारतीय र चिनियाँ धर्मदूतहरुले यहाँ बुद्धधर्म प्रचार प्रसार गर्न निकै मद्दत गऱ्यो भने इतिहास पुरातात्विकहरुको शब्दमा यहाँको प्राचीन रातो नदीको सभ्यता (The Red River Civilization) को सहिष्णुता र फराकिलो हृदयले यो नयाँ धर्म रसस्कृतिको निर्माण भयो । अनि कतिपय भियतनामीहरु धर्ममा उत्साही भएर समुद्र र पर्वतको मार्गबाट बुद्धधर्म अध्ययन गर्न आफूहरु पनि अघि सरे । भियतनाममा बुद्धधर्म प्रवेश भएको श्रेय एकजना भारतका जीवक भन्ने भिक्षुलाई रचीनबाट आएका भिक्षु मे ओं पो (Me on Po) लाई श्रेय दिने गर्छन् । भियतनाममा बुद्धधर्म रसंस्कृतिको वीजारोपण गर्नेहरुमा अघिसार्न योग्य भिक्षुहरु मारिजीवक (Marijivaka), कल्याण रुचि (Kalayan Ruch) र चीनको बाटो गरी आउने कागं सें हां (Kang Sen Han) पनि हुन् । ४३८ ईस्वीमा जयवर्मा कौण्डण्यको राज्यकालमा फूफानबाट



Downloaded from http://dhamma.digital/

व्यापारीहरुसंगै समुद्री मार्गबाट भारत फर्केका भिक्षु नागसेन भने आँधिको कारणबाट चम्पामा मृत्यु हुन गएको वर्णन छ ।

यसपछि मोक्षदेव, चित्रदेव, प्रज्ञादेव र महामन्त्रदेव उल्लेखनीय छ । महामन्त्रदेव नालन्दामा विद्या अध्ययन गरी आफ्नो देश नपुग्दै कुशीनारामा परलोक हुनुभयो । ईस्वी तेश्रो शताब्दीमा कालसिबिका अनुयायी दाओ थांह (Dao Thanh) पाँचौं शताब्दीमा धर्मदेवका अनुयायीहरुले बौद्ध सूत्र र टीकाको प्रचारमा ठूलो काम गरे । त्यस्तै नै भियतनामको बुद्धधर्मको इतिहासमा ५४४ ईस्वीदेखि झन प्रष्ट र प्रभावशाली भयो । भारतबाट आउनु भएका भिक्षु विनतरुचि (Vinat Ruchi) ले भियतनामी श्रद्धालुहरुलाई ध्यानमा यति अभ्यास गराउनु भयो, त्यो अभ्यासको परम्परा पाचँ छ सय वर्षसम्म कहिल्यै नरोकिने नदी झैं प्रवाहित भयो । अनि उनी भिक्षु विनतरुचि स्वयं ध्यानको गुरु पहिलो हुनुभयो । यसको साथै नै भियतनाममा शील, समाधि र प्रज्ञाका चिन्तन मनन र आचरणमा प्रगति भयो । राजा र प्रजा यसमा समर्पित भयो । यसको प्रमाण चीनले चम्पामा आधिपत्य राखेर इस्वी ६०५ मा १३५० वटा धर्मग्रन्थ लगेको घटनाबाट प्रष्ट गर्छ । चिनियाँ वंशावलीको यो भजाईबाट सातौं ईस्वी शताब्दीको शुरुमा नै भियतनाममा बुद्धशासनले राम्रैसंग जरा हाली, हरियो हरियाली छाएर शीतल छाँया दिइसकेको स्पष्ट गर्छ । होइन भने यतिका धर्मग्रन्थ त्यहाँ कसरी छ होला ?

ईस्वी ८२० मा भियतनाममा बीस वटाजति सर्वज्ञ अस्थिधातु निधान गरी राखेको स्तूप थिए । फेरि यी अस्थिधातु चीनका सम्राटलेप्रदान गरेको थियो भनि उल्लेख गरिएकोछ ।

८७५ ईस्वीमा राजा जयइन्द्र वमन (Jaya Indra Vaman) ले उत्तर भियतनाम स्थित देंग दुअंग (Dang Duong) एउटा बौद्ध स्मारक (विहार..?) निर्माण गऱ्यो, जसको भग्नावशेष अहिलेसम्म छ । ९२९ ईस्वीमा युगेन (Ngo Guyen) ले चिनियाँ राजनैतिक प्रभाव निस्तेज गरी दियो । अनि त्यसबेला चीनमा बुद्धधर्ममा आएको प्रभाव हीन भएको विचारले भियतनाम मुक्त भयो । नागोका उत्तराधिकारी दिंग बोलिन (Dinh Bolin) ले बुद्धधर्ममा नयाँ प्रगति ल्यायो । चाउलु (Ngo Chaulo) भन्ने फाट् द (Phat Da) विहारका विद्वान भिक्षु सम्राट्को आध्यात्मिक सल्लाहकार बौद्ध भिक्षुको नायक मानियो ।

नवौं शताब्दीको ईस्वीमा इन्द्रबर्मा दुतीयले लक्ष्मीन्द्र लोकेह्स्वर महाविहार स्थापना गरे । लोकेश्वरको अर्थ त्यो बेला अवलोकितेश्वर होइन, गोडा झारेर मेचजस्तो आसनमा बस्नुहुने उपदेशक शुद्धलाई भन्दथे । ९०२ ईस्वीमा यही ठाउँमा नागपुष्प स्थविरले प्रमुदित लोकेश्वर विहार निर्माण गरे । यो विहार स्थापना कालको एउटा अभिलेखले चम्पा (भियतनाम) मा वज्रयान धर्म प्रवेश भएको पनि संकेत दिन्छ ।

९४६ ईस्वीमा दिंग वंशको पछि ले वंश (La Dynasty) को स्थापना भयो । यो वंशको शासन कालमा पनि बुद्धधर्मको विकास भएर नै गयो । विशेषतः भियतनामले प्रथम बार चीनमा धर्मदूत मण्डल पठाएको अनि धर्मग्रन्थका सम्पूर्ण संग्रह ल्याइयो । यो देशको शासन कालको प्रमुख घटना हो । ले वंशभन्दा पछि लि वंश (?) को शासन भियतनाममा आयो । त्यो बेला बुद्धधर्म स्वर्णयुगको रुपमा चरम सीमा सम्म प्रगति भयो । १०१० ईस्वीदेखि बुद्धधर्म राष्ट्रिय धर्म भयो । फेरि



Downloaded from http://dhamma.digital/

५०० वर्षसम्म बुद्धधर्म भियतनाको राष्ट्रिय धर्म भएर नै रहयो । सम्राट लि थाइ तो (Ly This To) द्वारा नै सबभन्दा पहिले एउटा भिक्षुलाई राष्ट्रिय गुरुको रुपमा मान्ने परम्परा बसाल्यो । उनै सम्राटको शासन कालमा नै सरकारी अधिकृतहरुलाई देशका सम्पूर्ण गाउँ गाउँमा बौद्ध विहार र मन्दिर निर्माण गर्ने आदेश गरेको थियो । त्यहि समयमा लब्धप्रतिष्ठित वं हांग (Van Hang), द बप (Da-Bap) र संगु फान (Sung Phan) जस्ता जेन ध्यानी भिक्षुहरुले भियतनाममा ज्ञान र ध्यान गहनतम तहसम्म अन्तरतम गहऱ्याई दिनुभयो । भियतनामको राष्ट्रिय जीवन र राष्ट्रिय संस्कृतिमा बुद्धधर्म शिखरसम्म पुऱ्याई दियो । सर्वाधिक राजकीय संरक्षण बुद्धधर्मलाई प्राप्त भएको पनि यही ली वंशमा हो ।

यसरी दिंग (Dinh) ले (Le)ली (Ly) वंशका राजकीय संरक्षण विशेषतः सम्राट दिंग तिइ होंग (Dinh Tien Hoang), ले थंह तों (Le Thanh Ton) र ली थाए तों (Ly Thai Ton) सम्राट्ले बौद्ध संस्कारको उल्लेखनीय परम्परा दृढ गरी स्थनपना गर्नु भयो, जरा गाड्नुभयो । धेरै विहार निर्माण गर्नु भयो । विहारका विद्यालयलाई अनुदान अग्राहार व्यवस्था गरि दिनुभयो । विदेशी बौद्ध विद्वानहरुलाई उत्साहित गरी आश्रय र मान दिनु भयो । अनि ९५ वटा स्तूपहरुको साथै ईस्वी १०४९, मा हनोइमादिंग हू स्तूप (Dien HuuPagada) निर्माण गरी धेरै पुराना विहार बुद्धमूर्ति सबै नवीकरणगर्नुभयो । यसपछि करुणावानसम्राट ली थंह तों (Ly Thanh Ton) शासन काल (१०७२-११२७) ईस्वीमा कनफुशियसका संस्कृति देशका बौद्ध बौद्धिक क्षेत्रका मानिसहरुको जीवनमा उतारिने काम भयो । तैपनि बौद्ध संस्कृतिमा केही प्रभाव पर्न सकेन । सम्राट्ले पनि वस्त्र र खान पान नभएकाहरुलाई वस्त्र र खाने पिउने दिनुको साथै जेलमा पर्नेहरु जेलमा धेरै बस्नु नपर्ने गरी दिनुभयो । ली सम्राट्हरुको शासन कालमा एकातिर धेरै सम्भ्रान्त व्यक्तिहरु उच्च उच्च सरकारी ओहदाका व्यक्तिहरु भिक्षु भए, अर्कातिर वर्षको एकपटक धार्मिक परिक्षण गरेर दुःशील भिक्षुहरुलाई चीवर छोडाउने काम पनि भयो । ली वंशका शासन कालमा तीनजना सम्राट्ले गृहस्थ जीवनमा विरक्त भएर जेन (ध्यानको)अभ्यासमा आफ्नो जीवन समर्पण गरिदिए भने यी मध्ये सबभन्दा पछिको सम्राट्ले त आफ्नी छोरीलाई शासनाधिकार नै सुम्पीकन आफू भिक्षु भयो । यसरी ली वंशका शासन कालमा भियतनाममा सबभन्दा बढी बुद्धधर्म र बौद्धसंस्कृतिको उन्नती र अभिबृद्धि भयो ।

भियतनामको सबभन्दा पुरानो बौद्ध केन्द्र लुए लौ (Luy Lau) भन्छन् । यो केन्द्र हनोइबाट ३० किलोमिटर उत्तरमा पर्छ । भारतबाट चारजना भिक्षुहरु फाप वान (Phap Van धर्ममेघ), फाप वु (Phap Vu धर्म वर्ष), फाप लोइ, (Phap Loi धर्ममेघ (घोष), भाप दिएन (Bhap Dian धर्म बिजुली) पाल्नु हुदाँ वहाँ चारवटा स्तूपहरु बनायो । बा दाउ (Ba Dau) र बा तोंग (Ba Tuong) भन्ने देवी पूजा भए । यी देवीहरु वर्षा गराइदिने देवी भनिकन भियतनामी बौद्धहरुले भव्यरुपले पूजागर्ने देवीहरु हुन् ।

भियतनामको बुद्धधर्मको इतिहासमा मिंग वंशका शासन काल (१४०६ ई.) देखि विस्तारै कालो बादल मडराउन लाग्यो, अंधकार छायो । बुद्धधर्मको अध्ययन र अध्यापनमा बाधा, विहार मन्दिर भत्किए भत्किन दिने स्थिति आयो । अझ निकै विहारका ढुकुटीका मूल्यवान वस्तुहरु चीनले लग्यो भन्छन् । यही समयमा बुद्धधर्मको ठाउँमा कन्फुशियश धर्म भियतनामको राज्यधर्म पनि भयो ।



Downloaded from http://dhamma.digital/

परन्तु जनताको हृदयमा र रीतिथितिकोपरम्परामा श्रद्धा र संस्कारको रुपमा जरा हालीसकेको बुद्धप्रतिको भक्तिभाव र बौद्धसंस्कृति प्रवाह भने गतिशील भइ नै रहे । १३ औं शताब्दीको उत्तरार्धको "ओं नमो बुद्धाय" भन्ने अभिलेख प्राप्त भएको छ । उत्खननमा निकै पितल र ढुंगाका बुद्ध, अवलोकितेश्वर र प्रज्ञापारमिताको मूर्ति भेट्टाइएको छ ।

१५३५ ईस्वीमा पोर्टुगीज प्रवेश भयो । त्यसपछि फ्रेञ्च पसे । भियतनाममा विदेशी राजनैतिक प्रभावको साथै इशाई धर्मको प्रचार प्रसारले बुद्धधर्म र बौद्ध संस्कृतिमा नराम्रो प्रभाव पर्‍यो । फ्रेञ्चहरुले रोमन कैथोलिक (Roman Catholic) धर्ममा प्रवेश गर्नेलाई बढी मद्दत गर्ने गर्‍यो । यसरी आर्थिक, प्रशासनिक र शैक्षिक क्षेत्रले बुद्धधर्म दबाउने कैथोलिक धर्मलाई उकास्ने क्रममा निकै भियतनामी मानिसहरु कैथोलिक पनि थिए । सत्रौं ईस्वी शताब्दीमा न्हुयेन (Nguvan) परिवार र त्रिं (Trinh) परिवारको बीचमा संघर्ष हुदाँ अनि शासनमा पराधीन हुदाँ बुद्धधर्मको उन्नति हुनसकिएन । तैपनि सम्राट् बो दाइ (Bao Dai) को राज्यकालमा बौद्ध संस्कृत गतिशील भै प्रभावहीन अवस्थासम्म पुगेको थिएन ।

बुद्धधर्ममा श्रद्धावानहरु र बुद्धधर्मको आफ्नो देशको सम्बन्धमा जाने बुझ्नेकाले बुद्धधर्मको पुनरुत्थान गर्ने प्रयास स्पष्ट हुने गरी १९२० ईस्वीमा गरे । पुनरुत्थानको क्रममा सैगोनमा १९३१ मा सुसंगथित रुपले धर्मको अध्ययन अध्यापन भयो । हुए (Hue) र हनोइमा पनि १९३२ मा यस्तै नै भयो । भियतनामी भाषा चिनियाँ अक्षरको ठाउँमा रोमन लिपिमा लेखिने भयो । उत्तर भियतनाममा भिक्षु तो लेन (To Lien) र त्रि हाइ (Tri Hai) को नेतृत्वमा अनाथालय कलेज र प्रेस स्थापित भयो । ठूला ठूला ग्रन्थमाला प्रकाशित भए । उता भियतनामी बौद्धहरुको संघराजाको प्रयत्नले १९३८ ईस्वीमा बुद्धधर्मको उन्नती र प्रगतीको निम्ति उल्लेखनीय कार्य भयो । ईस्वी १९५० को विश्व बौद्ध भातृत्व संघमा भाग लिइसकेपछि भियतनामी संघराजा भिक्षु तो लिन (To Lien) को नेतृत्वमा हुइ (Hue) स्थित तो दां (To Dam) विहारमा बौद्धभिक्षुहरु र उपासक उपासिकाहरुको विशेष सभा भयो ।

१९५४ ईस्वी पछि उत्तर भियतनाममा धर्म भनेको देश निर्माण र जनताको सुख, शान्ति भन्ने आध्यात्मिक दृष्टिले बुद्धधर्ममा जनश्रम र जनसहयोग अघि बढ्यो ।

प्रजातान्त्रिक गणतन्त्रसरकारले ध्वष्ट बौद्ध विहारको जीर्णोद्धार गरियो । यसरी जीर्णोद्धार भएको मोट कोट (Mot Cot) विहार, नों नवक (Non Nuoc) विहार, ताय् फुओं (Tay Phuong) विहार, रेओ गिओ (Reo Giao) विहार र फुओक् चिंग् (Phuoc Chinh) विहार प्रमुख छ । राष्ट्रिय सभामा दुइजना भिक्षु र राष्ट्रिय एसेम्बसलका स्थाईसमितिमा एक भिक्षुलाई स्थान दिइयो । १९५८ ईस्वीमा चतुर्थ विश्व बौद्धसम्मेलन गरी बुद्ध निकाय र बौद्ध निकाय एउटै गरीकन देश रक्षा र शान्तिको निम्ति "संयुक्त भियतनामी बौद्ध संगठन" बनाई प्रत्येक अंचलमा यसका शाखाहरु स्थापना गरिए । हनोइ र प्रत्येक अंचलमा वर्षावासको समयमा बुद्धधर्मको कक्षा संचालन भयो । सुरंगम सूत्र र महायानी अभिधर्म भियतनामी भाषामा अनुवाद गरी व्यापक प्रचार गरियो । विशेषतः बुद्धधर्मको माध्यमबाट नेपाल,भारत, काम्बोडिया आदि ठाउँमा मैत्री-सम्बन्ध राख्न धर्मदूतहरु पठाउने गरियो ।



Downloaded from http://dhamma.digital/

भियतनाम मूलतः सुखावती भुवनप्रति आकर्षित आर्य सम्मतीय निकाय मान्ने महायानको देश भएता पनि आठौं ईस्वी शताब्दी अगाडियहाँ सर्वास्तिवाद निकाय मान्नेहरु थिए । पुनर्जागृत दक्षिण भियतनाममा पनि पछि गएर भिक्षु नागस्थविरको नेतृत्वमा स्थापित स्थविरवाद बुद्धधर्ममा पनि प्रगती भयो । उपसम्पदा र वर्षावास आदि धार्मिक कार्यक्रम संचालन हुनगयो । दुईहजार वर्षदेखिको बौद्ध संस्कार प्रवाहित भएको देशको परम्परा, रीतिथिति, कला-संस्कृति, अमिताभ, मैत्रेय, अवलोकितेश्वर, मंजुश्री साथै गौतम बुद्ध, सारिपुत्र, महामौद्गल्यायन र आनन्द आदिको मूर्ति बनाई मूल बुद्धधर्म थेरवादप्रति श्रद्धा देखायो । नमो आदि द फात (Nam Mo Adi Da Phat) नमो आदि बुद्धाय भनि शिर निहुराउने भियतनामी बौद्ध श्रद्धाले "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स" भन्ने भयो । मूलतः काम्बोडिया थेरवादी बौद्ध भिक्षुसंघ स्थापित भएको भियतनाममा थेरवाद बुद्धधर्म विकासको निम्ति श्रीलंकाका नारद महास्थविरज्यूको ठूलो देन छ । जेतवन विहारको विकास भयो । बौद्ध भिक्षु र भिक्षुणीहरुले चाइनिज त्रिपिटककासाथै पालि त्रिपिटकको पनि अध्ययन शुरुगरे । भियतनामको केन्द्रिय बौद्ध प्रतिस्थानले चारवटा पिरिवेणहरु भिक्षुहरुको निम्ति, अनि छ वटा पिरिवेणहरु भिक्षुणीहरुको निम्ति संचालन गऱ्यो । यी पिरिवेणहरुमा थेरवाद र महायान दुवै निकायका बौद्ध दर्शनको अध्ययन अध्यापन हुन्छ । कतिपय बौद्ध विहारले शिक्षा क्षेत्रमा जस्तै अनाथालय आदि खोलेर सामाजिक क्षेत्रमा पनि निकै काम गर्छन् । सम्पूर्ण कला र वास्तुकलाको अभिव्यक्ति नै पवित्रता र करुणा अंगाली आइरहेको भियतनाममा यसरी बौद्धिक र सेवामूलक कार्य हुनु स्वाभाविक नै हो । संगीत र नृत्यमय बौद्ध वातावरणमा निकै बौद्ध उत्सव मान्ने भयो । विशेषतः बुद्धजयन्तीकोदिन सिद्धार्थ कुमारको प्रतिमा सहित सांस्कृतिक झाँकि निकाल्ने काम धुमधामका साथ भए ।

यसरी नव जागरण अगाडि बढी रहेको भियतानामी बौद्ध स्थितिमा संयुक्तराज्य अमेरिकाका सरकारले दिन दिम (Ngo Dinh Diem) लाई सत्तामा दक्षिण भियतनाममा आड दिएपछि धार्मिक अशान्ति ल्याइदियो । बौद्धभिक्षुहरुलाई जबरजस्ती सेनामा भर्नागरेर युद्धोन्मुखी गर्ने, बौद्धहरुलाई अमानवीय रुपबाट अपमान गर्ने, ५ प्रतिशत जनताले प्रतिनिधित्व गर्ने रोमनक्याथोलिकहरुलाई सरकारी संरक्षणर प्रोत्साहन दिएर बौद्धहरुलाई धर्मपरिवर्तन गर्ने काम नगोदिन दीमले आफ्ना दाज्यू आर्क बिशोपलाई उकास्न र आफ्नो रालो नगोदिन न्हूलाई बलियो पार्न झन तीव्र रुपले काम गऱ्यो । बौद्ध गतिबिधि विहारको काम कुरामा नचाहिंदो नियन्त्रण बृद्धि भयो । बौद्धहरु भियतकोंग गुरिल्लाका समर्थक भनिकन बौद्धहरुलाई असहय दमन र पीडा दियो । एकदिन बौद्धहरुलाई बौद्ध झण्डा फहराउन पाउँदैन भनिकन समेत निशेधाज्ञा भयो । फहराइएको बौद्धझण्डा खोसेर च्यातेर जलाई दियो । अनि ८ मइ १९६३ का दिन बुद्धजयन्तीमा भियतनामका प्राचीन राजधानी ह्यू मा रहेको तु दाम (To Dam) चैत्यमा बौद्धहरु भेलाभै सरकारको विरुद्ध आवाज उठाई जुलुस प्रदर्शन गरी पाँच सूत्रिय माग प्रस्तुत गरे ।

१. बौद्धझण्डा फहराउनु पाउनु पर्छ ।

२. बौद्धहरुलाई समान धार्मिक अधिकार हुनुपर्छ ।

३. बौद्धहरुलाई अन्धाधुन्ध पक्रनु अनि शिविरमा थुनेर नराख्ने हुनुपर्छ ।



Downloaded from http://dhamma.digital/

४. बौद्धहरुलाई आफ्नो आफ्नो विश्वास अनुसार धर्म प्रचार गर्न पाउनु पर्छ।

५. मृत र घाइतेहरुको क्षतिपूर्ति दिनुपर्छ।

परन्तु सरकारले यसमा कुनै वास्ता राखेन, उल्टो दमन कार्य हुदैगयो । बौद्धहरु उत्तेजित हुँदैगए, दमन कार्य असह्य रुपबाट भयो । एकदिन यस्तो स्थितिमा पुग्यो, भियतनामी बौद्धहरुले आफूमाथि भइरहेको अमानवीय दमन र यातना विश्वका जनमतलाई थाहा दिन पर्‍यो । यसको निम्ति क्वांग अम विहार (Quan Am Tamplke) का स्थविर बृद्ध भिक्षु थिंग क्वागं दुक (Thich Quang Duc) ले आत्म डाह गरिदिने अधिस्थान गर्नुभयो । सैगोन (Soigon) को व्यस्त बाटाको चौबाटोमा जून ११ तारिख १९६३ का दिन पंलेटि मारेर बसीकन आफ्नो जिउमा पेट्रोल खन्याइ आगो बाली आत्मडाह गर्नुभयो । वहाँको शरीर बल्दै गयो ।तैपनि वहाँको वज्रासनमा विघ्न भएन । चारैतिर आँसुका धारा बगाएका धार्मिक अन्याय र अत्याचारले अशान्त र क्षुब्ध हृदयी भिक्षु भिक्षुणी र उपासक उपासिकाहरु थिए । वहाँको बल्दै गएको शरीरको आगोको ज्वालामा वहाँले आज्ञा हुनु भएको अन्तिम विज्ञप्ति हामी प्रत्येक बौद्धहरुले पढी रहन योग्य छ। वहाँको विज्ञप्ति वक्तव्य होः-

“मेरो अन्तिम र सबभन्दा पवित्र प्रतिज्ञा मैला तल सही गरी प्रकाशित गर्दैछु । म फू न्हुअन स्थित क्वाम अम विहार (Qan AM Temple Phu Nhuan, Gia –Dinh) का जेष्ट धार्मिक भिक्षु थिक क्वांग दुक (ThichQuangDuc) महाहगुण सम्पन्नो (Mahagun Sampanno) ले भियतनामी बौद्धहरुलाई सबभन्दा भयानक दुःखद स्थितिबाट मुक्त गर्न त्यस्तै तथागतको सबभन्दा जेष्ठपुत्र भएर पनि मैले बुद्धधर्ममा भइरहेको दमन र विनाश लीला चुप लागेर हेरिरहन नसकेर आफ्नो अनित्य शरीरमा स्वयं दाह गरी आगो जलाई बुद्धपूजा गर्दैछु, बुद्धधर्मको रक्षा गर्दैछु । दश दिगन्तका बुद्धहरुले समस्त भिक्षु भिक्षुणीहरुले मैले तल अघि सारेका प्रतिज्ञा र इच्छाहरु पुरा गर्न सकोस् ।

१. भगवान बुद्धको आशिर्वादले राष्ट्रपति नगो दिन दीमलाई सद्बुद्धि मिलोस, अनि बौद्धहरुको न्यूनतम पाँच माँगको स्मरण पत्र पुरागर्न सकोस् ।

२. भगवान बुद्धको करुणाको प्रभावले भियतनामी बौद्धहरु आफ्नो अस्तित्वमा सधैं स्थिर रहुन ।

३. भगवान बुद्धबाट समस्त भिक्षु भिक्षुणीहरुलाई रक्षा गरुन, अनि भियतनामी बौद्धहरु बुद्धिभ्रष्ट भएकाहरुबाट पक्राउ परी थुनामा रहन, बाँधिन, कष्ट भोग्न नपरोस् ।

४. देश र भियतनामी जनतालाई सुख शान्ति पाओस् ।

म सधैंको निम्ति आँखा चिम्लेर जानु अगाडि बुद्धको शरणभूमि फर्कन अगाडि सविनय अनुरोध गर्दैछु, राष्ट्रपति नगो दिन दीमसंग उदारता र ममता आफ्ना जनताप्रति हवोस, फेरि धर्ममा समानता नीति ल्याउन सकोस्, यसबाट हाम्रो यो धरती जहिले पनि सधैंको निम्ति एकता भएर सुदृढ हुन सकिन्छ ।

मैले हृदयदेखि समस्त भिक्षु भिक्षुणीहरु फेरि गृहस्थ बौद्धहरुसंग अनुरोध गर्दैछु- बुद्धधर्मको रक्षाको निम्ति सबै एकजुट एकता हुनु सक्नुपर्‍यो र आफूलाई बलिदान गर्न सक्ने हुनुपर्‍यो ।



Downloaded from http://dhamma.digital/

यही मेरो सविनय प्रार्थना हो ।”

आफ्नो शरीरमा पेट्रोल खन्याएर आगो बालेर आफूलाई बलिदान गर्नु अगाडिको भिक्षु थिक क्वांग दुक्को यो प्रार्थनामा धर्ममा असह्य दमन गरेको वेदना त छदैछ, साथै बौद्धशैलीको विद्रोहको प्रतिकारको आर्दश पनि छ ।

विज्ञान (एक) चक्षुप्रसाद श्रोतप्रसाद आदि आरम्मण ग्राहक अङ्ग समूह र स्पारम्मण शब्दारम्मण आदि वस्तु आरम्मणहरु संघट्टन भई एकत्रित हुनुमा महत्वपूर्ण धर्म हो । आरम्मण ग्राहक अङ्ग समूह र वस्तु आरम्मणहरुको समूहलाई आयतन भनिन्छ । प्रसादरुपहरु र बाहय आरम्मणहरु एकत्रित हुनुको स्वभाव उत्पत्तिक्रमलाई बुद्ध प्रादुर्भाव हुनु अगाडि भारतीय धार्मिक वाङमयहरुमा र चार निकायग्रन्थहरुसंग एउटै युगमा प्रादुर्भाव भएका भारतीय वाङमयहरुमा अध्ययन र परीक्षण गरिराखेको छैन । उपनिषद्वाद त्यस प्रकारको अध्ययन र परीक्षणलाई प्रोत्साहन दिने वाद होइन । त्यो वादले हेर्नु, सुन्नु र जान्नु आदिलाई विचार नगरी हेरेको, सुनेको र जानेको पुद्गल सत्व आत्मालाई हटाई चित्त उत्पत्तिक्रम अध्ययन गर्नुलाई प्रोत्साहन दिन्छ । संयुक्त निकायमा आयतन विषयलाई विस्तृत रुपमा प्रस्तुत गरिराखेको सलायतन संयुक्त रुपमा समावेश छ ।

सलायतन संयुक्तमा आएका धेरै देशनाहरुको मुख्य अभिप्राय चक्षुप्रसाद आदि आध्यात्मिक आयतनहरु आत्मा होइनन् । संस्कार धर्ममात्र भई तिनीहरु मथि उपादान राख्नु हुन्न भन्ने तथ्य हो । “चक्षुप्रसाद आदि तिमीहरुका सम्पत्ति होइनन् , सम्पत्ति नभएका धर्महरुलाई हटाइदेऊ । त्यसरी हटाएमा तिमीहरुलाई हित र सुख हुनेछ ।” (सलायतन संयुक्त पहीन सुत्त ) ।

आध्यात्मिक आयतनहरु र बाहिरिक आयतनहरु सङ्गम हुन लाग्दा चक्षुविज्ञान, श्रोतविज्ञान आदि उत्पन्न हुन्छन् । त्यसो हुनाले यी कुरा हेर्नु सुन्नु आदि आयतनमाथि बिल्कुल आधारित छ । “मित्रहरु हो, आध्यात्मिक सन्तानमा उत्पन्न हुने चक्षुप्रसाद राम्रो भएता पनि बाहिरिक सन्तानमा उत्पन्न हुने रुपारम्मणहरु प्रकट हुन नआएमा, त्यसबेला चक्षु रुपारम्मणलाई प्रत्यय गरी उत्पन्न हुने निरीक्षण गर्ने आवर्जन उत्पन्न हुँदैन, त्यतिखेरसम्म त्यो आवर्जन अनुरुपको विज्ञान प्रकट हुने नै छन् ।” (म.नि. महाहत्थिपदोपम सुत्त ) ।

भिन्नभिन्न पञ्च आयतनमा टुट्टै क्षेत्र रही तिनीहरुले छुट्टै कृत्यहरुलाई वहन गर्छन् । यिनीहरुलाई एकसाथ एकत्रित गरी नेतृत्व र प्रशासन गर्ने धर्म मनोविज्ञान हो । “आवुस कोट्ठिक, विभिन्न आरम्मण भएका विभिन्न गौचर भएका यी पञ्चइन्द्रियहरुले परस्पर एकले अर्कोको गौचर आरम्मणलाई अनुभव गर्छ ।” (म. नि. महावेदल्ल सुत्त ) ।

मनोविज्ञानलाई धम्मपद पालि पहिलो गाथामा नामधर्महरुको प्रमुखको रुपमा र एउटा सुत्तन्त देशनामा पञ्चस्कन्ध भन्ने नगरको अधिपति मालिकको रुपमा (पृष्ठ २१६) देखाएको छ । ती पालिहरुलाई उद्धृत गरी आत्मवादीहरुले मनोविज्ञानलाई आत्म भनी गलत धारणा राख्दछन् । तर पनि मनोविज्ञान संस्कार धर्म भई आत्मा होइन ; सही रुपमा त ती देशनाहरुले बुद्धवाद आत्मालाई तिरस्कार गरिएता पनि नास्तिकवाद नभएको कुरालाई देखाउँछन् । बुद्धवादको विचार अनुसार परमार्थ हिसाबले पुद्गल सत्व आत्मा जीवलाई खोजी गरेर नमिलेता पनि वेदना, संज्ञादि चित्त चैतसिक धर्महरु रेखदेख बिना जथाभावी उत्पन्न भइरहेका नभई मनोविज्ञानले अधीनमा राखी चित्त स्वभाव कारण धर्महरु अनुरुप उत्पन्न भई निरोध र अन्त भइरहन्छन् ।



Downloaded from http://dhamma.digital/

चित्त उत्पत्तिक्रम स्वभाव धर्महरुलाई त मिलिन्दपञ्हा ग्रन्थमा केही मात्रामा देखाएको छ । मिलिन्द राजले नागसेन स्थविरसँग चक्षुविज्ञान मनोविज्ञानहरु किन एक अर्कोलाई अहराउने पहराउने नगरिकन नै पूर्वापर भइरहेको नि ? भनी सोधे । आयुष्मान् नागसेन स्थविरले चक्षुविज्ञानले मनोविज्ञानलाई अहराउदैन ; मनोविज्ञानले पनि चक्षुविज्ञानलाई प्रेरणा दिदैन ; ती धर्महरु आपसमा सरसल्लाह र सङ्गम नभइकन नै बगेर जाने भएको कारणले ; कारण द्वार भएको कारणले ; गौचर भएको कारणले र अभ्यास क्षेत्र भएको कारणले पूर्वापर भइरहेको कुरा उपमा उपमेयहरुढारा उत्तर दिनुभयो ।

पश्चिमी राष्ट्रको मनोविज्ञानलाई केही मात्रामा अध्ययन गरिसकेको व्यक्तिले आयुष्मान् नागसेनको कुरालाई राम्ररी बुझ्ने छ । मनोविज्ञानका ग्रन्थहरुको भनाई अनुसार हामीहरुको धर्मारम्मणहरु परस्परसामीप्य शक्तिद्वारा उपकार गर्छन् वा सामीप्यद्वारा उत्पन्न भएर आउँछन् । पानी ओरालोतिर आफसेआफ बगेर जाने जस्तै एउटा धर्मारम्मणले कारणानुरुप अथवा समानताको अनुरुप वा विरोधानुरुप एउटा धर्मारम्मणलाई उत्पन्न गराउँछ । उदाहरणको रुपमा भनौं भने एउटा सिंहलाई देख्यो भने सिंहलाई कारण गरी अफ्रिका महाद्वीप, अमेरिका महाद्वीप, सोभियत यूनियन, पुँजीपतिवाद आदिलाई लहरै लगातार विचार गरिने हुन्छ । एक न एक चरित्र अत्यधिक भएको व्यक्ति त्यस चरित्रको दवाव र अभिभूततालाई भोगी त्यस व्यक्तिको मनोविज्ञानको निमित्त त्यो चरित्र नै कारणद्वार वा निस्कने ढोका भएको हुनेछ । दक्षता, चातुर्य र बढी अभ्यासको कारणले मनोविज्ञान कसरी उत्पन्न भएर आउँछ भन्ने कुरा प्रकट भई प्रत्येक जसो व्यक्तिले जानी बुझिसकेको कारणले गर्दा विशेष उल्लेख गरिरहनु आवश्यक छैन ।

आयुष्मान् बुद्धघोष रअन्य अट्ठकथा आचार्यहरुले मनोविज्ञानको आधार वस्तु रुप हृदयवस्तु वा मुटु थैली हो भनी उल्लेख गरेका छन् । यो सिद्धान्त बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि भारतमा विद्यमान रहिसकेको हो । पौराणिक उपनिषद् ग्रन्थहरुमा मुटु थैली भित्र आत्मा रहेको तथ्य देखाइराखेकोलाई माथि उल्लेख गरिसकें । (पृष्ठ १७९) :चक। च्जथक स्बखष्मक को भनाई अनुसार यो धारणा पालिपिटकवाङमयमा बिल्कुल देखापर्दैन । पालिपिटकमा मुटुलाई आधुनिक युगका मानिसहरुले बुझै जस्तै मानसिक सुख शान्ति हुनु मानसिक श्रेष्ठ पवित्रता हुनु मानसिक शूक्ष्मता र कोमलता हुनु आदि रुपमा लौकिक व्यवहार अनुरुप प्रयोग गरी मनोविज्ञानको आधार स्थलको रुपमा देखाइराखेको छैन ।

मुटु मनोविज्ञान वा चित्तको आधार स्थल रुपवस्तु हो भन्ने विषय सर्वप्रथम पालि प्रमाण सहित उल्लेख गर्ने व्यक्ति त बर्मेली प्रज्ञाविद् ऊ. स्वे जां आउँ हो । ऊ. स्वे जां आउँले भगवान् बुद्धले आफ्नो समयमा चित्तको आधार स्थल रुपवस्तुसित सम्बन्धित मानिसहरुको धारणालाई स्वीकार्न नचाहेता पनि धेरै मानिसहरुलाई विरोध गरी उपदेश गर्न नचाहनु भएको कारणले मौन रहनु भएको हो भनिन्छ । यो कुरा सही हुनसक्छ । जीशस् क्राइष्टले पनि ममा तिमीहरुलाई भन्नुपर्ने कुरा थुप्रै छ । तर अहिले तिमीहरुले मेरो कुरालाई स्वीकार्न सक्ने छैनौभनेको छ । सूर्यलाई पृथ्वीले परिक्रमा गर्ने कुरा सर्वप्रथम थाहा पाउने यूरोपेली प्रज्ञाविद् Coaper Nicus ले आफ्नो धारणालाई उद्घोषण नगरी ३६ वर्षसम्म पर्खिरहयो ।

1. **Mrs. Rhys Davids, 1914, "Buddhist Psychology", P. 71.**



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले महाजनहरुको विश्वासलाई गौरव राख्नु हुने विषय ; कुनै एउटा विश्वास मिथ्या भए पनि मानिसहरुको अर्थहितसित विरोधी र प्रतिपक्षी छैन भने त्यस विश्वासलाई निन्दा र उपहास गर्न चाहने मन नरहेको विषय भगवान् बुद्धको अनुशासन पद्धति खण्डमा विस्तृत रुपमा उल्लेख गरिसकिएको छ ।

ऊ. स्वे जां आउँको लेख सम्झन योग्य भएर पूर्ण रुपमा उल्लेख गर्नेछु ।

"धम्मसङ्गणी पालिमा हृदयवस्तुलाई खालि राखी छोडेर जानु हामी बुद्धवादीहरुको निमित्त अनौठो छ । त्यस पालिमा आएका धर्महरु भगवान् बुद्धका उपदेश हुन् भनी हामी विश्वास राख्छौं । हृदयवस्तुलाई बाँकी छोडेर जानु जानीजानी छोडेर जानु हुनसक्छ । बुद्धकालीन मानिसहरुले मुटुलाई चित्तको आधार स्थल रुपमा धारणा राखी सम्झिराखेको हुँदा भगवान् बुद्ध मौन रहनु भएको हो । भगवान् बुद्धले मानिसहरुको धारणालाई स्वीकार्नु हुन्न । तर यदि आफ्नो धारणालाई उपदेश गरेको खण्डमा त्यस धारणालाई धेरै मानिसहरुले स्वीकार्ने छैनन् । त्यसो भएता पनि भगवान् बुद्धले चित्तको आधार सम्बन्धी समस्यालाई पट्ठान ग्रन्थमा आएको अभिधम्म देशनाको निमित्त छुट्टै बाँकी राख्नु भएको थियो । पट्ठान ग्रन्थमा भगवान् बुद्धले धेरै मानिसहरुको सिद्धान्तलाई स्वीकारेको रुपमा मुटु चित्तको आधार स्थल हो भनी भन्नु भएन ।

**1. S.Z. Aung, "Compendium of Philosophy" , P. 278 note by Mrs. Rhys Davids .**

पट्ठान पालिमा आएको कुरा यहाँ दिइन्छ । "चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।" (अर्थ) चक्षुले चक्षुविज्ञानधातुसित र सम्प्रयुक्त धर्महरुसित निस्सय (आधार भरोसा ) प्रत्यय भई उपकार गर्छ । अन्य आयतनहरुलाई पनि त्यस विधि जस्तै देखाएको छ । मनो (चित्त) विषयसित सम्बन्ध राखेर त "यं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।" जुन रुपवस्तु देख्नु जान्नु बुझ्नुको आधार हो । त्यो रुपवस्तुले त्यस देख्नु जान्नु बुझ्नुलाई र सम्प्रयुक्त धर्महरुलाई निश्रय-प्रत्ययद्वारा उपकार गर्छ भनी भनेको छ । (यहाँ मुटु नभनी रुपवस्तु भनिनुलाई याद राख्नु पर्छ । ) यदि अभिधम्म आचार्यले चित्तको आधार मुटु हो भनी विश्वास गरेको भए "रुपवस्तु" "रुप" को ठाउँमा 'मुटु' 'हृदय' पद प्रयोग गरिनेछ ।

"अट्ठकथा आचार्यहरुले यं रुपं...... तं रुपं भन्ने कुरालाई स्पष्ट पार्न आवश्यक भएको कारणले महाजनले स्वीकार र विश्वास गरेको वाद अनुरुप मुटु (हृदय) भनी अभिप्राय व्याख्या गरेका छन् । त्यसरी व्याख्या गर्नु पनि सही छ भनी विश्वास गर्छन् । किनभने भगवान् बुद्ध आफैले हो । तर महाजनले बुझाउन त्यसरी प्रयोग गर्नु र परमार्थ धर्म देशना गर्दा चित्तको प्राथमिक रुप वस्तुको रुपमा प्रयोग गर्नु देखि भिन्नाभिन्नै हुन्छ ।"

**1. S.Z. Aung, "Compendium of Philosophy" , PP. 277-79.**

## खण्ड ८

## प्रतीत्य समुत्पाद



Downloaded from http://dhamma.digital/

विनयपिटक महावग्गमा आएको आयुष्मान् भावी सारिपुत्र उपतिस्स र आयुष्मान् अस्सजि स्थविरहरुलाई भेट्नु भएको घटना बौद्ध इतिहासमा प्रसिद्ध घटना हो । उपतिस्सले आयुष्मान् अस्सजिलाई देख्ने बित्तिकै अत्यन्त प्रसन्न भइकोले तपाईको गुरु को हुनुहुन्छ ? कसको धर्मलाई तपाई रुचाउनु हरन्छ ? भनी सोधे । आयुष्मान् अस्सजिले भगवान् बुद्ध वहाँको गुरु भई बुद्धको धर्मलाई आफूले मन पराएको कुरा जवाफ दिंदा उपस्सिले केही उपदेश गर्नु हुन प्रार्थना गरे । आयुष्मान् अस्सजिले 'ये धम्मा हेतुप्पभवा' आदि गाथाको उपदेश दिनुहुँदा उपतिस्सले गाथाको अन्त्यमा श्रोतापत्ति मार्ग फल प्राप्त गर्नुभयो ।

'ये धम्मा हेतुप्पभवा' गाथा बौद्ध इतिहासमा धेरैले थाहा पाएको प्रसिद्ध गाथा हो । त्यो गाथालाई महायान र थेरवाद दुवै बुद्ध धर्मावलम्बी देशहरुमा रहेको प्राचीन चैत्य स्तूप स्मारकहरुमा संस्कृत र पालिभाषाहरुमा कुँदेर लेखिराखेको पाइन्छ । शिलालेखहरु इँटाहरु पत्रहरु र सूनको बट्टा चाँदीको बट्टा सूनको पत्र चाँदीको पत्रहरुमा त्यो गाथा कुँदी लेखिराखेका छन् । भारतको पुरानो नालन्दा विहारमा फेला परेका इँटा छाप पोलिराखेका पत्रहरुमा ती गाथाहरु समावेश छन् । सद्धर्म पुण्डरीक आदि महायान ग्रन्थहरुको अन्तिम निगमनहरुमा त्यो गाथा समावेश गरी उल्लेख गरिराखेको छ । बर्माको तयेखेत्तया युग पगान् युगका केही केही प्रचीन चीज पदार्थहरुमा पनि त्यो गाथा अंकित गरिराखेको पाइन्छ ।

'ये धम्मा हेतुप्पभवा' आदि गाथा चतुरार्य सत्यलाई संक्षिप्त रुपमा देखाउने गाथा हो । गाथाको अर्थले धर्महरु सबैका कारण छन् ; ती कारणलाई तथागतले उपदेश दिनुभएको छ । ती धर्महरुको निरोधको विषयमा पनि तथागतले उपदेश दिनुभएको छ । अर्को शब्दमा भनौं भने भगवान् बुद्धले दुःखधर्मको उत्पत्ति कारण समुदय सत्य निरोध निर्वाण धर्म र निरोध कारण मार्ग सत्यलाई उपदेश गर्नुभयो भनी भन्न खोजिएको हो ।

चतुः सत्यको क्रम प्राचीन भारतको औषधोपचार गर्ने तरीका अनुरुप लेखिराखेको क्रम हो भनी कुनै कुनै प्रज्ञाविद्हरु भन्छन् । त्यो कुरा ठीक छ छैन भन्नुलाई अलग्ग राखी बुद्धवानमा औषधी विज्ञानमा जस्ता कारणधर्मलाई खोजी गर्नु अत्यावश्यक रहेको तथ्यलाई शंका गर्नुपर्ने छैन । "जुन व्यक्तिले कारण धर्म उत्पन्न हुनुको मूललाई देख्ने छ ; त्यस व्यक्तिले धर्मलाई देख्छ ।" (म.नि. ) बुद्धघोषाचार्यको विचार अनुसार "धम्माति हेतु-धर्म कारणधर्म नै हो ।"

त्यसरी बुद्धवादमा कारण कार्य नियाम धर्म अत्यावश्यक हुनु वास्तवमा अचम्म मान्नुपर्ने होइन । बुद्धवादको उद्देश्य मनुष्य प्राणीहरुलाई संसार वर्त दुःखबाट मुक्त हुने कारण मार्ग प्रदर्शित गर्नु हो । बुद्धवादले विश्वलाई सृजन ।गर्ने मालिकको रुपमा अन्यवादीहरुले विश्वास राख्ने परमेश्वरलाई समर्थन गर्दैन । त्यसकारण मानिसहरुले अनुभव गर्नुपर्ने दुःख परमेश्वरको इच्छानुसार उत्पन्न भएर आएको हो भन्ने धारणालाई तिरस्कार गर्छ । तर दुःख विना कारण त्यसै त्यसै आफसेआफ उत्पन्न भएर आएको पनि होइन । कारण रहेर नै दुःख उत्पन्न हुन्छ । बुद्धवादको मतानुसार दुःख उत्पन्न हुनुको त्यो मूलकारण धर्म तृष्णा र लोभ हो ।

भगवान् बुद्धको बुद्धत्व प्राप्ति पछि वहाँले निम्नानुसार उदान व्यक्त गर्नुभएको छ ।-



Downloaded from http://dhamma.digital/

"मैले स्कन्ध शरीर भन्ने घर बनाउने डकर्मीलाई खोजी गरेता पनि त्यस डकर्मीलाई देख्न जान्न नसकेकोले धेरै धेरै जन्म घुमी वारबार प्रतिसन्धि ग्रहण गर्नु दुःख रहेछ । हे तृष्णारुपी डकर्मी, तिमीलाई मैले अहिले देखें, फेला पारें । यो स्कन्धगृहलाई तिमीले फेरी अर्कोचोटी बनाउन पाउने छैनौं । तम्रो क्लेशरुपी दलीन रधुरीहरुलाई मैले भाँचिदिइसकें । अविद्या रुपी घरको शिखरलाई विनाश पारिसकें । मैले तृष्णाक्षय भएको अरहत्त फललाई लाभ गरिसकें ।" (धम्मपद १५४) ।

यी कथनहरुद्वारा दुःखको उत्पत्ति मूल कारण वा समुदय सत्य प्रकट भएको छ । भगवान् बुद्धको समुदय सत्यसित सम्बन्ध राखी पश्चिमी राष्ट्रको एउटा प्रज्ञाविद्‌ले निम्नानुसार टिप्पणी गरेको छ ।

"दुःख तृष्णाको कारणले उत्पन्न भएर आएको हो भन्ने तथ्य भगवान् बुद्धको प्रज्ञाज्ञानले विशिष्ट रुपमा देख्नु जान्नु भएको तथ्य हो । यो भगवान् बुद्धले सवृप्रथम देख्नु जान्नु भएको तथ्य कतिको सही भएको छ भन्ने कुरा हामी भन्न सक्तैनौं । भगवान् बुद्ध एक्लैले मात्र सर्वप्रथम देख्नु जान्नु भएको तथ्य नभएको कारणलाई त वृहदारण्य उपनिषद् ग्रन्थमा तृष्णाको कारण उल्लेख गर्ने तथ्यहरुलाई आधार बनाई जानिन्छ । त्यसो भएता पनि भगवान् बुद्ध समुदय सत्यको गम्भीर विस्तृत र व्यापक हुनुलाई सर्वप्रथम देख्नु जान्नु भई त्यस सत्य धर्मलाई सबभन्दा पहिले स्पष्ट र सुनिश्चित रुपमा `पदेश गर्नुहुने व्यक्ति हो । समुदय सत्य अति गम्भीर भई विचार विमर्श ज्ञान भएका व्यक्तिहरुले यसको गम्भीरपना र यर्थाथतालाई प्रतिरोध गर्ने छैन भनी म सम्भन्छु । तृष्णालाई प्रहाण गर्नु दुःखको मूललाई प्रहाण गर्नु हो । त्यसो भएर यो समुदयसत्य बुद्धवादको धर्महरुमध्ये निकै महत्वपूर्ण धर्म हुनुमा आश्चर्यलाग्दो छैन् ।

संसारमा मनुष्य प्राणीहरुको प्रमुख आशा छन्दहरु धेरै छन् । ती प्रमुख आशा छन्दहरुको कारणले मानिसमा शारीरिक दुःख र मानसिक दुःख हुन्छ । मानिसको प्रमुख आशाा छन्दहरु सिद्ध गर्न मुश्किल पर्नु, एउटाको आशा छन्दसित अर्कोको आशा छन्द प्रतिपक्ष हुनु, त्यसरी प्रतिपक्ष भएको कारणले मनुष्य लोकमा कलह विवादहरु वृद्धि हुनु, सबै मानिसको आशा छन्दहरु सिद्ध भई कलह विवाद हुनु बिल्कुल शून्य हुँदा पनि मनुष्य लोक विकास नभई मानिसले आफ्नो जीवनप्रति उदास उद्विग्न र घृणा भएर आउनु "दुःख सत्य" खण्डमा लेखिसकेको भएर फेरि उल्लेख गरिरहनु आवश्यक छैन । पालिपिटकमा पनि तृष्णा लोभका दोषहरुलाई थुप्रै उल्लेख गरेर राखेको हुँदा बुद्धवादीहरुले यिनीहरुलाई कम वा अधिक पढिसकेको हुनसक्छ । केही पालिहरुलाई उदाहरणको रुपमा उल्लेख गरिन्छ ।

"तृष्णाले यो संसारलाई माथि विनाश गरिरहन्छ । सबैतिरबाट बुनिन्छ । जकडिएको तानको धागो अंतडि जस्तै नै हो । पंछीहरुको गुडँ जस्तै हो । कुहिएको डोरी जस्तै जकडिएको हुन्छ । तृष्णाको कारणले मानिसहरुले सुखरहित संसारलाई अतिक्रमण गर्न सक्दैन ।" (अं. नि. चतुक्कनिपाल तण्हाजलिनी सुत्त ) ।

1. **J. B. Pratt, op. cit, P. 25.**



Downloaded from http://dhamma.digital/

”तृष्णा भनेको कष्ट र शान्ति दिने भयानक रोग जस्तो हो । फोका परेको खटिरा जस्तै हो । बिझने बाण रोग जस्तै हो । फोका परेको खटिरा जस्तै हो । बिझने बाण र काँडा जस्तै हो ।” ( सलायतन संयुक्त-एजा सुत्त ) ।

”कुष्ट रोग लागेको व्यक्तिले आफ्नो घाउलाई च्यातेर लिंदा मज्जा पाए जस्तै सत्वप्राणीहरु कामगुणमा विरत नभएको राग भएको भई कामतृष्णा रुपी आगोले दनदन दन्किरहेको, नष्ट भ्रष्ट इन्द्रिय भएको कारणले गर्दा दुःख स्पर्श मात्र भएको आगोमा सुख छ भनी विपरीत संज्ञा लाभ गरिरहेको हुन्छ ।” (म.नि. मागण्डिय सुत्त ) ।

मानिसको तीव्र आशा छन्दहरुले लौकिंक उन्नति बृद्धिलाई उपकार गर्छ । मानिसले यथार्थमा आशा छन्दहरुको प्रेरणाले आफ्नो जीवन स्थिर राख्न, उन्नति बृद्धि गर्नको निमित्त दुःख भोगी काम गरिरहनुपर्छ । यहाँनिर बुद्धवादलाई नरुचाउने केही पश्चिमी राष्ट्रका नागरिकहरुले मानिसहरुलाई तृष्णा लोभ प्रहाण गर्न प्रेरणा दिनु मनुष्य संसार उन्नति र बृद्धि गर्नुलाई विनाश गरेको विघ्नबाधा पुऱ्याएको हुँदैन र भनी सोध्छन् । तिनीहरुको तर्क प्रत्येक मानिसले मास खान छोडेमा अन्तिममा तिरश्चीन पशु संख्या असाध्य बृद्धि भई मनुष्य लोकलाई विनाश गर्दैन र भनी मांस खान चाहने व्यक्तिहरुले दिने जस्तो तर्क प्रत्येक व्यक्ति भिक्षु भएमा अन्तिममा मनुष्य प्राणीको वंश परम्परा छिन्न भएर जाँदैन र भनी कामगुणप्रति ममता भएका व्यक्तिहरुले दिने जस्तो तार्किक कुरा हो ।मानिस महत्वाकांक्षी भएमा उन्नति र विकास हुने कुरा सही भए पनि त्यस प्रकारबाट भएको उन्नति र विकास दुःखसित गाँसिरहने भएको कारणलाई माथि उल्लेख गरिसकेको छु । (पृष्ठ १६०-१ )

समुदय सत्यसित सम्बन्ध राख्ने पश्चिमी राष्ट्रका नागरिकहरुको एउटा गलत र मिथ्या धारणा छ जुन धारणा बुद्धवादकोविचारधारा अनुसार मानिसहरुका सबै आशा छन्द रुपी नराम्रो अकुशल चित्त हो । हरेक विषयलाई लिएर विभाजन र परीक्षण गरी उपदेश दिने तरीकालाई अपनाउने विभज्जवादी भगवान् बुदले मानिसहरुको आशा छन्दहरुलाई विभाजन र परीक्ष्ँण नगरी कुनै पनि विषयलाई निन्दा र उपहास गर्नुभएको थिएन । अरुको भलो देख्न चाहने छन्द, विश्व शान्तिको चाहना गर्ने छन्द आदि भगवान् बुद्धको विचार अनुसारका पवित्र छन्द वा कुशल चित्तहरु मनिन्छन् । भगवान् बुद्धले लौकिक एवं लोकुत्तर बृद्धि हुने धर्महरुलाई उपदेश गर्नु भएकोले वहाँबाट उपदेशित ती धर्महरु पवित्र आशीष छन्दहरुमाथि आधारित हुने हुन्छ । आठ मार्गाङ्गमा सम्यक.छन्द देखिएको छैन, तर आठ मार्गाङ्गमा समावेश भएको सम्यग्व्यायाम (श्रेष्ठ पवित्र उद्योग ) सम्यक्छन्द (पवित्र आशाछन्द ) माथि नै आधारित रहेको तथ्य भने बुझनु योग्य छ ।

त्यसकारण आशा छन्दलाई तृष्णा र लोभसित अलग्ग गरी बुझनु आवश्यक छ । पालिपिटकमा कुनै कुनै ठाउँमा “छन्द” लाई तृष्णा शब्द प्रयोग गरिराखेको पाइन्छ तापनि ‘तण्हा’ र ‘छन्द’ भन्ने पालिपद द्वयको सम्बन्धमा पालिप्रज्ञाविद् Mrs. Rhys Davids ले लेखेका निम्न कुरा मननीय छ । “तृष्णाको ठाउँमा छन्द पद प्रयोग गरी हाम्रा व्रताचरण सम्बन्धी दृष्टिकोणहरुलाई फितलो पार्नु उचित छैन । छन्द र तृष्णाको एउटै अभिप्राय भएको भए भएभरको आशा छन्द हीन र निकृष्ट चित्तहरु झैं मात्र हुन जाने हुन्छ ।



Downloaded from http://dhamma.digital/

......आशक्ति अथवा हीन छन्द तृष्णा हो । चित्तविज्ञान अनुसार 'छन्द' भनेको वेदना चैतसिक र चेतनाको समवाय हो । तसर्थ इच्छा हुनुलाई छन्द भन्नु उपयुक्त छ । छन्द चैतसिक धर्म भएर पनि अव्याकृत धर्म हो । धर्म छन्द कुशल चित्त भएता पनि काम छन्द अथवा तृष्णा युक्त अवस्थामा यो छन्द अकुशल चित्तकोरुपमा परिवर्तन हुन्छ ।"

यस विषयमा एकजना पश्चिमी बौद्ध ग्रन्थकारले निम्नानुसार लेखेको छ ।

"बुद्धदेशनामा व्यवहृत शब्दहरुलाई अर्थानुरुप भाषान्तरण गर्दा हामीले भगवान् बुद्धको क्रियाकलापलाई अवगत गरी भाषान्तर गर्नुपर्ने हुन्छ । भगवान् बुद्धले ४५ वर्षसम्म आफ्नो मार्ग पद्धति अनुरुप आचरण, उद्योग र अभ्यास गर्नुभएको हुँदा त्यस मार्गक्रम र त्यही मार्गक्रमको उद्देश्य अनुकूल भगवान् बुद्धको व्यवहार र वचनहरुकाअभिप्राय वर्णन गर्नु अत्यन्त महत्वपूर्ण हुनेछ । कुनै कुनै कृत्यहरुलाई वहन गर्नु परेको कारणले भगवान् बुद्धमा पनि छन्द रहेको हो । भगवान् बुद्धको आशा छन्दअनुरुप उद्देश्य सफल नभएमा मानसिक दुःख दिलाउने प्रकारको आशाछन्द नभएता पनि वास्तविक आशाछन्द नै भएको तथ्यप्रति संशय गर्नुपर्ने ठाउँ छैन । भगवान् बुद्धले मनुष्य सत्वहरुलाई दया राखी संसारको वर्त दुःखबाट मुक्त हुने धर्म बृद्धि गर्ने अभिभारालाई वहन गर्नुभयो । भिक्षुसंघ र गृहस्थीहरुको उन्नति बृद्धि गर्ने खालका कृत्यलाई निरन्तर रुपमा उद्योग गरेर वहन गर्नुभएको थियो । भगवान् बुद्धले ती उद्देश्यहरुप्रति अभिमुख भई निरन्तर प्रयत्न र उद्योग गर्नुभएको थियो । तर ती उद्देश्यहरु सफल पार्न छन्द नभएमा हामीले "आशा छन्द" शब्दलाई अभिप्रायमा सीमित गरी कुनै न कुनै तरीकाले भाषान्तरण गर्नुपर्ने हुन्छ ।"

1. **S.Z. Aung, "Compendium of Philosophy" , P. 245, footnote.**

सम्पूर्ण आशाछन्द तृष्णालोभ जस्तै अकुशल चित्त नभएता पनि दुःखसित कम वा अधिक सम्प्रयुक्त भइरहेको कारणलाई हामीले स्वीकार्नु पर्ने हुन्छ । कुनै आशाछन्द जतिसुकै पवित्र र परिशुद्ध भएता पनि त्यो आशाछन्द पूर्ण नभएमा बुद्ध र अरहन्तहरुलाई बाहेक अन्य सम्बन्धित पृथग्जनलाई यसले मानसिक दुःख दिलाउने हुन्छ । यदि छन्द पूर्ण भयो नै भनेता पनि त्यो छन्द पूर्ण हुनु पश्चात त्यो सँगै अनित्य धर्म समावेश भएर आउने हुँदा त्यो सदाको लागि छन्द पूर्ण हुनु नभई अर्को दिनमा इच्छानुसार नभएर वा मानसिक दुःख भएर मात्र क्षन्त हुने हुन्छ ।

2. **J. B. Pratt, op. cit, P. 26.**

यस विषयमा अकुशल चित्तसित सम्प्रयुक्त भएको हीन आशाछन्दहरुले मात्र दुःखलाई निर्माण गर्छ । भन्ने हाम्रो धारणा छ । तर Psychoanalysis प्रज्ञाको दृष्टिकोण अनुसार मानिसहरुले दक्ष, सभ्य र संस्कृत भएर हीन चित्त एवं असभ्य चित्तहरुलाई दमन गर्न चाहेको छन्दको कारणले उनीहरुले मानसिक शान्ति लाभ गर्न नसकेको हुन्छ । (पृष्ठ १६२ ) । यो सिद्धान्त बुद्धवादसित मेल खान्छ भन्नु अत्युक्ति हुने छैन । राम्रो चित्त भएमा सदैव मानसिक शान्ति पाउने छ भनी एकोहोरो रुपमा सम्झि राख्ने व्यक्तिहरुले पिटकमा आएका निम्न कथनहरुलाई विचार विर्मश गरी हेर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital/

बुद्ध-"हे उदायी, परप्राणी हिंसा गर्नु ; अरुहरुको सम्पत्ति चोर्नु; कामगुणहरुमा मिथ्या किसिमले आचरण गर्नु र झुठ कुरा गर्नुलाई विरमण गरिरहने अवस्थामा चित्त वास्तवमा सुखी भइरहेको हुन्छ कि ? सुख दु:ख सम्मिश्रण भइरहेको हुन्छ ।" तिमी कस्तो ठान्छौ ?"

उदायी- "भन्ते भगवान् सुख दु:ख सम्मिरुण भइरहेको हुन्छ ।"( म. नि. चूलसकुलुदायी सुत्त ) । "भिक्षुहरु हो, वर्तमान अवस्थामा उद्योग गरिरहेको क्षणमा दु:ख कष्ट युक्त भएर पछिल्लो अवस्थामा सुख उत्पन्न गराउने धर्म बहन गर्नुपर्छ । जस्तै- कुनै कुनै व्यक्तिहरु परप्राणी हिंसा गर्नु ; परवस्तु चोर्नु ; गलत तरीकाले मैथुन सेवन गर्नु र असत्य बोल्नु आदिलाई विमरण गर्नाले दु:खपूर्ण दौर्मनस्य वेदना अनुभव गरिरहन्छन् ।" ( म.नि. महाधम्मासमादान सुत्त ) ।

भगवान् बुद्धले मैत्री धर्मको गम्भीर रुपमा उपदेश गर्नुभएको छ । मेत्तसुत्तमा हामीले वेनेय्य सत्वप्राणीहरुमाथि आमाले बालक छोरोप्रति राख्नुपर्ने जस्तो मैत्री राख्नु योग्य छ भनेको छ । सिङ्गालोवाद सुत्तमा भगवान् बुद्धले उपदेश गर्नुभएको पुरुष कर्तव्य, स्त्री कर्तव्य, पुत्र पुत्री कर्तव्य र मातापिता कर्तव्यहरुमध्येमा पुरुषले स्त्रीलाई स्त्रीले पुरुषलाई छोराछोरीले आमाबाबुलाई आमाबाबुले छोराछोरीलाई अत्यन्त दया माया स्नेह र श्रद्धा गर्नुपर्छ भनी विशेष रुपमा नभनेता पनि दया माया स्नेह प्रेम र श्रद्धा नभइकन वा आफ्नो संसर्गमा रहेका व्यक्तिहरुलाई भलाई गर्न चाहने छन्द प्रमुख नबनाइकन तिनीहरुले भगवान् बुद्धप्रतिको अववादलाई आचरण र अभ्यास गर्न सक्ने छैन । त्यो छन्द, माया, स्नेह र प्रेमको कारणबाट नै दु:ख प्रादुर्भाव भएर आउनु अवश्यम्भावी छ ।

बुद्धको पालामा एक जना महाजनले आफ्नो छोरो मर्दा रुपी अग्नि दन्किइ भगवान् बुद्धकहाँशान्त्वना प्राप्त गर्न गयो । भगवान् बुद्धले उनलाई सम्झाउनु भयो-हे गृहपति, रुनु, शोक हुनु, दु:ख हुनु र दौर्मनस्य हुनुको कारण प्रेम हो । भगवान् बुद्धको यस उपदेशप्रति गृहपतिलाई सन्तोष भएन । कोशल राजले पनि शुरु शुरुमा बुद्धको त्यस उपदेशप्रति संशय गर्दा मल्लिनका महारानीले त्यसको कारणकारणलाई स्पष्ट पारिदिंदा मात्र राजाले सम्झेर बुझेका थिए ।( म. नि. पियजातिक सुत्त ) वास्तवमा भगवान् बुद्धको कथनलाई विरोध गर्नु गाह्रै कुरा हो । प्रेम रयसबाट उत्पन्न आशाछन्दहरुले तृष्णा लोभ जस्तो अकुशल चित्त नहुने भएता पनि दु:खलाई सृष्टि गर्छन् । त्यस कारणले नै पिटकवाङमयमा 'छन्द' लाई 'तण्हा' सँगसँगै समुदय सत्यको क्षेत्रमा समावेश गरिराखेको हुनसक्छ ।

त्यस अतिरिक्त छन्द अथवा तृष्णा पृष्ठभूमि रहेको कुशल अकुशल कर्महरुले भगवान् बुद्धको विचार अनुसार भवसंसारलाई लम्ब्याइदिन्छ । "हे आनन्द, कुशल कर्म अकुशल कर्महरु खेत जस्तो हो । अभिसंस्कार विज्ञान बीज जस्तो हो ।" (अं. नि. तिकनिपात पठमभव सुत्त ) । यहाँनिर तृष्णा पृष्ठभूमि रहेको कुशल कर्मलाई मात्र भन्न चाहेकाु तथ्यप्रति याद राख्नु उचित छ । पुनः नयाँ जन्म हुनुमा कुशल रअकुशल कर्म नै प्रमुख कारण होइन । त्यस्तो कारण भएको भए भगवान् बुद्धको शील धर्म निरर्थक (अफाप) सिद्ध हुनेछ । यसको प्रमुख कारण धर्म तृष्णा नै हो ।

वास्तवमा मानिसहरुले तृष्णासित सम्प्रयुक्त भई प्रायशः कुशल कर्म भनी गर्छन् । दान बीजको निमित्त दान दिने अथवा सांसारिक भव सम्पत्तिको निमित्त फल प्राप्तिको लागि उपोसथ समादान गर्ने बुद्धवादीहरु ह्मम्रो अगाडि दृष्टान्त रुपमा विद्यामान छ । पुनर्जन्मलाई तिरस्कार गर्ने



Downloaded from http://dhamma.digital/

रुपवादीहरुले पनि तृष्णा रहित दान शील आदि कुशल कर्ममा लागेको भनी भन्न सकिन्न । किनभने ख्याति चाहनु, अरुबाट प्रशंसा चाहनु, अन्ध परम्परायुक्त पौराणिक परिपाटीको अनुशरण गर्नु आदि यथार्थमा भवतृष्णा पृष्ठभूमि रहेका कुशल कर्महरु हुन् ।

जर्मन प्रज्ञाविद् दार्शनिक Schopenhauer ले समुदय सत्यलाई केही हदसम्म जाने बुझे जस्तो छ । उनले विश्वलाई मानिसको आशाछन्दहरुले अधिकार जमाई भुमरीभित्र घुमाई राखेको स्थितिलाई कोट्याएर उल्लेख गेर देखाएका छन् । उनको केही यस्ता विचारलाई यहाँ उल्लेख गर्न सकिन्छ -"हामीले कुनै न कुनै कारण भएकोले कुनै वस्तुलाई चाहेको होइन । त्यो वस्तुलाई चाहेको कारणले मात्र कारण युक्तिलाई खोजी गर्नु परेको हो । कुनै एक व्यक्तिलाई आरणाकारण स्पष्ट पारी देखाउनुमात्रले त्यो व्यक्तिमा सही दृष्टि लाभ हुने होइन । किनभने मानिसहरुप्रति प्रभुत्व जमाउने विषय आशाछन्द हो । त्यसैकारण कुनै व्यक्तिलाई आफूतिर तान्नुमा त्यस व्यक्तिको आशाछन्दलाई बुझ्नु आवश्यक छ । हामीले आफ्ना सफलतालाई दीर्घकालसम्म सम्झी असफलतालाई छिटै बिर्सने तथ्यप्रति होश गर्नुपर्छ । मानिसले कुनै चीजको आशा राखी कार्य गरेको होइन । पछिल्तिरबाट प्रेरणा दिने विषय प्रतिसन्धि देखि गाभेर आएका आशाछन्दहरु हुन् । मानिसले त्यो स्वभाव छन्दहरुलाई सधैं जानिरहेको नभएता पनि त्यो आशाछन्द वा भवतृष्णाले मानिस र तिरश्चीनहरुलाई नित्य प्रभुत्व जमाइराखेको छ । भवतृष्णाको शत्रु त यमराज हो । तु मानिसले घर गृहस्थी जमाई वंश परम्परा कायम राख्ने कार्यद्वारा भवतृष्णाले यमराजलाई जित्न सक्नुको लागि कोशिश गर्ने गर्छ । ....."

अवश्य हो । मानिसले छोराछोरीलाई चाहनु आफू मरिसकेपछि आफ्नो उत्तराधिकारीको रुपमा प्रतिनिधित्व गर्ने व्यक्ति बाँकी राख्न चाहेको आशीष छन्दको कारणले विहार चैत्य धर्मशालाहरुमा दाताहरुको नायँ प्रष्ट रुपमा लेखिराख्ने चलन हुनु आदि पनि भवतृष्णाद्वारा यमराजप्रति समर्पित नभई पराजितभाव देखाउन नचाहने स्वभाव लक्षणहरु भएको कुरा बुझ्नुपर्दछ ।

कामतृष्णा, भवतृष्णा र विभवतृष्णा भनी तीन प्रकारका तृष्णा छन् । कामतृष्णा र भवतृष्णाको विषयलाई विशेष लेख्नु आवश्यक छैन । विभवतृष्णाको अभिप्रायलाई भने विचार विर्मश गर्नु आवश्यक छ । विभवतृष्णा भनेको उच्छेद दृष्टिसित सम्प्रयुक्त भएको तृष्णा हो भनी अट्ठकथाका आचार्यहरुले भनेका छन् । म्च। च्जथक म्बखष्मक ले त विभवतृष्णा मानिस मरेपछि जीवन छेदन हुन्छ ; तसर्थ नमरुन्जेल कामगुण सुखलाई भए जतिको सामर्थ्यले भोग्नु योग्य छ भनी विश्वास गर्ने रुपवादीहरुमा रहेको तृष्णा हो भनी लेखेको छ । तर 'वि' शब्द विस्तृत हुनु ; गम्भीर हुनु आदि अर्थवाची पनि भएर लण्डन पालि सोसाइटीले निकालेको पालि शब्दकोषमा विभवलाई हुकुम शक्ति ; सुख वैभव भनी अर्थ देखाएको छ । त्यसो भएर संसारमा प्रभावशाली भई प्रकट हुनु, कीर्ति फैलनु, वचनमा प्रभुत्व हुनु, यश परिवार धेरै हुनु आदिप्रति ममता राखी सामान्य मानिसहरुको भन्दा विशिष्ट जीवनको चाहना गर्नु पनि विभवतृष्णा हो भनेमा भूल हुने छैन । जर्मन दार्शनिक आचार्य Nietzsche's ले विस्तृत रुपमा व्याख्या गरी लेखिराखेको पराक्रमी आजानेय्य व्यक्तिवाद विभवतृष्णामाथि आधारित भएको वाद हो ।

1. **Will Durant, "The Story of Philosophy", PP. 312,-3-17.**



Downloaded from http://dhamma.digital/

तृष्णाप्रवल, परिपक्व र बृद्धि हुने अवस्थामा उपादान हुन आउँछ। उपादान भनेको तीब्र, दृढ र प्रबल रुपमा आशक्त हुनु हो । उपादान कामउपादान, दृष्टिउपादान, शीलव्रतउपादान र आत्मवादउपादान भनी चार प्रकारका छन्। कामउपादान ( कामगुणलाई तीव्र रुपले आसक्त हुनु ) र आत्मावादउपादान ( आत्मावादलाई तीव्र रुपमा आसक्त हुनु ) विषयलाई विशेष उल्लेख गरिरहनु परोइन। शीलव्रत उपादान र दृष्टि उपादान विषयमा भने केही न केही विचार विमर्श गर्नु उचित हुनेछ।

1. **T.W. Rhys Davids, "Early Buddhism", P. 56.**
2. **Nietzsche's Superman and the Will-to-Power.**

विसुद्धिमग्ग गैन्थमा आयुष्मान् बुद्धघोषले धम्मसङ्गणी ग्रन्थलाई उद्धत गरी गोरु कुकुर आदिको आचरणलाई विशुद्ध छ चनी आसक्त हुनु शीलव्रतउपादान हो भनी भनेको छ । यो कथन सही भएमा त्यो उपादान बुद्धकालीन अवस्थामा कुनै कुनै तैर्थिकहरुमा त्यस्तो उपादान बिल्कुल देखापर्ने छैन। ऊ. स्वे जां आउँ र पश्चिमी राष्ट्रका पालि प्रज्ञाविद्हरुले त्यस्तो उपादानलाई लौकिक मङ्गल, रीतिरिवाज चाल चलन (Rites and Ceremonies) हरुमा आसक्त हुनु भनी अर्थ व्यक्तः गरिराखेको हुँदा त्यो अर्थाभिव्यक्ति बढी यर्थाथ हुनेछ। त्यस अर्थाभिव्यक्ति अनुसार भन्ने दानको पुण्यानुमोदन गर्नु, परित्राण पाठ गर्नु, मङ्गलस्तुति पाठ गर्नु, देवबलि ख्वाउनु, बुद्ध पूजा गर्नु आदि शीलव्रत उपादानसित सम्बद्ध कार्यहरु हुन्।

“सीलब्बत” लाई लण्डन पालि सोसाइटीबाट निकालेको पालि अंग्रेजी शब्लकोषमा “शीलाचरणप्रति आसक्त हुनु” शीलाचरण मार्ग, फल र निर्वाणको निमित्त पर्याप्त छ भनी धारणा राख्नु” भनेर पनि अर्थ व्यक्त गरिराखेको छ। तसर्थ शीलव्रत उपादान व्रत र शीलाचरणप्रति आसक्त हुनु भनेर पनि अर्थको अभिप्राय लिइन्छ। शील निर्वाणयात्रा मार्गमा एउटा विश्राम स्थलमात्र हो सिवाय बुद्धवादको प्रमुख प्रधान धर्म होइन। त्यस अतिरिक्त व्रत र शील भनेको प्रायशः देश र समय पछि लागि परिस्थिति अनुसार परिवर्तन, परिवर्द्धन र सुधार गर्नुपर्ने धर्म भएकोले शीलको क्षेत्रमा आसक्त हुनु र रुढिवादी हुनुले आफूलाई र अरुलाई कारण प्रतिकूल दुःख जनाउने कुरामा शङ्का गर्नुपर्ने छैन।

1. **Nyanatiloka, "Buddhist Dictionary" , P. 148. S.Z. Aung, "Compendium of Philosophy" , P. 171.**

वास्तवमा भन्ने हो भने शीलव्रत उपादान दृष्टि उपादानमा समावेश छ । किनभने योउपादान शीलसित सम्कन्धित एउटा सिद्धान्तमा तीव्ररुपले आसक्त भई दृष्टि उपादान भन्ने शीलको क्षेत्रमा होस् वा अन्य क्षेत्रमा एउटा सिद्धान्तलाई तीव्र रुपमा आसक्त भई विश्वास गर्नु हो। धम्मसङ्गणी र विसुद्धिमग्ग ग्रन्थहरुमा दृष्टि उपादानलाई गलत सिद्धान्तहरुमा तीव्र रुपले आसक्त हुनु भनी अर्थ व्यक्त गरिराखेको छ । त्यसो भए पनि मिथ्यादृष्टि उपादान भनी पिटकवाङमयमा नआएकोले गर्दा यो उपादान गलत सिद्धान्तमा आसक्त हुनुलाई मात्र अभिव्यक्त गर्ने होइन। गलत सिद्धान्त होस् वा सही सिद्धान्त जुनसुकै सिद्धान्तमा भए पनि प्रज्ञाद्वारा निरीक्षण नगरी विश्वास राख्नु एवं आसक्त हुनुलाई अभिव्यक्त गर्ने हो भन्ने बुझिन्छ। यो कुरा सही होकि संसारमा जतिसुकै



Downloaded from http://dhamma.digital/

गम्भीर रसत्य भएको सिद्धान्त किन नहोस् समय र देशलाई नहेरी लिंढेढिपी लिई त्यस्तालाई स्वीकारी आचरण गर्नुले मानिसहरुलाई अर्थ हितबाट हानी पुऱ्याईने हुन्छ।

**१. यो विषयलाई "शीलाधारण" खण्डमा विस्तृत रुपमा दर्शाइने छ।**

उदाहरणार्थ-परमार्थ हिसाबले पुद्गल सत्व छैन भन्ने भगवान् बुद्धको अनात्मवादलाई तीव्ररुपले आसक्त हुने व्यक्ति नास्तिकवाद उच्छेदवाद क्षेत्रभित्र अवतरण हुन जान्छ। त्यसकारण भगवान् बुद्धले आत्मा छैन भनी निश्चित र स्पष्ट रुपमा उपदेश नगर्नु भएको हो। यस ठाउँमा चार उपादानभित्र समावेश भएको आत्मवाद उपादान विचारयीय छ। यस उपादानलाई आत्मा छ भनी आसक्त हुनु विश्वास राख्नु भनी अट्ठकथाहरुमा वर्णन गरिराखेको छ। ऊ. स्वे. जां आयँ र पच्छिमी राष्ट्रका पालिप्रज्ञाविद्हरुले त आत्मासित सम्बन्धित वादमा आसक्त हुनु भनी अर्थ व्यक्त गरिराखेकोले त्यो अर्थ अभिप्राय बढी उपयुक्त छ भन्नु उचित छ।

"प्रज्ञावान्मा प्रेम गर्न एवं ममता राख्न छोरा छोरी गाई भैंसी खेतबारी उपलब्ध छैन। आत्मासित सम्बन्ध राखी "यस्तो हो" या "यस्तो होइन" भन्ने धारणा र दृष्टि पनि छैन।" (सुत्तनिपात अट्ठकवग्ग पुराभेद सुत्त)। यसरी बुद्धवादले आत्मालाई तिरस्कार गरे पनि आत्मासित सम्बन्धित सबै प्रकारका रुढिवादलाई पनि यसले तिरस्कार गर्छ। यथार्थमा भन्ने हो भनी भगवान् बुद्धको मार्ग पद्धति आत्मा सम्बन्धी समस्यामा मात्र होइन ; जुनसुकै समस्या र जुनसुकै क्रियाकलापमा रुढिवाद वा दृष्टि उपादानलाई विरमण गर्नु हो। आफ्नो सिद्धान्त मात्र ठीक छ ; अन्य सिद्धान्तहरु सबै गलत छन् भन्ने वाद आसक्ति इच्छा गर्न अनुपयुक्त भएको कारणले त्यो उपादानको दोषहरुलाई पिटक इतिहासमा अतिप्राचीन सुत्तनिपात पालि अट्ठकवग्ग पसुर सुत्त, मागण्डिय सुत्त, सुद्धट्ठक सुत्त, परमत्थक सुत्त, चूलब्यूह सुत्त आदि धेरै सुत्तहरुमा विस्तृत रुपमा उल्लखित छ।

1. **S.Z. Aung, "Compendium of Philosophy" , P. 172**

संसारमा जतिसुकै सही सिद्धान्त भएता पनि ती सिद्धान्तलाई नित्य, स्थावर र दृढ रुपले मुट्ठीमा राखिछाड्नु सम्भव छैन। बुद्धवाद सही र राम्रो भएर पनि बुद्धवादलाई राष्ट्र सरकार सहित जनताले सबै क्षेत्रमा पूर्णरुपमा आचरण पालन गरिएमा बर्माको लौकिक कृत्यहरुमा अरु राष्ट्रहरुको झैं बृद्धि र विकास हुने छैन्। विश्व शान्तिलाई प्रत्येक व्यक्तिले चाहना राख्नुपर्ने अवश्य हो। तर अन्य राष्ट्रहरुको स्वतन्त्रतालाई डर धम्की दिने युद्धवादी राष्ट्रका सरकारहरुसित व्यवहार गर्दा आवश्यकतानुसार विश्व शान्तिलाई उपेक्षा पर्यन्त गर्नुपर्ने हुन्छ। यसरी धेरै यर्थाथ सत्य धर्महरु समय र देशको अवस्थालाई हेरी आचरण गर्नुपर्ने छन्।

त्यस अतिरिक्त कुनै एउटा सिद्धान्तको गलत वा सहा हुनुमा त्यो सिद्धान्तलाई स्वीकारी विश्वास गर्ने व्यक्तिको प्रज्ञाज्ञानको स्तर वा श्रेणीमाथि आधारित भएको तथ्यलाई ध्यानमा राख्नु उचित छ। कुनै कुनै सिद्धान्तहरु हाम्रो दृष्टिमा गलत देखिएता पनि त्यतिको प्रज्ञाज्ञान परिपक्व भइ नसकेका व्यक्तिहरुको लागि त्यो सही जस्तै हुन सक्नेछ। ती सिद्धान्तहरुले ती व्यक्तिहरुलाई हित पनि गर्ने हुन्छ। त्यसकारण भगवान् बुद्धले मानिसहरुका कुनै सिद्धान्तहरुलाई कत्ति पनि आलोचना जगरी उपेक्षाभाव राखी त्यसै छोडनुभएको छ। "यही सिद्धान्तमात्र सही छ अन्य सिद्धान्त निरर्थक हो



Downloaded from http://dhamma.digital/

भनी भन्नु उचित छैन ।" यो विषयलाई पालिवाङमय र पिटकवाङमयमा बारबार देखापर्ने कथन भएको हुँदा दृष्टि उपादान रहित नभएको प्रत्येक बुद्धवादीले यसलाई राम्ररी सम्झनु उचित छ । यो अवश्य हो कि हामी जति जति दृष्टिउपादान कम गर्दै जान्छौं त्यति त्यति विश्व दिन पर दिन सुख शान्तिपूर्ण ररमणीय भएर आउनेछ ।

पालिपिटकमा तृष्णाउपादानको कारणले दुःख हुने स्थितिलाई प्रतीत्य समुत्पाद धर्मद्वारा पूर्ण रुपमा सँगाली विस्तृत तौरले स्पष्ट पारेको छ । प्रतीत्य समुत्पादका अविद्या, संसकार, विज्ञान आदि गरी १२ वटा अङ्ग छन् । यिनीहरु अविज्जापच्चया सङ्खारा, सङ्खारपच्चया विञ्ञाणंआगिरी एक र अर्को प्रत्यय शक्तिद्वारा सम्बन्धित भइरहेको हुदाँ "पच्चय" भन्ने पालिपदको अर्थलाई याद राख्नुपर्छ ।

"पच्चय" ले ऊ. स्व् जां आउँको विचार अनुसार "सम्पर्क राख्नु" भन्ने अर्थ व्यक्त गर्दछ । "पच्चय" प्रत्ययुत्पन्न फलधर्मलाई उत्पन्न गराउँदा सहयोग गर्ने धर्म हो । ……यसले फल धर्मलाई उत्पन्न नगराएमा सो नगराउने नै हुनसक्छ । यो एक्लैद्वारा फल धर्म उत्पन्न नभएको भएमा भइ रहने छ तर यो फल धर्म उत्पन्न गराउनमा समावेश छ । जस्तो कि बन्दूकबाट गोली निस्कनुमा बन्दूकमा गोली भर्नु, वरिपरिको वातावरण, बन्दूक हान्नु आदि धेरै कारण समावेश भएका हुन्छन् । यिनीहरुमध्ये सबभन्दा विशिष्ट कारणलाई "पच्चय" भनिन्छ । यी तथ्यहरुलाई ध्यान राखिछाडेमा हामी प्रतीत्य समुत्पाद धर्मलाई गलत वा मिथ्या रुपमा परामर्श गर्ने भई रुपवादसित सामीप्य रहेको सब्बपुब्बेकतहेतुवादतिर घुस्न जानुपर्ने कारण रहँदैन ।

आयुष्मान् बुद्धघोषले प्रतीत्य समुत्पादको वर्णनमा पट्ठान ग्रन्थमा आएका २४ प्रत्ययलाई स्पष्ट पारी एक अर्को अङ्गसित विभिन्न प्रत्ययद्वारा सम्बन्ध रहिरहेको स्थितिलाई उल्लेख गरेका छन् । ती २४ प्रत्ययलाई नजाने पनि प्रतीत्य समुत्पादलाई आद्योपान्त सुनिश्चित रुपमा राम्ररी अध्ययन गरेको खण्डमा एक अङ्ग अर्को अङ्गसित सम्बन्धित हुनु जस्तो परस्परमा समान नभएको तथ्य ; कुनै सम्बन्ध राख्ने प्रक्रियाहरुको सम्बन्धमा विचार र विभाजन गर्नुपर्ने स्थिति रहेको तथ्य समेत ज्ञात र स्पष्ट हुन आउँछ ।

विचार गरी हेर्‍यौं भने प्रतीत्य समुत्पाद धर्म अनुसार अविद्या संसार वर्त दुःखको मूल कारण धर्म हो । त्यसो भए पनि भगवान् बुद्धले धेरै सुत्तन्त देशनाहरुमा तृष्णा नै दुःखको आदि, मूल भएको कुरा उपदेश गनुभएको छ । यथार्थमा अविद्या र तृष्णा परस्पर उपकारक धर्म हुन् । त्यसकारण "अविद्याद्वारा निषेध र अवरोध गरिएमा तृष्णा भन्ने बन्धन रहेका सत्वप्राणीहरुमा अभिसंस्कार विज्ञान स्थिर रही पछि नयाँ जीवनमा फेरि उत्पन्न हुनु हुन्छ ।" ( अं. नि. तिकनिपात पठमभव सुत्त ) । त्यस अतिरिक्त सङ्खारपच्चया विञ्ञाणं भन्ने पदमा सङ्खारलाई कम्म-कर्म वा कुशल कर्म अकुशल कर्म भनी अर्थ व्यक्त गर्ने हुँदा ; माथि उल्लेख गरिसकिए अनुसार नयाँ जन्मलाई उत्पन्न गराउने संस्कार तृष्णासित सम्प्रयुक्त संस्कार नै हुनुपर्नेछ ।

1. **S.Z. Aung, "Points of Controversy" , PP. 391.**
2. **S.Z. Aung, "Compendium of Philosophy" , P. 261-2.**

विज्ञान र नामरुप पनि विञ्ञाणपच्चया नामरुपं भनेता पनि अविद्या र तृष्णा जस्तै परस्पर उपकार गर्ने धर्महरु हुन् । ( दि. नि महानिदान सुत्त ) ।



Downloaded from http://dhamma.digital/

प्रतीत्य समुत्पाद पिटकवाङमयमध्ये गम्भीर धर्म हो । भगवान् बुद्धले बुद्धत्वमा पुग्नु भइसके पछि बोधिवृक्ष मूलमा सात दिन रहनु भई प्रतीत्य समुत्पादलाई मध्यरातसम्म अनुलोम प्रतिलोम प्रत्यवेक्षण गर्नुभयो ।(विनयपिटक महावग्ग ) । “हे आनन्द, यो प्रतीत्य समुत्पाद गम्भीर छ अर्थात् गम्भीर जस्तो देखिन्छ ।” ( दी. नि. महापदान सुत्त) । त्यसो भएर कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरुले प्रतीत्य समुत्पादको अर्थ अभिप्रायलाई विभिन्न रुपमा कल्पना र चिन्तना गरेका छन् ।

कुनै कुनैले प्रतीत्य समुत्पाद धर्म जस्तै अन्य भारतीय धार्मिक सिद्धान्तहरुमा पनि देखापर्छ भनेका छन् । पिटकवाङमयमा विपश्वी तथागतले प्रतीत्य समुत्पाद धर्मलाई परामर्श र प्रत्यवेक्षण गर्नुभएको कुरा ( दी. नि. महापदान सुत्त ) जस्तै भगवान् बुद्धले पनि प्रतीत्य समुत्पादलाई वनमा मूल अघिदेखि रहिरहेको पुरानो मार्गसित तुलना गरी उपदेश गर्नु भएको कुरा ( निदान संयुत्त- बोधिसत्त वितक्क सुत्त) उल्लेख छ । यो तथ्यलाई आधार गरी बुद्ध प्रादुभवि हुनु अघि प्रतीत्य समुत्पाद भए समानको धर्म नरहेता पनि केही केही मात्रामा समान भए झैं यो धर्म पनि हुन सक्नेछ ।Prof. Jackobee ले त प्रतीत्य समुत्पाद समान भएको धर्मलाई बुद्ध युग बितिसकेपछि मात्र प्रादुभवि भएको कुनै कुनै भारतीय धार्मिक वाङमयहरुमा देखापरेको कुरा ; एक अर्को अङ्गसित श्रृङ्खलाबद्ध रुपमा रहेको जस्तो स्थितिलाई नदेखाई एउटै जीवनमा बारबार उत्पन्न हुने चित्त उत्पत्तिक्रम जस्तै मात्र देखाइएको कुराको उल्लेख गरेका छन् ।

आजकालको एक जना भारतीय प्रज्ञाविद्ले प्रतीत्य समुत्पाद मनुष्यको जीवन मार्गमा सामना गर्नुपर्ने घटनाहरुलाई देखाइएको हो भनेका छन् । उनको विचार अनुसार अविद्या भनेको यस जन्ममा मानिसको अज्ञानतालेविज्ञान प्रतिसन्धि विज्ञान नभई वेदना अनुभव गर्नुको कारण भएको आरम्मणलाई जान्नु हो ।

1. **P. D. Mehta, "Early Indian Religious Thought", P. 229-30.**

कसै कसैले त प्रतीत्य समुत्पादलाई मानिसहरुको मूल प्रभावलाई देखाउने धर्म जस्तो गरी त्यस अनुसारको अभिप्राय घुसाई भाषान्तरण गर्न चाहन्छन् । उदाहरणार्थ-एउटा प्रज्ञाविद्ले अविद्याले मातृगर्भभित्र मनुक्ष्य सर्वप्रथम प्रतिसन्धि रहँदा केही नजानिएको शून्य भावलाई देखाउँछ । मानिस जन्मेर यताउतीको संस्कार व्यवस्थाको चोट खाएर मात्र जान्न सकिने चित्त ( विज्ञान) त्यसमा प्रवेश भएर आउँछ भनी भाषान्तरण गर्ने गरेका थिए ।

यसरी कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरुले प्रतीत्य समुत्पादमा मनुष्यको एउटै जन्मको उत्पत्तिक्रमलाई देखेर पनि थेरवाद र अन्य बुद्धवाद गणिक सबैले त्यस धर्मलाई मनुष्यको भवसंसार विचरण गर्नुलाई देखाउने धर्मको रुपमा बुझेका छन् । यथार्थमा प्रतीत्य समुत्पादमा आएका १२ अङ्गलाई राम्ररी गहिरिएर निश्चित रुपमा अध्ययन गरेको खण्डमा यो मानिसको वर्तमान जीवन एउटैलाई मात्र देखाउने धर्म नभएको तथ्य स्पष्ट हुन आउँछ । अविद्या र संस्कार पूर्वान्त जीवनसित सम्बन्धित छ । विज्ञानदेखि उपादानसम्म बीचका सात अङ्ग वर्तमान जीवनमा अन्तर्निहित भई भवदेखि जरामरणसम्म बाँकी अङ्गहरु ऋपरान्त जीवनलाई उद्देश्य गरेको वा अर्को शब्दमा प्रतीत्य समुत्पाद मनुष्यको एउटै श्रृङ्खलाबद्ध भएको त्रिविध जीवनलाई उद्देश्य गरेको छ भनी बुद्धवादीहरु



Downloaded from http://dhamma.digital/

विश्वास गर्छन् । यो विश्वास एशियाको बौद्ध चित्रकलामा प्रतीत्य समुत्पादलाई चित्रित गरिराखेको चित्र अनुरुप देखिएको छ ।

1. **H. Kern, "Manual of Buddhism" , PP. 47-48.**

भारतको मध्य भागमा रहेको अजन्ता गुफाका भित्ताहरुमा र तिब्बती जापानी चित्रहरुमा प्रतीत्य समुत्पादलाई चित्रहरुद्वारा चित्रण गरिराखेको छ । अविद्या अजन्ताको चित्र अनुसार एउटा मानिसले धपाइरहेको एउटा अन्धो ऊँट हो । तिब्बती चित्रमा एउटा लौरोले अन्दाज लगाई छाम्दै छाम्दै यताउती हिंडिरहेको एउटा अन्धो भएको जापानी चित्रकारले त यसलाई पिशाचको रुपमा देखाएको छ । संसकार अजन्ताको चित्रमा कुम्हालेको चक्र चलिरहेको दृश्यले तिब्बती र जापानी चित्रहरुमा त कुम्हालेको चक्र देखाएको छ । विज्ञान भनेको अजन्ता र जापानी चित्रहरु अनुसार एउटा बाँदर हो । तिब्बती चित्रमा यो रुख माथि चढिरहेको बाँदर हो । नामरुप अजन्ताको चित्रमा अस्पष्ट दुइवटा आकार संसथान भई तिब्बती जापानी चित्रहरुमा एउटा मानिस डुङ्गाद्वारा नदी तरिरहेको दृश्य देखाएको छ । सलायतन (षडायतन) लाई तिब्बतीहरुले ६ वटा ढोका एउटा घरद्वारा देखाई जापानीहरुले मनुष्यरुपद्वारा अभिव्यक्ति गरेका छन् ।

स्पर्शलाई तिब्बतीहरुले आँखा भित्र बाण बिझिरहेको एउटा मानिसको दृश्यद्वारा चित्रण गरेको छ । वेदनालाई तिब्बती जापानी चित्रकारहरुले प्रेयसी द्वय आलिंगन गरिरहेको दृश्यद्वारा देखाएका छन् । ती चित्रहरुमा तृष्णा एउटा मानिसले पानी खाइरहेको दृश्य र उपादान एउटा मानिसले फूल टिपिरहेको दृश्यको रुपमा रहेका छन् । तिब्बती चित्रमा भव गर्भवती एउटी महिला भई जाति एउटी महिलाले बच्चा जन्माइरहेको दृश्य अङ्कित छ ।

एक जना जर्मन बुद्धवादी प्रज्ञाविद्को विचार अनुसार प्रतीत्य समुत्पाद मानिस एउटै मात्र भवभित्र रहेका तीनवटा खण्डलाई देखाइएको छ भनी सम्झेर पनि अनुचित हुने छैन । किनभने अभिधम्मपिटकमा जाति र मरण मनुष्य जीवनमा निरन्तर रुपमा नित्य उत्पत्ति विनाश भइरहेका धर्महरु हुन् । यस कथनलाई धेरै बुद्धवादीहरुले स्वीकार्न चाहेका छैनन् । वास्तवमा प्रतीत्य समुत्पादमा आएका १२ अङ्गलाई परिचालन गरी विसुद्धिमग्ग आदि अट्ठकथा ग्रन्थहरु र माथि उल्लिखित प्रतीत्य समुत्पाद अङ्कित चित्रहरुलाई अध्ययन गर्नाले स्पष्ट हुन्छ ; तर यसरी भवचक्र घुमिरहेको दृश्यलाई देखाउने धर्म हो भन्ने कुरा सही भएमा प्रतीत्य समुत्पादसित सम्बन्ध राखी हामीले विचार गर्नुपर्ने कुराहरु रहन आउनेछ ।

दृष्टान्तरुपमा प्रतीत्य समुत्पादले मनुष्यका त्रिविध भव (जीवन) लाई देखाउँछ भनेमा मध्यजीवन (वा) वर्तमान दृष्टान्त जीवनभित्र किन भव, जाति र जरामरणहरुलाई अन्तर्निहित नगरेको र ती धर्महरु अतीत जीवन र वर्तमान जीवनमा पनि समावेश छन्, अनि अविद्या र संस्कार किन अतीत जीवनभित्रमात्र समावेश भई मध्यजीवन र अन्त्य जीवनमा समावेश नभएको नामरुप, सलायतन आदि कुनै पनि जीवन किन नहोस् उत्पन्न हुने धर्महरु भएको भएर पनि किन तिनीहरुलाई मध्य जीवनमा मात्र देखाइएको ? दु:ख र तृष्णा उपादान सधैं जोडिरहेका धर्महरु भएर उपादानको पछाडि दु:खसगैं जोडेर नआई भव र जातिलाई किन देखाइराखेको आदि भनी विचार गर्नुपर्ने र प्रश्न खडा गर्नुपर्ने हुन आउँछ ।



Downloaded from http://dhamma.digital/

1. **T. W. Rhys Davids, "The History and Literature of Buddhism" , PP. 105-08.**
2. **Anagarika Govinda, "Foundationsof Tibetan Mysticism" , P. 248.**

त्यसरी पूर्वापर असमानता भएका तथ्यहरु व अस्पष्ट तथ्यहरु समावेश भएको कारणले केही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरुले बुद्धघोषाचार्यको वर्णन र लेखाईप्रति असन्तोष भई आफूले चाहे प्रकारको अभिप्रायमा प्रतीत्य समुत्पादलाई भाषान्तरण गरिरहेका छन् । किन्तु अहिले धेरैजसोले जाने बुझेको प्रतीत्य समुत्पाद धर्म भगवान् बुद्धले प्रथमतः मूलरुपमा उपदेश गर्नुभएको प्रतीत्य समुत्पाद नै हो कि होइन भनी सर्वप्रथम विचार गर्नुछ । यो अवश्य होकि १२ अङ्ग भएको प्रतीत्य समुत्पादलाई भगवान् बुद्ध स्वयंले उपदेश गर्नुभएको हो भन्ने कुरा धेरै सुत्तन्त देशनाहरुमा आएको छ । त्यसो भएता पनि पालिपिटकमा १२ अङ्ग अपूर्ण भएको बुद्धदेशित प्रतीत्य समुत्पाद देशनाहरु पनि प्रशस्त मात्रामा रहेको तथ्यप्रति ख्याल राख्नु योग्य छ ।

जस्तै पालिपिटकइतिहासको निकै पुरानो दीघनिकाय महानिदान सुत्तमा भगवान् बुद्धले प्रतीत्य समुत्पादलाई उपदेश दिनु हुँदा अविद्या र संस्कारलाई निहित गरी उपदेश गर्नुभएको थिएन । मज्झिमनिकाय मागण्डिय सुत्तमा भने पञ्चस्कन्धमा उपादान उत्पन्न हुनुदेखि प्रारम्भ गरेर भव, जाति र जरामरण आदि उत्पन्न भएको स्थितिलाई उपदेश गर्नुभएको छ । त्यसरी १२ अङ्ग अपूर्ण भएको जस्तो प्रतीत्य समुत्पाद देशनालाई संयुत्तनिकाय निदानवग्ग संयुत्तमा धेरै नै देख्न पाइन्छ । उदाहरणार्थ-एउटा सुत्तन्तमा तृष्णादेखि प्रारम्भ गरेर जरामरण सोक आदि दुःख समूह उत्पत्ति हुने स्थितिलाई उपदेश गरिएको छ ।

“भिक्षुहरु हो, उपादानहरुका कारण भएका त्रैभूमिक धर्महरुमा कस्तो मज्जा भनी बारबार भाविता गरिरहने व्यक्तिमा तृष्णा बृद्धि हुन्छ । तृष्णाको कारणले गर्दा उपादान उत्पन्न हुन्छ । उपादानको कारण भव उत्पन्न हुन्छ । भवको कारणले जाति उत्पन्न हुन्छ । जातिको कारणले प्रतिसन्धि रहनु, जीर्ण हुनु ; मरण हुनु ; शोक हुनु ; विलाप गर्नु ; दुःख हुनु ; दौर्मनस्य हुनु ; तीव्र दाह गर्नु आदि कुरा उत्पन्न हुन्छन् । यसरी यी सम्पूर्ण दुःख समूहको उत्पत्ति हुनु स्पष्ट छ ।” ( निदान संयुत्त उपादनिय सुत्त ) । यी कथनहरुद्वारा निदान संयुत्तमा आएका १२ अङ्ग अपूर्ण भएका धेरै सुत्तहरु प्रतीत्य समुत्पाद सुत्तहरु भएको कारण स्पष्ट छ । यी सुत्तहरुमा दुःख तृष्णा उपादानदेखि शुरु हुन्छ । निदान संयुत्तमा आएका कुनै कुनै सुत्तहरुमा विज्ञान शीर्षक राखी उपदेश गर्नुभयो । ( उपमा-मोलिय फग्गुन सुत्त ) । अन्य एउटा सुत्तमा त विज्ञानलाई प्रारम्भ गरी उपदेश गर्नु भइसकेपछि विज्ञान र भवका बीचमा रहेका अङ्गहरु भने बिल्कुल उल्लिखित गरिएको छैन् । ( चेतना सुत्त ) ।

यी सुत्तहरु १२ अङ्ग परिपूर्ण उल्लेख भएका सुत्तहरु भन्दा प्राचीन देखिन्छ । तर यिनीहरुभन्दा बढी प्राचीन भएका अन्य प्रतीत्य समुत्पाद सुत्तहरु पनि बाँकी रहेका छन् । ती सुत्तहरु द्यःखको मूललाई तृष्णा, छन्द, उपाधि, उपादान आदि भनी सामान्य तर स्पष्ट रुपमा उल्लेख गरिराखेका सुत्तहरु हुन् । “अविद्या प्रहीण नभएको, तृष्णा पनि क्षय नभएको बाल मरुर्खले मरण हुँदा नयाँ जीवनमा फेरि फर्की जाति जरामरण आदि दुःखहरुलाई सामना गर्नुपर्नेछ ।” ( निदान संयुत्त अञ्ञतित्थिय सुत्त ) । “पञ्चस्कन्ध भन्ने उपाधि नै दुःखको कारण हो । उपाधि नै यसको आदि हो र उपाधि तृष्णा नै पनि कारण हो ।”



Downloaded from http://dhamma.digital/

पालिपिटक इतिहासमा सबभन्दा प्राचीन मानिने सुत्तनिपात पालिमा पनि दुःखको मुललाई सरल रस्पष्ट उल्लेख गरिएको छ । त्यो पालि अट्ठकवग्ग गुहट्ठक सुत्तमा इच्छा, सात, काम, तण्हा, छन्दा, फस्सा सञ्ञाहरु दुःखका मूलधर्महरु हुन् भनिएको छ । महावग्ग द्वयतानुपस्सना सुत्तमा त दुःखलाई उपधि, अविज्जा, सङ्खार, विञ्ञाण, फस्स, वेदना, तण्हा, उपादान, आरम्भ, आहार, निस्सय आदि कारण धर्म १६ वटालाई अलग्ग अलग्ग कारणबाट उत्पन्न भएको भनिएको छ । त्यो सुत्तमा प्रतीत्य समुत्पादमा १२ अङ्गमध्ये ८ वटा मात्र देख्न पाइन्छ ; सलायतन, भव, जाति र जरामरणहरु देख्न पाइन्न ।

यी प्राचीन देशनाहरुलाई आधार गरी प्रतीत्य समुत्पाद मूल आदि अवस्थामा प्रत्यक्ष वर्तमान जीवनलाई मात्र उद्देशित धर्म भनी धारणा राख्नुपर्दछ । यहाँनिर यूरोपेली बौद्ध ग्रन्थकार आचार्य Dr. Conze को लेखाई विचारणीय छ ।

“सर्वप्राचीन प्रतीत्य समुत्पाद देशनाहरुमा ४ अङ्ग विहीन भइरहेकोलाई देख्न पाइएकामध्ये ४ नामरुप, ५ सलायतन, १० जाति र १२ जरामरणहरु हुन् । ती चार अङ्गहरु एक व्यक्तिको जीवन अवसरण हुदाँ स्कन्ध शरीरलाई सृष्टि गरी त्यस व्यक्तिको अतीत जीवनीको कर्मभोगलाई दर्शाउने अङ्गहरु हुन् । तसर्थ प्रतीत्य समुत्पाद मूल प्रारम्भमा भवसंसार समस्यासित बिल्कुल असम्बन्धित भई त्रिभव विभाजन गरी देखाउनु पछिको समयमा पिटाचार्यहरुले ज्ञानक्रीडा गरी विस्तृत गरिराखेको हुनसक्छ । बाँकी आठ अङ्ग( अविद्या, संस्कार, विज्ञान, स्पर्श, वेदना, तृष्णा, अनुदान र भव ) जुनसुकै समयमा भए पनि उत्पत्ति र विनाश भइरहेर दुःख र मिथ्या दृष्टिलाई उत्पन्न गराउने मूल नामधर्महरु हुन् भन्ने अभिप्राय लिन सकिन्छ । यथार्थमा प्रतीत्य समुत्पाद धर्म मूल प्रारम्भमा भवसंसारघुमिरहनुलाई निर्देशित नगरी समुदयसत्य र निरोधसत्यलाई मात्र स्पष्ट पारेर देखाउने धर्म हुनसक्छ ।”

त्यसकारण माथि उल्लेख गरे जस्तै केही पशिचमी राष्ट्रका प्रज्ञाविद्हरुले धर्मको रुपमा भाषान्तरण गरिरहेका हुन् । वास्तवमा आजकालका प्रज्ञाविद्हरुले मात्र होइन ; कुनै कुनै प्राचीन बुद्धवादीहरुले पनि त्यसरी भाषान्तरण गरेका छन् । अभिधर्मकोष भन्ने संस्कृत बौद्ध अभिधर्म ग्रन्थमा एक जना मानिसले नरघात कर्म उल्लङ्घन गर्दा १२ औं अङ्ग अन्तर्गत भएको स्थितिलाई देखाइराखेको छ ।

तर प्रतीत्य समुत्पादको प्रारम्भिक मूल आदिलाई पृष्ठभूमि बनाई पछि देखापरेको देशनालाई स्पष्ट पारेर देखाउनु वा अभिप्रायलाई वर्णन गर्नुमा यथाभूत देखापर्दैन । यहाँनिर एउटा अंग्रजी पालि प्रज्ञाविद्को कुरालाई ख्याल राख्नु राम्रो हुनेछ ।

**१. यहाँनिर भव धेरैले बुझेको जन्म भएदेखि मरण हुनेसम्मको भवलाई भन्न नचाही “भइरहने” Becomingलाई भनेको तथ्यलाई बुझनुपर्दछ ।**

2. **Conze, "Buddhist Thought in India" , P. 157.**
3. **Ibid, P. 157.**

“बुद्धघोषाचार्यले प्रतीत्य समुत्पादलाई एउटा चक्रघेरासित तुलना गरी देखाएको छ । त्यो चक्र घुमिरहेको चक्र होइन । नाभि अविद्या भई आड जरामरण हो । दण्डीहरु बाँकी १० अङ्ग भएर



Downloaded from http://dhamma.digital/

यिनीहरु अविद्यालाई सोभ्कैं कारण गरी उत्पन्न भएर आई जरामरणमा अन्त भइरहेको छ भनी भन्नुपर्ने छ । यो चक्रको अर्थ अभिप्राय सुत्तनिपात द्वयतानुपस्सना सुत्तको विचारधारासित एक समान छ । … … … यो तथ्यलाई आधार गरी दुःख धर्म १२ अङ्ग क्रमले नभई अलग्ग भेद भएको कारणधर्महरुको कारणले उत्पन्न भएको तथ्य एक समयमा भगवान् बुद्धले उपदेश गर्नुभएको थियो भनी धारणा राख्नु पर्दछ । प्रतीत्य समुत्पाद ती धर्महरुलाई जम्मा गरी कारणधारी परम्परागत फल धर्महरुको रुपमा देखाइराखेको देशना हुनसक्छ । त्यसरी जात समान नभएका धर्महरुलाई जम्मा गरिराखेको देशना पूर्वापर श्लिष्ट सम हुन मुश्किल छ । तसर्थ वर्तमान भाषान्तरण ( प्रतीत्य समुत्पाद धर्म ) सित सन्तोष नभई पृष्ठभागमा निःसन्देह कारण कार्य अनुकूल भएको अर्थ अभिप्राय हुनुपर्नेछ भनी धारणा राख्नु भूल भई अनजानमा बक बक गरी अनुमान गर्नु जस्तै मात्र हुनेछ ।"

१. विसुद्धिमग्ग अट्ठकथा छ अनुस्सति निद्देस ।

**2. E. J. Thomas, "History of Buddhist Thought" , P. 76.**

जेहोस्, बुद्धवादमा स्पष्ट भएको कुरा त दुःख तृष्णालाई कारण गरी उत्पन्न भएर आएको हो भन्ने तथ्य हो । प्रतीत्य समुत्पाद देशना मूल प्रारम्भमा भवसंसारलाई उद्देश्य नगरी तृष्णाको कारणले वर्तमान प्रत्यक्ष जीवनमा दुःख उत्पन्न हुने अवस्थालाई दर्शाउने देशना भएमा हुन सक्नेछ । तर प्रतीत्य समुत्पाद देशनाहरु बाहेक अन्य सुत्तन्त देशनाहरुमा तृष्णाको कारणले नयाँ जन्म उत्पन्न हुने कारण वा भवसंसार घुम्ने कारण देखाइराखेको भन्ने देख्न पाइन्छ । ती सुत्तन्तहरु पिटकमा प्राचीन भई दृढ निश्चित रहेका देशनाहरु भएका हुनाले भगवान् बुद्धले उपदेश दिनुभएका देशनाहरु भएको कुरा निराशङ्कित छ ।

## खण्ड ९

## भवसंसार

### (क) पिटकमा आएको भवसंसार

पुराना भारतीय वाद र सिद्धान्तहरु सबैजसोले रुपवाद ( भौतिकवाद ) लाई हटाई भवसंसारलाई स्वीकार र विश्वास गर्छन् । अर्को रुपमा भनौं भने- मानिस मरणपछि जम्मै कुरा लोप भई निरर्थक हुन्छन् भन्ने सिद्धान्तलाई अस्वीकार गरी मानिस संसार वर्तदुःखबाट मुक्त हुनुअघि धेरै भव धेरै जन्म संसरण र विचरण गर्नुपर्दछ भनी विश्वास गर्छन् । तर भारतीय धार्मिक सिद्धान्त र वादको इतिहास अध्ययन गरेको खण्डमा भवसंसारप्रति विश्वास राख्नु इतिहासको प्रारम्भतिरको युगमा अस्पष्ट र धमिलो भई बुद्धवाद प्रादुर्भाव भएको युगतिर पुग्दामात्र छर्लङ्ग र प्रष्टिन आएको देखिन्छ ।

वेद ग्रन्थहरुको विचार अनुसार नराम्रो व्यक्ति मरण हुने अवस्थामा ऊ बिल्कुल लोप भई अभावको स्थितिमा पुग्ने हुन्छ र राम्रो व्यक्तिको मरणपछि ऊ सुगतिको भूमितिर पुगी ऐश्वर्य वैभव भोगी अजर अमर रुपमा सदैव रहन पाइने हुन्छ । भवसंसार विचरण गर्ने विषय भने वेद ग्रन्थहरुमा बिल्कुल उल्लिखत छैन । ब्रम्हाण ग्रन्थहरुमा मानिसले परलोकमा असल र खराब परिणाम भोग्नुपर्छ भनिएको छ । भवसंसारको विषय भने सुनिश्चित रुपमा त्यसमा उल्लिखित छैन । उपनिषद्



Downloaded from http://dhamma.digital/

ग्रन्थहरुले त सत्यधर्मलाई प्रतिवेध गरी जानी देखी आफ्ना कर्तव्य व्रत वहन गर्ने व्यक्ति मरण हुँदा नित्य, ध्रुव, स्थावर भूमिमा पुगी सत्यधर्म नजानी नदेखी व्रत भङ्ग हुने व्यक्ति भने धेरै धेरै जन्म संसरण गरी संसारमा घुमिरहनुपर्ने हुन्छ भनिएको छ । तर उपनिषद् युगको अघिल्लो भागतिर भवसंसारलाई विश्वास गर्नु गर्भ प्रतिष्ठानको शुरुवात हो जस्तो भान हुन्छ । किनभने कुनै कुनै उपनिषद् ग्रन्थहरुमा त्यो बिल्कुल उल्लिखित छैन ।

मध्यभागको उपनिषद् ग्रन्थहरु र नातिपूर्व नातिपश्चात् प्रादुर्भाव भएको बुद्धवादमा त भवसंसारलाई विश्वास गरिनुमा निकै बढी स्पष्ट भएर आएको छ । पालिपिटक वाङमयलाई उचित रुपमा अध्ययन गर्ने व्यक्तिले बुद्धवादमा भवसंसारलाई विश्वास गर्नु कतिसम्म छर्लङ्ग र स्पष्ट छ भन्ने कुरा राम्ररी थाहा पाउन सकिन्छ ।

“भिक्षुहरु हो, संसारभित्र विचरण गर्नुपर्ने एक व्यक्तिको अस्तिपुञ्ज यदि अविनाशी भएर रहन्छ भने वैपुल्य पर्वत तुल्य ठूलो प्रमाणमा रहनेछ ।” (सं. नि. निदान सयुत्त ) ।

“त्यो भिक्षुले अतीतमा उत्पन्न आइसकेका धेरै जन्मलाई स्मरण गर्छ । एक जन्म, दुइ जन्म, चार जन्म, पाँच जन्म, दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, शयौं जन्म, हजारौं जन्म र लाखौं जन्मलाई ; पूर्वेनिवासानु स्मृति ज्ञानद्वारा स्मरण गर्छ ।” ( दि. नि. सामञ्ञफल सुत्त र अन्य सुत्तहरु ) ।

यसैप्रकारका पालिपिटकमा आएका धेरै कुराहरुद्वारा बुद्धवादले भवसंसारलाई स्वीकार गरेको कुरा स्पष्ट छ । तर इसापूर्व छैठौं शताब्दीको युगमा प्रादुर्भाव भएको बुद्धवाद र अन्य भारतीय सबै धार्मिकवादले भवसंसारलाई स्वीकारेकोमा ती वादहरुमध्येमा बुद्धवाद अन्य वादसित एकसमान नभई आत्मालाई तिरस्कार गर्ने वाद भएकोले भवसंसारवाद गौतम बुद्धको वास्तविक मौलिक वाद हो कि भनी आधुनिकसंशय गर्छन् ।

उदाहरणार्थ-एउटा अंग्रेज बौद्ध ग्रन्थकारले त्यो वाद पालिपिटकभित्र पछिमात्र घुसेर आएको ब्राम्हाणवाद हो भनेको छ । तर उनका कारण प्रदर्शनहरु दृढ र ठोसपूर्ण छैनन् । भगवान बौद्धले भवसंसार वादलाई अवश्य तिरस्कार गर्नुभएको भए पालिपिटक इतिहासमा अतिप्राचीन सुत्तन्त देशनाहरुमा त्यो वादसित सम्बन्धित कुराहरु किन धेरै प्रमाणमा देखिएको नि ? त्यो वाद आत्मवाद जस्तै भगवान् बुद्धले तिरस्कार गरेको ब्रम्हाणवाद भएमा किन आत्मवाद पिटकमा बिल्कुल देखा नपरी भवसंसार वाद भने स्पष्ट रुपमा देखिएको नि ? भारतीय एउटा प्रज्ञाविद्‌ले त नामरुप धर्महरुको एकक्षण नबिराई निरन्तर उत्पत्ति विनाश र निरोध भइरहनुलाई नै भगवान् बुद्धले उपदेश दिनुभएको भवसंसार भएको जस्तो लेखिराखेको छ । तर एउटा सत्व पुद्‌गलको भवसंसार नाम रुप धर्महरुको उत्पत्ति विनाश मात्रलाई भन्न चाहेको नभएको तथ्य पिटकलाई अलि अलि अध्ययन गरिसकेको व्यक्तिहरुले समेत जान्न सकिनेछ ।

1. **Jennings, "Vedantic Buddhism" .**

रसियन बौद्ध ग्रन्थकार आचार्य Stcherbatzky ले त भगवान् बुद्धले भवसंसार विषय अपरिपक्व प्रज्ञाज्ञान भएका पृथग्जन पुद्‌गलहरुलाई मात्र उपदेश गर्नुभएको हो ; परिपक्व प्रज्ञाज्ञान



Downloaded from http://dhamma.digital/

भएका व्यक्तिहरुलाई त अर्कै प्रकारले उपदेश गर्नुभएको छ भनेको छ । यो कथन ठोसपूर्ण छ छैन हामीले विचार गर्नुछ ।

आधुनिक युगमा बुद्धवादलाई अध्ययन गर्ने पश्चिमी राष्ट्रका नागरिकहरुमध्येमा कुनै कुनै व्यक्तिहरुले भवसंसार सिद्धान्तलाई भगवान् बुद्धको अनात्मवादसित प्रतिक्षी छ भनी धारणा राखी त्यो सिद्धान्त सही बौद्ध सिद्धान्त हो त भनी संशय गरिरहेको हुनेछ । निगण्ठनाटपुत्तले भगवान् बुद्धलाई अकिरियवादी हो भनी आरोप लगाए । ( विनय महावग्ग पालि ) । अकिरियवाद भनेको कर्मको फललाई तिरस्कार गर्ने वाद भएकोले ; भगवान् बुद्धको अनात्मवाद भवसंसारसित प्रतिपक्षी छ ; त्यसकारण भगवान् बुद्ध कर्मको फललाई तिरस्कार गर्ने अकिरियवादी हो भनी निगण्ठनाटपुत्तले सम्झेको भान हुन्छ ।

1. **Mehta, "Early Indian Religious Thought" , P. 181.**
2. **Stchertzky, "Central Conception of Buddhism", P. 23.**

त्यसो भएता पनि भवसंसारवाद प्रति शंका रहेका व्यक्तिहरुले भगवान् बुद्धसँग निवेदन गरी सोधपुछ गरेका कुराहरु पालि पिटकमा देखापर्दैन । दीघनिकाय पायसिसुत्तमा परलोकलाई विश्वास नगर्ने पायासि राजन्यको वाद विस्तृत रुपले उल्लिखित छ । त्यो राज्यले “अन्य लोक छैन ; मरणपछि फेरि जन्मने सत्व छैन ; कुशल अकुशल कर्महरुको फल विपाक छैन” भनी विश्वास गर्छ भनिन्छ । पायसि राजन्य बुद्ध परिनिर्वाणपछि २०० वर्ष (?) जतिमा प्रादुभार्व भएको व्यक्ति हुनाले उनको सिद्धान्त वा वादलाई कुमार कस्सप स्थविरले निराकरण गरिराख्नुभएको छ । पायासि राजन्यको कारण प्रदर्शनहरु मेरा रुपवादीहरुको कारण प्रदर्शन हुन् । त्यसको विचार अनुसार मरण भएका व्यक्तिहरुले आफू परलोक भएको कुरा कतै आएर भनेनन् । चोर डाकूहरुलाई राजाज्ञाद्वारा मारकाट गर्दा परलोक सरेर गएको प्राणविज्ञान देखिदैन भनी उनी भन्छन् । उनको कारण प्रदर्हन जस्तै नै स्थविरका निराकरणहरु पनि आधुनिक युगका मानिसहरुले सजिलैसित स्वीकारी विश्वास गर्न सकिने खालका छैनन् । दिब्यचक्षु अभिज्ञालाभी स्थविर व्यक्तिहरुले मरणपछि फेरि उत्पन्न हुने सत्वहरुलाई देख्छन् ; चन्द्र सूर्यहरु परलोकमा प्रतिष्ठत देवताहरु हुन् ; त्यसकारण भवसंसार छ आदि भनी उत्तर दिएका छन् ।

जेहोस्, त्यस स्थविरले “मैले भवसंसार छैन भनी धारणा राख्ने व्यक्तिलाईदेख्न पनि देखेको थिएन ; सुन्न पनि सुनेको थिएन” भनेको कथनले पायासि राजन्य जस्तो भवसंसारलाई अस्वीकार गर्ने भारतीयहरु प्राचीन समयमा अत्यल्प भएको तथ्य स्पष्ट छ । “भगवान् बुद्ध प्रादुर्भाव हुनुअघि वा प्रादुर्भाव भइसकेपछि भवसंसारलाई सुदृढ रुपमा कारण प्रदर्शन गर्न दर्शाउन प्रयत्न गर्नु भएको छैन । लोकायत गणिकलाई छाडी बाँकी भारतीय सबै धार्मिक गणले भवसंसारलाई विश्वास गर्छन् । त्यस वादलाई तिरस्कार गर्ने लोकायत गणको वाङमयलाई हामीले पढ्न नपाएकोले ती गणिकहरुले भवसंसारवादलाई कसरी निराकरण गरे भन्ने तथ्य जान्न पाइन्न । भगवान् बुद्धले पनि त्यस वादलाई स्वीकार्नुभएको छ ।”

**1. Das Gupta, "A History of Indian Philosophy" , P. 87**



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले स्वीकार्नुभएको भवसंसार बाहिरी तौरको दृष्टिले अन्य भारतीय धार्मिक गणहरुको भवसंसारसँग कत्ति पनि फरक छैन । भगवान् बुद्धले आत्मालाई तिरस्कार गर्नु भए पनि आफू स्वयंले समेत धेरै भव धेरै जन्म विचरण गरेर आएको कुरा उपदेश गर्नुभएका कथनहरु ५५० जातक जस्ता जातक अट्ठकथाहरुमा मात्र नभई पिटक पालिहरुमा पनि देखापर्दछन् । “आनन्द, त्यस अवस्थाको जोतिपाल ब्राम्हाण कुलपुत्र अरु होइन ; म तथागत नै हो ।” ( म. नि घटिकार सुत्त ) । “त्यस बेलाको मखादेव राजा अरु होइन ; म तथागत नै हो ।” (म.नि. मखादेव सुत्त ) । भगवान् बुद्धको अनात्म धर्मलाई नबुझ्ने व्यक्तिले यी कथनहरुलाई आधार लिई भगवान् बुद्धले उपदेश गर्नुभएको भवसंसार अन्य भारतीय धार्मिक वादहरुको भवसंसारसँग एक समान छ भनी गलत धारणा राख्ने सम्भावना छ ।

तर, बुद्धवादको भवसंसार अन्य भारतीय धार्मिक वादहरुको भवसंसारसित भिन्न छ । बुद्धवादले कर्मशक्तिको कारणले नयाँ जन्म हुन्छ भन्ने जैन सिद्धान्त वा वादलाई अस्वीकार गरी तृष्णा उपादानको कारणले भवसंसार विचरण गर्नुपर्छ भनी उपदेश गर्छ । त्यस अतिरिक्त भगवान् बुद्धले स्थिर नित्य सत्व आत्मालाई तिरस्कार गर्नुभएकोले एक जन्मदेखि अर्को जन्मतिर संसरण गर्ने विषय हुन सक्तैन ।

**१. ग्रीक दार्शनिक आचार्य प्लेटोले पनि तृष्णाको कारणले नयाँ जन्म हुनुपर्ने विधि गरेको छ भनिन्छ । Dr. RhysDavids को लेखाइलाई उल्लेख गर्नुछ भने “प्लेटोले पनि मानिस तृष्णा उपादानको कारणले फेरि प्रतिसन्धि रहनुपर्छ भन्छ । पूर्व**

यो अवश्य हो कि कुनै कुनै सुत्तन्त देशनाहरुमा एक जन्मबाट अर्को जन्ममा संसरण हुने विषय विज्ञान भए जस्तो गरी देखाइएको छ । “कारण रहेमा विज्ञानको आधार हुन्छ । त्यो विज्ञान स्थिर र बृद्धि भएमा पछि नयाँ जन्मलाई फेरि उत्पन्न गराउँछ ।” ( सं. नि. निदान संयुत्त चेतना सुत्त ) ।

तर यी कुराहरु धेरै मानिसहरुले बुझाउनको लागि बुद्ध प्रादुर्भाव हुनुभन्दा पूर्व विद्यमान रहेको विज्ञानवादसित व्यावहारिक शब्द प्रयोग गरी उपदेश गेका कुराहरु हुन् (पृष्ठ १२९, २२२-३ ) । वास्तवमा भन्ने हो भने विज्ञान रुप, वेदना आदि बाँकी चार स्कन्धहरुबाट अलग भई छुट्टै स्थिर रहन नसक्ने भएको तथ्य सुत्तन्त देशना साधक नमूना उल्लेख गरिसकेको छु । ( पृष्ठ २७६-७८ ) ।

यथार्थमा विज्ञान पुरानो जन्मबाट नयाँ जन्मतिर संसरण हुने नित्य असंस्कृत धातु नभएको तथ्य एउटा सुत्तन्तमा अति स्पष्ट छ । साति भन्ने एक जना भिक्षुमा विज्ञान नै त्यस जन्मबाट यस जन्ममा संसरण भएर गई निरन्तर विचरण गरिरहन्छ ; विज्ञान बाहेक अन्य विचरण गर्ने व्यक्ति छैन भन्ने मिथ्यादृष्टि सिद्धान्त उत्पन्न भएको देखिन्छ । भगवान् बुद्धले त्यो कारण सुन्नुहुँदा त्यस भिक्षुलाई बोलाउनुभई सोध्नुभयो- “कुनचाहिं विज्ञानलाई उद्देश्य गरी तिमीले यसरी धारणा राखेको ?” भिक्षुले उत्तर दिए- “कुशल अकुशल कर्महरुको प्रतिफललाई अनुभव गर्ने विज्ञानलाई भन्न चाहेको हूँ ।” त्यसबेला भगवान् बुद्धले, “मार्गफलदेखि निरर्थक हुने हे पुरुष, विज्ञान कारणलाई हटाएर उत्पन्न हुँदैन ; कारणलाई प्रत्यय गरेर मात्र उत्पन्न हुन्छ भनी एक होइन अनेकौं कारणहरुद्वारा मद्वारा



Downloaded from http://dhamma.digital/

उपदेश गरिएको होइन र ? त्यसो भएर पनि पनि तिमी निकृष्ट मिथ्या धारणालाई स्वीकार गर्दारहेछौ" आदि भनी उनीप्रति निन्दा र उपहास गर्नु भयो । ( म. नि. महातण्हासङ्खय सुत्त ) ।

प्रवेणीदेखि विशिष्ट तीक्ष्ण प्रज्ञाज्ञान भई सबभन्दा प्रसिद्ध महापुीष द्वय -बुद्ध र प्लेटो )को कथनलाई हामीले एक्कासी तिरस्कार नगरी गम्भीर रुपमा विचार गर्नु योग्य छ ।"

**DrRhys Davids, "Early Buddhism" , P. 77. "Hibbert Lectures" , PP. 95, 98.**

विज्ञान कारण धर्महरुद्वारा मरम्मत र व्यवस्थित गरिनुपर्ने संसकार धर्ममात्र भई एक जन्मबाट अर्को जन्ममा संसरण गर्दैन ; वास्तवमा बुद्धवादले पुद्गल सत्व आत्मा जीवलाई समर्थन नगरेको कारणले एक जन्मबाट अर्को जन्ममा संसरण गर्ने स्थितिलाई चिन्तना गरिदैन । अर्को जन्ममा संसरण गर्ने भन्ने कुरा नै लौकिक व्यवहार कुरामात्र भई बुद्धवादसित प्रतिपक्षी छ । यो तथ्य आयुष्मान् बुद्धघोष र आयुष्मान् नागसेन आदि अट्ठकथा आचार्यहरुको कथनद्वारा स्पष्ट हुन्छ ।

प्रतिसन्धि अवस्थामा चित्तको सन्तति उत्पन्न हुन्छ । अघिल्लो चित्त विनाश हुन्छ । त्यसरी च्युतिचित्को अनन्तरमा पछिल्लो धर्म गएको होइन । च्युतिचित्तबाट कुनै एक धर्म गएको होइन । प्रतिसन्धि विज्ञान च्युतिचित्तदेखि भिन्न भई कारण अनुरुप उत्पन्न हुन्छ । ... ... ... अतीत जन्मबाट यो वतृमान जीवनमा आउने कुनै एक धर्म छैन । यो वर्तमान जन्ममा पनि कर्म भन्ने कारणले गर्दा उत्पन्न हुने स्मन्धहरु नित्य स्थिर छैन, केही समय नबित्दै निरोध भएर जानेछ । फेरि नयाँ जन्ममा अन्य एक स्कन्धहरु कर्मको कारणले गर्दा उत्पन्न हुनेछ । यस वर्तमान जन्मबाट फेरि नयाँ जन्मतिर एउटा धर्म पनि जाने छैन ... ... ... ।" ( विसुद्धिमग्ग कङ्खावितरण निद्देस ) ।

"महाराज, परमार्थ धर्मको सन्तति जकडेर उत्पन्न हुन्छ । एक धर्म उत्पन्न भइरहेको हुन्छ भने धर्म निरोध भइरहेको हुन्छ । यी हुवै अनन्तर भई जोडी जोडी उत्पन्न हुन्छ । त्यसकारण त्यो पुरानो मानिसले पनि नयाँ प्रतिसन्धि ग्रहण्ण गर्दैन ; अरु एक नयाँ मानिस पनि उत्पन्न हुदैन ; अघिल्लो विज्ञानले पछिल्लो विज्ञानलाई सहयोग गर्ने र उपकार गर्नेतिर पुग्ने हुन्छ ।" ( मिलिन्दपञ्हा.अद्धानवग्ग धम्मसन्तति पञ्हा ) ।

अवश्य पनि प्रतिसन्धि रहिरहेको व्यक्ति अतीत जन्मबाट आएको मानिस होइन ; त्यो अतीतको मानिससित बिल्कुल सम्बन्ध नरहेको अर्को एउटा नयाँ मानिस पनि होइन । एक समयमा एक जना ब्राम्हाणले भगवान् बुद्धसँग सोध्यो- "भो गौतम, जस व्यक्तिले काम गर्छ ; त्यस व्यक्तिले अनुभव गर्छ, यो कसरी भएको ?" बुद्ध- "हे ब्रम्हाण, यो एउटा भाग वा अन्त हो ।" ब्राम्हाण- "एक व्यक्तिले काम गर्छ, अर्को व्यक्तिले अनुभव गर्छ कि ?" बुद्ध- यो दोश्रो भाग वा अन्त हो । मैले ती अन्त द्वयलाई पन्छाई मध्यस्थविधिद्वारा उपदेश गर्नुभयो । ( सं . नि. निदान संयुत्त अञ्ञत्रं ब्राम्हाण सुत्त ) (पृष्ठ १८३-४ ) ।

मानिस मरणपछि अनन्तरमा कुन संसरण गर्नु नभई नयाँ जन्ममा फेरि उत्पन्न भएर आएको स्वभाव ; अर्थात् भवसंसारमा एक जन्मसित अर्को जन्म कारण कार्यको रुपमा मात्र सम्बन्धित रहेको स्वभावलाई स्पष्ट गरेर देखाएका उपमाहरु पिटकवाङमयमा देखापर्दैन । अट्ठकथाहरुमा भने ती उपमाहरु निकै ठूलो प्रमाणमा देखापर्दछ । मिलिन्दपञ्हा ग्रन्थमा दूधेबालकदेखि वयस्क व्यक्ति भएर



Downloaded from http://dhamma.digital/

आएको स्थितिको उपमा ; सारा रात बलिराखेको बत्तीको उपमा ; दूधबाट दही भएर आएको उपमा आदि देखाइराखेको छ । दूध दही होइन ; तर दही दूधबाट अलग्ग भएर उत्पन्न हुन नसकी कार्य-कारण रुपमा सम्बन्धित छ । आयुष्मान् बुद्धघोष आचार्यले पनि विसुद्धिमग्ग ग्रन्थमा आँपको रुप बृद्धि भएर आउनु बाल्यकालमा अध्ययन गरेको शिल्पविद्याको परिणाम उपभोग गर्न पाउनु, प्रतिध्वनि उब्जेर आउनु र ऐनामा छायाँ प्रकट हुनु आदि थुप्रै उपमाद्वारा स्पष्ट पारेर देखाएको छ ।

ती उपमाहरु बर्मेली बुद्धवादीहरुले जानी बुझीसकेको भएर यस पुस्तकमा फेरि उल्लेख गरिरहनु आवश्यक भएन । उत्तरीय बुद्धवादीहरुको संस्कृत अभिधर्म ग्रन्थमा आएको एउटा उपमा भने स्मरणीय भएकोले त्यस विषयमा यहाँ सक्षिप्त उल्लेख गर्दछु ।

एउटा नदी एउटा जङ्गल काटी बगिरहेको नदीको अर्कोतिर वन दाह भइरहेको छ । त्यसबेला त्यो आगो धनीभूत नभई क्षणिकमात्र देखापर्न आई निरोध र लोप भएर गएको आगोकोराप र ताप एकमाथि अर्को आधातिर भई निरन्तर उत्पन्न भइरहेको हुन्छ । मानिसको नाम रुप धर्म पनि त्यो आगोकोराप जस्तै एक क्षण नबिराई दनादन उत्पन्न भई निरोध र लोप भइरहेको हुन्छ । आगो निभ्न लागेको क्षणमा हावाको वेगले नदीको अर्कोतिर अन्य फेरि डँडेलो उत्पन्न भएर आयो । आगोले नदी तरेर गएको होइन । पहिलेको आगो र दोश्रो आगो एउटै हो ; अर्थात् यसलाई भिन्नभिन्नै हो भनिदैन । वास्तवमा हावाको वेगले नदी बीचमा रहे पनि आगोको राप ताप बिल्कुल टुटेर नगएको कारण स्पष्ट छ । त्यस्तै नाम रुप धर्महरु स्कन्ध शरीर विनाश भएर गएता पनि तृष्णाको शक्ति सामर्थ्यले गर्दा निरवशेष रुपमा निरोध र लोप भई टुटेर गएको हुन सक्तैन ।

पुद्गल सत्व आत्मा भवसंसार प्रादुर्भाव भएको स्वभावलाई आजकाल अन्य उपमाहरुद्वारा देखाउन सकिन्छ । एउटा टेबुलमाथि billiards खेलका बलहरु एक अर्कोसित जोडी लहरै रहेका छन् । अन्य एउटा बल बेगले गुडेर आई सबभन्दा पछिल्लो बललाई हिर्कायो । त्यसबेला गुडेर आएको बल रोकी सबभन्दा अघिल्लो बल अचल रहेको स्थितिबाट चलेर आई गुडेर गयो । यहाँनिर दोश्रो बल सरेर जानु पहिले बलबाट कुनै तत्व संसरण भएर आएको कारणले नभई त्यस बलको शक्ति बेगको कारणले नै चलेर गएको हो ।

समुद्रको फाँटमा टालका गोलाहरु गुड्दै गुड्दै जानुलाई हेर्‍यौं भने पानी छाल सँग सँगै गुटमुटेर गए जस्तो भान हुन्छ । वास्तवमा पानी एक ठाउँबाट अर्को ठाउँमा छाल सँगसँगै गुटमुटेर गएको होइन । छाल उब्जेर आउनु पानीको गतिले नभई हावा चल्नुको कारणले समुदैको पानीको फाँटमा उपलब्ध हलचलको सामर्थ्यवेगको शक्तिले गर्दामात्र हो । अर्थात् छालका गोलाहरु कुनै चीज संक्रमण हुनु नभइकनै वेगशक्तिमात्र संक्रमण भई गुडदै गुड्दै संचरण भइरहेको हो ।

यसरी प्रतिसन्धि चित्त वा विज्ञान अतीत जन्मबाट आत्मा जीव पुद्गल कुनै चीज संक्रमण हुनु नभइकन तृष्णा उपादान र कर्मशक्ति वेगको कारणले मात्र उत्पन्न भएर आएको हो ।

1. **Poussin, "The Way to Nirvana" , P. 53-54.**

"ती च्युति चित्त र प्रतिसन्धि चित्तहरुका बीचमा बार बनाउन जान्ने कुनै धर्म छैन ; त्यस च्युतिचित्त र प्रतिसन्धि चित्तहरुको माझ छैन ।" ( विसुद्धिमग्ग कङ्खावितरण विसुद्धि निद्देस खण्ड ) ।



Downloaded from http://dhamma.digital/

यस कथनले मानिस मर्दा सात दिनसम्म विज्ञान मुक्त नभइकन रहन्छ ; सात दिनको क्रिया ख्वाइसकेपछि पुण्य अनुमोदन गर्दा मात्र मुक्त भई फेरि नयाँ जन उत्पन्न हुन्छ भन्ने बर्मेली धारणा बौद्ध धारणा नभएको स्पष्ट छ । कथावत्थु पालिले त त्यो धारणा बुद्धवादीबाट अन्य भिन्न परवादी धारणा हो भनेको छ । परवादी आचार्यले मानिस मरणको अनन्तरमा अन्य जन्ममा प्रतिसन्धि रहन नपाइकन सात दिनसम्मको बीचको अवधिमा बस्न सकिन्छ भनी धारणा राख्दछ । तर स्वकवादी ( बुद्धवादी ) आचार्यले सोद्धा त्यो सात दिनको जीवन ३१ भुवनमा समावेश छैन ; तसर्थ च्युतिचित्त र प्रतिसन्धि चित्त बीचको अवधिमा अर्को जन्म उत्पन्न हुनसक्ने कारण छैन भनी स्वीकार्नु पऱ्यो ।

मानिस मरणको अनन्तरमा तिरश्चीन योनिमा प्रतिसन्धि रहन सकिन्छ भनी धेरै बुद्धवादीहरुले विश्वास गर्छन् । साधक प्रमाणको रुपमा ५५० जातक निपातहरुलाई औंल्याउँछन् । तर पश्चिमी राष्ट्रका पालिप्रज्ञाविद्हरुले ती जातक कथावस्तुहरुलाई भगवान् बुद्धले उपदेश गर्नुभएको जातक कथावस्तुहरु हुन्छ् भनी धारणा राख्दैनन् । यो तथ्यलाई बुद्ध-शरण खण्डमा स्पष्ट पारिनेछ ।

“भिक्षुहरु हो, महासमुद्रमा एउटा कानो कछुवा छ । त्यो कछुवा एक शय वर्ष वितिसकेपछि एकै चोटिमात्र पानीमाथि चढ्छ । त्यो कानो कछुवालाई हावा लागेको कारणले यताउता बगिरहेको एउटामात्र प्वाल भएको खम्बामा टाउको वेगले घुसार्ने मौका मिल्नेछ । अपायभूमिमा रहेका सत्वहरुले मनुष्यभाव लाभ गर्न अति मुश्किल छ । किनभने अपाय भूमिमा धर्माचरण गर्ने कुशल कर्म गर्ने भन्ने छैन । तिरश्चीनहरु ऋापसमा खाने गर्छन् । दुर्वल प्राणीलाई बलवान् प्राणीले खाने गछृ ।” ( म. नि. वालपण्डित सुत्त ) । यस देशना अनुसार तिरश्चीन प्राणी मनुष्यजन्मतिर संक्रमण गर्न त्यत्तिको मुश्किल भएमा भगवान् बुद्धले आफ्ना पहिलेका धेरै धेरै जन्म तिरश्चीन प्राणीको रुपमा रही पारमी पूर्ण गरेर आउनुभयो भन्ने कथन निराधार हुन जान्छ ।

तिरश्चीन प्राणी मनुष्यजन्ममा पुग्न सकिन्न भने मानिस पनि तिरश्चीन योनिमा जन्मनुमा कारण छैन भनी धारणा राख्नुपर्ने हुन्छ । निःसन्देह मानिस तिरश्चीनजीवनमा पतन हुन्छ भन्नु अथवा तिरश्चीन मनुष्यजन्ममा संक्रमण गर्छ भन्ने कुरा स्वभाव नियामसित विरोधाभास छ । विज्ञानको विचार अनुसार मानिस तिरश्चीनबाट अवतरण भएको सही भए पनि तिरश्चीनरुपमा कोटान्कोटी वर्ष बिताइसकेपछि मात्र मनुष्यभावमा आइपुगेका हुन् । स्वभावधर्मको क्रियाकलापको विकासमा होस् भन्ने कुरा वा परिहानीमा विस्तार हुने भएकोले स्वभावको हिसाबले तिरश्चीनभन्दा उच्च श्रेणी भएको व्यक्ति एउटै जन्मले आफ्नो अमूल्य सार अशंलाई परित्याग गर्नुपर्छ भन्नु स्वभाव नियाम धर्म सबैसँग प्रतिपक्षी छ ।

भगवान् बुद्धले मानिसहरुलाई तिरश्चीन सत्व प्राणीहरुलाई दया करुणा राख्न उपदेश निदुभएको छ । त्यसरी उपदेश गर्नुभएकोले मानिस र तिरश्चीन प्राणी परस्पर जीवनसित नजीक पर्छ । अर्को शब्दमा भन्ने हो भने मानिस मर्दा तिरश्चीन पशु हुनसक्छ भन्ने सिद्धान्त पिटकवाङमयमा कहीबाट घुसेर आएजस्तो देखिन्छ । तर तिरश्चीनहरुलाई बुद्धवादीहरुले दया माया राख्ने कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरुले विचार गरे जस्तो भवसंसारमा एक न एक अवस्थामा तिनीहरुसँग ज्ञाति सम्बन्ध रहिसकेको कारणले होइन । त्यस किसिमको धारणाको सुत्तन्त पिटकमा संकेतसम्म पनि देखापर्दैन । बुद्धवादको विचार अनुसार तिरश्चीनहरुलाई दया माया राख्नु मनुष्य



Downloaded from http://dhamma.digital/

जीवन र तिनीहरुको जीवनसित नजीक परेको कारणले नभई माथि उल्लिखित बालपण्डित सुत्त अनुरुप उनीहरुको भन्दा हामीहरुको जीवनस्तर अति उच्च भएको कारणले हो । मानिस ज्ञान बुद्धि भएको सत्व हुनाले ; आफूभन्दा अति नीच रहेको तथ्य साधक नमस्ना हो भनी कसै कसैले भन्छन् । वास्तवमा यो कुरा युक्तिसङ्गत छैन । विश्वमानव समूहको सुदृढ रुपमा विश्वस्त हुनु र तीव्र आशा छन्दहरु कहिलेकाहीं गलत रहेको कुरा मानव इतिहासले स्पष्ट दर्शाइसकेको छ । ती विश्वासहरु र आशाछन्दहरु नित्य र सही हुनुपर्छ भनेमा विश्व जनसंख्याको कमसेकम दुई तिहाई मानिसहरुले स्वीकारेको परमेश्वर, परमात्मा र आत्मविज्ञान छ भन्ने सिद्धान्तलाई हामीले स्वीकार्नुपर्ने हुन्छ ।

1. **London Buddhist Lodge, "What is Buddhism ?" , P. 177.**

पुनर्जन्मलाई विश्वास गर्ने व्यक्तिहरुमा विश्व इतिहासमा प्रसिद्ध राष्ट्रनेताहरु, दार्शनिकहरु, कवि, साहित्यविद्हरु र वैज्ञानिकहरु समावेश छन् । Plato, Pythagoras, Virgil, Victor Hugo, WalterScott, Ibsen, Goethe, Longfellow, Milton, Tennyson, Benjamin Franklin, Napoleon आदि पुनर्जन्मलाई विश्वास राख्ने विश्वप्रसिद्ध व्यक्तिहरुको संख्या कम छैन । प्रसिद्ध वैज्ञानिक T, H, Hearts Lee जस्ता गम्भीर रुपमा विचार विर्मश गर्ने व्यक्तिले पुनर्जन्म सिद्धान्तलाई अभिप्राय युक्त छैन भनी तिरस्कार गरेका छन् । जर्मन दार्शनिक Schopenhauer ले एक एशियाली व्यक्तिले मलाई यूरोप महाद्वीपको विषयलाई परीक्षण र सोधपूछ गरेमा यूरोप महाद्वीपमा मानिसको अतीत जन्म छैन भनी मिथ्या धारणाप्रति आसक्ति रहेका मानिसहरु बसोबास गरेको हो भनी आफूले जवाफ दिने भएको कुरा लेखिराखेको छ ।

तर हामीले पुनर्जन्मलाई विश्वास गर्ने विश्वप्रसिद्ध प्रज्ञाविद्हरुलाई उल्लेख गर्नुमात्रले त्यो सिद्धान्त सही भयो भनी भन्न सकिन्न । पुनर्जन्म सिद्धान्तलाई स्वीकार्ने प्रसिद्ध व्यक्तिहरु भए जस्तै त्यो सिद्धान्तलाई तिरस्कार गर्ने प्रसिद्ध व्यक्तिहरु ( उदाहरणार्थ Bertrand Russell, Somerset, Sigmund ) पनि धेरै धेरै भएका कुरामा ध्यान राख्नु उचित छ । त्यसकारण अथवा तिरस्कार गर्ने व्यक्तिहरुलाई नहेरी तिनीहरुको कारण प्रदर्शनहरुलाई मात्र विचार गर्नुपर्दछ ।

फ्रेञ्च प्रज्ञाविद् Voltaire ले "मानिसको मरणपछि ऊ फेरि मानिस नै भएर जन्मन्छ भन्नु आश्चार्यजनक छैन । स्वभावधर्ममा सबै पदार्थको सधैं उत्पत्ति र विनाश शुन्छ" भनी लेखेको थियो । उदाहरणार्थ यहाँ दिन र रात, ऋतु मौसम, संसारचक्र घुमिरहेजस्तै मानिस पनि भवसंसारचक्रमा घुमिरहेको हो भन्न लागेको जस्तो छ । स्वभावधर्ममा कारण र कार्य सधैं द्वन्दात्मक रहेको हुँदा त्यो स्वभाव धर्मले पनि भवसंसार सिद्धान्तलाई समर्थन गरिरहेको छ । सही रुपमा भन्ने हो भने भवसंसार सिद्धान्त कारण कार्यवाद वा कर्मवादसित छुट्याउन मिल्दैन । यो सिद्धान्तलाई स्वीकार्ने प्रज्ञाविद्हरुले बुद्धवादी नभएतापनि कर्मवादलाई विश्वास गर्दछन् ।

तर यो सिद्धान्त कर्मवादजस्तै नै वैज्ञानिक विधिविधानद्वारा स्पष्ट देखाउन सकिने सिद्धान्त होइन । मनुष्य संसारको केही घटनाहरुलाई हामीले सन्तोषजनक रुपमा निराकरण गर्न सकेको कारणले स्वीकार र विश्वास गर्न उचित भएको सिद्धान्त मात्र हो । त्यो सिद्धान्त बाहेक अन्य विधिद्वारा स्पष्टीकरण दिन असजिलो मनुष्य जीवनका घटनाहरु धेरै प्रकारका छन् । कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरुले ती घटनाहरुलाई विमर्श परामर्श गर्नुबाट भवसंसारलाई विश्वास



Downloaded from http://dhamma.digital/

गरेरआएका हुन् । एउटा साधक नमूना प्रदर्शन गर्नुपरेमा एउटा अंग्रजले सानो छदाँ मूर्ति पूजकहरुलाई घृणा गर्थ्यो । तैपनि १० वर्षको उमेरमा उनले एउटा पसलमा एउटा जापानी बुद्धमूर्ति भेट्टाउँदा त्यस मूर्तिप्रति श्रद्धा राख्न लाग्यो । अन्य खेलौनाहरु रुचाएन । उनकी सानी आमाले रोकेता पनि उनको कुरा नमानी त्यो मूर्तिलाई किनी घरमा ल्यायो । आफ्नो घरमा मूर्तिलाई राम्ररी गौरबपूर्वक राखी फूलमाला र सुगन्धित वस्तुहरुले पूजा गर्थ्यो । आफ्ना साथीभाईहरुले जिस्क्याउँदा पनि उनले अलिकति पनि श्रद्धाचित्तलाई प्रकम्पित नगरी अन्त्यमा बुद्ध धर्मावलम्बी भएर आयो । यसरी अचम्म लाग्दो घटनालाई भवसंसार सिद्धान्त बाहेक अन्य विधिद्वारा निकारण गर्न दुष्कर छ।

मनुष्य-संसारका अन्य विचित्र घटनाहरु अतीत जन्मका कर्महरुको कारणले हुन्छ भनेमा अतीत-जन्मलाई किन हामीले सम्झन नसकेका हौंला नि भनौं भने स्मरण ज्ञान स्कन्ध शरीरको मस्तिष्कमा स्थित रहेको हुँदा अतीत जन्म बिल्कुल नरहिसकेको पुरानो स्कन्ध शरीरसित सम्बन्धित रहेको कारणले यसलाई सम्झन नसकेको हुनसक्छ । वास्तवमा भन्ने हो भने अतीतको जन्मलाई त्यसै छाडौं ; बाल्यजीवनका घटनाहरु अथवा ५-१० वर्ष बितिसकेका घटनाहरुलाई समेत हामीले कति हृदयसम्म सम्झन सक्छौं ? वर्तमान-जीवनका घटनाहरुलाई समेत भुलिन्छ र बिर्सन्छ भने अतीतका जन्मलाई बिर्सनु कुनै आश्चर्यको कुरा होइन ।

त्यसो भएता पनि विश्वको यत्रतत्र अतीतको जन्मलाई सम्झिन्छ भन्ने व्यक्तिहरु समय समयमा प्रादुर्भाव भएका देखिन्छन् । पश्चिमी राष्ट्रहरुको पहिले आफू कहिल्यै नपुगेको ठाउँमा प्रथमवार पुगी कहिल्यै नदेखेका चीजहरु आफूले देखी जानिसकेका जस्ता-मनमा प्रकट भएर आउन सक्छन् । तिनीहरुको आफ्ना राष्ट्रहरुमा अतीतका जन्मलाई सम्झन्छौं भन्ने व्यक्तिहरु पनि कहिलेकाहीं देखापर्न सक्ने भएकोले ती व्यक्तिहरुको कथन निकै सही रहेको तथ्य दृढ साधक प्रमाणहरु छन् । पशिचमी राष्ट्रका व्यक्तिहरु प्रयाशः अतीतको जन्मलाई विश्वास नगर्ने व्यक्तिहरु भएकाले तिनीहरुका राष्ट्रका प्रज्ञाविद्हरु स्वयंले अध्ययन र परीक्षण गरेको “अवतारी” साधक नमूनाहरु भवसंसारलाई विश्वास गरी अध्ययन र परीक्षण गर्ने खालका कम भएका एशियाली बुद्धधर्मानुयायी राष्ट्रहरुलाई त्यस्तै त्यस्ता साधक नमूनाहरुभन्दा बढी दिलचस्पी लाग्दो छ ।

प्रथम विश्व युद्ध हुनुभन्दा अघि चित्तविज्ञान विषयलाई अध्ययन गर्ने एक जना फ्रेञ्च प्रज्ञाविद्ले मानिसहरुलाई निद्रावस्यामा पारी अतीत-जन्म छ वा छैन भन्ने कुराको अध्ययन गरेको थियो । निद्रावस्थामा पारिएका व्यक्तिहरुले तिनीहरुको अतीत-जन्मलाई पुनर्वरि भनेका छन् भनिन्छ । तर तिनीहरुका कथनहरु कति हदसम्म सत्य छन् भनिएकोमा आद्योपान्त सुनिश्चित रुपमा परीक्षण गरेको थिएन । त्यस्तो अवस्था देखी कुनै कुनै प्रज्ञाविद्हरुले “हिप्नोटिज्म” द्वारा अतीत जन्मको समस्यालाई अध्ययन गर्दै आएका छन् । Dr. AlexanderCannon नामक अंग्रेज मनोचिकित्सकले पहिले पहिले अतीत-जन्मलाई विश्वास नगरेता पनि १००० भन्दा बढी मानिसहरुलाई निद्रावस्थामा पारी अध्ययन र परीक्षण गरिसकेपछि अतीत-जन्म अवश्य छ भनी विश्वास गर्न थाल्यो । १९५२ इ. सं मा अमेरिकामा यस्तै प्रकारको एउटा अध्ययन र परीक्षण विषयमा लेखिएको एउटा पुस्तक प्रकाशित हुँदा मानिसहरुमा निकै कोलाहल र हलचल हुन गएको थियो । त्यो पुस्तक Mrs. सिग्मोण्ड नामकी एउटी महिलालाई निद्रावस्थामा पारी अतीत-जन्मलाई परीक्षण गर्ने सम्बन्धी पुस्तक हो मिसिज् सिग्मोण्डले आफू अतीत-जन्ममा Bridey Murphy भन्ने आयरलैण्डकी



Downloaded from http://dhamma.digital/

महिला थिइन् भन्दा Bridey Murphy को ठाउँ आमा-बाबु र कुलवंश आदिलाई निकै पूर्ण रुपमा वताइन् । अमेरिकाको एउटा प्रेसले आयरलैण्डमा एक जना सम्वाददातालाई पठाई परीक्षण गर्दा मिसिज् सिग्मोण्डका कथनहरु निकै सत्य भएको तथ्य जान्न पाइयो । केही तथ्यहरुसित सम्बन्ध राखेको संकेत चिन्ह नभएकोले भने त्यसमा सत्य छ वा छैन थाहा पाउन सकिएन ।

1. **Morey Bernstein, "The Search for Bridey Murphy" .**

निद्रावस्थामा पारी अतीत-जीवनलाई परीक्षण गर्ने विधिमा दोष छ, निरापद छैन भनी कुनै कुनै प्रज्ञाविद्हरु स्वीकार्दैनन् । अतीत जन्मलाई त्यसै त्यसै सम्झिन्छ ; अथवा हिप्नोटिज्म ( सम्मोहन ) द्वारा उद्घाटित गर्न सकिन्छ भन्ने कथनसित सम्बन्ध राखी विचार गर्नुपर्ने के छ भने उदाहरणको रुपमा भनौं माउँ मा आफ्नो अतीत-जन्ममा माउँ फ्यू भएर आएको थियो भनी त्यो जन्मनुभन्दा अगाडि माउँ फ्यू भन्ने व्यक्ति उनले भनेका तथ्यहरु अनुरुप सुनिश्चित रुपमा रहेको थियो नै भनौं ; त्यसरी रहनुबाट माउँ भाको जीवन र माउँ फ्यूको जीवन जुडिएको रहेन छ कि भन्ने प्रश्न उठ्न सक्छ । यदि माउँ भा र माउँ फ्यूहरु कर्मवाद अनुसार रुप लावण्य, अङ्ग प्रत्यङ्ग, प्रज्ञा ज्ञान, मनोभावना र चरित्र आदि कर्मशक्तिहरु िनकै हदसम्म एकैनास हुन्छ भने भव परस्पर सम्बन्धित छ भन्ने कथन बढी युक्ति प्रमाण युक्त हुनेछ । त्यसरी कर्मशक्ति एक समान रहेकोलाई देखाउने अवतारी साधक नमूनाहरु हामीले कमै मात्र देखेका छौं ।

चित्तविज्ञानको विषयलाई अध्ययन परीक्षण गर्ने कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरुले त मरिसकेको कुनै एक व्यक्तिको जीवनलाई अन्य एक व्यक्तिले सम्झन सक्नु जस्तो कुरा भव परस्पर सम्बन्धित रहेको कारणले नभई त्यस मरेको व्यक्तिको विज्ञानको प्रयोग -कारण) ले भएको हो भन्छन् ।

यहाँनिर पुनर्जन्म सम्बन्धी समस्यासित सम्पर्क राखी चित्तविज्ञानको विषयलाई अध्ययन गर्ने पश्चिमी राष्ट्रका अन्वेषक प्रज्ञाविद्हरुको विचारधारा उल्लेख गरिन्छ । पश्चिमी राष्ट्रहरुमा चित्तविज्ञानको विषयलाई गहिरिएर ठोस रुपमा अध्ययन परीक्षण गरी अनुसन्धान गर्ने सभासङ्गठनहरु एवं प्रज्ञाविद्हरु छन् । ती प्रज्ञाविद्हरुको अनुसन्धानकार्य अनुसार मरिसकेको व्यक्तिले प्रकट रुपमा हरीर देखाउने र मरेकोसित सम्पर्क राख्ने आदि क्रियाकलापहरु सुनिश्चित रुपमा कारण सहितको युक्ति प्रमाण रहेको बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने रुप धर्म सबै क्षेत्रमा प्रमुख नभएको तथ्य मानिस मरिसकेपछि निरर्थक नभई केही न केही अवशेष रहेको तथ्यद्वारा स्पष्ट भएको छ ।

मानिस मृत्युपछि निरर्थक नभएको तथ्य ती प्रज्ञाविद्हरुद्वारा फेला पारिएका साधक प्रमाणहरु सुदृढ रहेको स्थितिलाई Bertrand Russell ले, चित्तविज्ञान अनुसन्धानकर्ताहरुले मानिस मरिसकेर केही अवशेष रहेको तथ्यलाई वैज्ञानिक विधिअनुरुप राधक प्रमाणहरु भेट्टाइराखेका छन् भनिन्छ । तिनीहरुको अध्ययन परीक्षण पद्धति वैज्ञानिक तौरतरीकाले सही भएको तथ्य निराहङ्कित छ । तिनीहरुको युक्ति साधक प्रमाणहरु वैज्ञानिक विधिलाई स्वीकार्नेहरुले समेत नकार्न नसक्ने गरी सुदृढ र ठोस रहेमा नै यो रहन सकिने छ" आदि भनी समर्थन गरिराखेको छ । यहाँ Bertrand Russell पुनर्जन्मलाई नकार्ने रुपवादी ( भौतिकवादी ) भएको कुराको ख्याल राख्नु योग्य छ ।



Downloaded from http://dhamma.digital/

त्यसरी चित्तविज्ञान अनुसन्धानकर्ता प्रज्ञाविद्हरुले मानिस मरेर भव विच्छेद हुनु केही अवशेष रहन्छ भनी एकै श्वरमा स्वीकार र विश्वास गरेता पनि पुनर्जन्म जस्तो समस्यासित सम्बन्ध राख्दा भने यो सिद्धान्तमा विभेद देखिन्छ । कोहीले पुनर्जन्म छैन भनी धारणा राख्छन् भने कोही छ भनी धारणा राख्दछन् । कुनै कुनैले त छ वा छैन भनी कुनै निश्चित धारणा नलिई यस विषयमा अध्ययन परीक्षण गरिरहेका छन् ।

एउटा विशेषता के छ भने मरेकाहरुमा विज्ञानसित सम्पर्क जोडी परीक्षण गर्दा "मृतक" हरुमा पनि विचारधारा रसिद्धान्तमा फरक पाइएको कुरा बताइएका छन् । मृतकहरुसित सम्पर्क जोड्ने गरिन्छ भन्ने कुरामा बर्मा ( म्यान्माः ) मा "माता" हरुलाई देव साधना गराइने जस्ता उदाहरण लिन सकिन्छ । त्यसरी माताहरुमार्फत मृतकहरुसँग पुनर्जन्म विषयको समस्या विषयमा सोधपूछ गर्दा कुनैले पुनर्जन्म छ र कुनैले पुर्जन्म छैन भनी बताएका छन् पनि भन्छन् कुनैले त स्पष्ट जवाफ दिन नसकी अन्योलमा परिराखेका कुरा पनि बताएका छन् भन्ने बुझिन्छ ।

1. **Bertrand Russell, "Why I am not a Christian and other essays" , P. 41.**
2. **Medium.**

बर्मेली बुद्धवादीहरु म्तकले शरीर प्रकट गरिदेखाउने र कुनै जीवित व्यक्तिमा प्रवेश गर्ने आदि कुराहरु परलोक छ भन्ने कुराको साक्षी प्रमाणहरु हुन् भनी विश्वास गर्छन् । पश्चिमेली प्रज्ञाविद्हरु भने यस्ता धारणा राख्दैनन् । तिनीहरुको विचार अनुसार ती आकार प्रकारहरु मानिस मरेपछि त्यसको केही अवशेष रहिरहन्छ भन्ने धारणाको निमित्त सहयोगी साधनसम्म हुन सक्दछ । उपर्युक्त कुरा पुनर्जन्मको निमित्त ठोस प्रमाणहरु हुन् भनेर भने भन्न सकिन्न । एकजना प्रज्ञाविद्ले भनेका छन्- "कुनै एक व्यक्ति भनेको रुपधर्म र नामधर्म जोडिराख्नु हो । त्यसलाई नामधर्म स्कन्ध शरीरसित अलग्ग भएको व्यक्ति हो भन्न सकिदैन । चित्तविज्ञानका अनुसन्धानकर्ताहरुले फेला पारेको भनिएको मृतक-व्यक्ति त्यसको नामधर्म र माताको स्कन्ध शरीरसँग जोडिराखेको अस्थायी नक्कली व्यक्ति मात्र हो ।

१. "विज्ञानले समाधान गर्न नसक्ने समस्याहरु", म्यावदी, अप्रैल-१९५७ ।

3. **De Witt Miller, "Reincarnation" , P. 89-92.**
4. **Aldous Huxley, The Perennial Philosophy " ,P. 222.**

कुनै कुनै पश्चिमेली प्रज्ञाविद्हरुले आत्मविज्ञानलाई अस्वीकार गरी नामधर्म र रुपधर्म परस्परमा सम्बन्धित छन् भनी विश्वास गरिराखेको कारणले नै परलोक अथवा पुनर्जन्मलाई तिरस्कार गर्ने गर्छन् । तिनीहरुले देखाएका कारण ग्रीक दार्शनिक एबितय को एउटा ग्रन्थमा उल्लिखित एउटा उच्छेदवादीले मानिसहरुको मनोभावना प्रभावशाली हुने स्थिति विशिष्ट र विचित्र भई अचम्मलाग्दो भएको कुरा उनले जाने बुझेको छ भनिन्छ । तर मनोभावनाको प्रभावशालीता गम्भीर, विचित्र र अचम्म लाग्नु पुनर्जन्म हुनुको राधकप्रमाण हो भनी विश्वास गर्न गाह्रै छ । उदाहरणार्थ-वीणावादन गर्दा प्रादुर्भाव भएर आउने वीणा शब्द विचित्र भई अचम्मलाग्दो हुन्छ । वीणाको शब्दलाई वीणासित तुलना गर्न मिल्दैन । किनकि त्यो शब्द वीणा भन्दा बढी ठोस रसारयुक्त छ । शब्दलाई आँखाले देख्न सकिदैन । हताले परीक्षण गर्न नमिलेता पनि त्यसको विशिष्ट



Downloaded from http://dhamma.digital/

र विचित्र अर्थ रहिरहन्छ । वीणा र वीणाका तारहरु मानिसको स्कन्ध शरीर जस्तै नै रुप वस्तु हुन् । तर वीणा बिग्रिने अवस्थामा अचम्मलाग्दो वीणा शब्द पनि शून्य भएर जानुपर्दछ । त्यो शब्द वीणाको रुप वस्तुहरुभन्दा पनि द्रुत रुपले लोप भएर जानु पर्दछ । त्यसरी मानिसको नामधर्म रुपधर्म माथि आधारित भई रुपधर्म निरोध र शान्त हुने बित्तिकै एकासाथ त्यो पनि निरवशेष रुपमा निरोध र शान्त भएर फेरि प्रादुर्भाव हुन सक्ने छैन भन्ने कुरालाई अगाडि सारेर पुनर्जन्मवादलाई प्रतिरोध गरेको छ ।

यसरी रुपवादीहरु परलोकलाई तिरस्कार गर्छन् । तिनीहरुले देखाएका कारण विचारणीय भने छ । परलोक नभएको तथ्यको प्रमाण भने पाइएको छैन । वास्तवमा भन्ने हो भने परलोकको समस्यालाई पूर्ण वैज्ञानिक ढङ्गमा सुनिश्चित र स्पष्ट रुपमा निर्णय गर्न सजिलो छैन । यस तथ्यसित सम्बन्ध राखी प्रख्यात मनोवैज्ञानिक एवं दार्शनिक C. G.Jung ले निम्न अनुसार लेखेका छन् ।

"एक व्यक्ति वा सत्वको मरण हुँदा के हुन्छ भन्ने कुरा हामीले जान्न सक्तैनौं । परलोक छ वा छैन भनी झवाट्ट जवाफ दिने कुरा हुन सक्तैन । त्यसरी जवाफ दिनलाई वैज्ञानिक विधि अनुसारको ठोस प्रमाण पाइएको छैन । तसर्थ त्यो समस्यालाई सोधपूछ गर्नु मङ्गलग्रहमाथि मनुष्य प्राणी छ छैन भनी सोध्नु जूतै हुन्छ । मङ्गलग्रहमा सत्वप्राणीहरु छन् नै भनौं भने पनि मङ्गलग्रहका प्राणीहरुले मनुष्यलोकमा त्यस्ता मानिस छन् छैनन् भन्ने समस्यातिर तिनीहरुले ध्यान दिइरहेका हुँदैनन् । मङ्गलग्रह कोही नभएको ग्रह भएमा ती कुरा हुनसक्नेछ । मानिसको परलोकसित सम्बन्ध रहेर पनि हामीले त्यस्तै भाव त्यो समस्यालाई मात्र उपेक्षाभाव राख्नुपर्ने हुन्छ ।"

1. **C. G. Jung, "Modern Man in Search of a Soul" , P. 128.**

त्यसकारण कुनै कुनै पश्चिमी प्रज्ञाविद्हरुले परलोक छ वा छैन भन्ने दुवै सिद्धान्त वा वादलाई अस्वीकार गरी त्यस समस्याको सम्बन्धमा थाहा पाउन सकिन्न भनेका छन् तापनि विश्वका धेरैजसो मानवहरुले प्राचीन प्रवेणीदेखि आजसम्म परलोक वा पुनर्जन्मप्रति दृढ विश्वास गरेका छन् । पश्चिमी राष्ट्रहरुमा प्राचीन क्रिश्चियन गणिकहरुले परलोकलाई स्वीकारी त्यो वाद ई. सं. ५५३ मा क्वन्स्टायन्टी नोपल शहरमा मनाएको क्रिश्चियन काउनसलले तिरस्कार गर्दा मात्र क्रिश्चियन धर्ममा यो कुराको लोप भएर गयो भनी भन्दछन् । अहिले त एशियाली धार्मिकवादहरुसँग फेरि प्रादुर्भाव भई परलोकलाई विश्वास गर्ने पश्चिमी नागरिकहरु अघिभन्दा बृद्धि भएर आएको कारण थाहा पाइएको छ ।

विश्वमा त्यसरी फैलिरहेको परलोकलाई विश्वास गर्नुले मानिसहरुलाई कसरी लाभ पुऱ्याइराखेको छ त भनी विचार गर्नु योग्य छ ।

त्यस विश्वासको कारणले मानिसहरु नराम्रो कामबाट विरत भई राम्रो काम गर्ने हुन्छन् भनी कसै कसैले भन्छन् । यो कुरा मनोवृत्ति रप्रज्ञाज्ञान अपरिपक्व भएका मानिसहरुको निमित्त सही होला । भगवान् बुद्धले त्यस प्रकारको पृथग्जन सत्वलाई उद्देश्य गरी परलोक नभए पनि छ भनेर विश्वास गर्नुद्वारा हित र अर्थ उत्पत्ति हुन सक्छभनी उपदेश गर्नुभएको हो । प्लेटोले कुनै कुनै किंवदन्ती र कथोपकथनहरुले मानिसहरुलाई हित गर्छ भनेका छन् ।फ्रेञ्च प्रज्ञाविद् वोल्टेयरले परमेश्वर यद्यपि छैन तापनि मनुष्यप्राणीहरुको हितको निमित्त परमेश्वरप्रति विश्वास गर्नु जस्तोलाई



Downloaded from http://dhamma.digital/

सृजना गरिराख्न लगाउनु आवश्यक छ भनेका छन् । त्यस्तै परलोक होस् वा नहोस् ; छ भन्ने सिद्धान्त अपरिपक्वा मानिसहरुको लागि चरित्र निर्माण गर्न सहयोग पुऱ्याउने कुरामा भने शंकै छैन ।

हुन त परलोकलाई विश्वास गर्नु मानिसहरुमा शीलचरणले सम्पन्न गराउने एउटै मात्र कारण होइन । किनकि परलोकलाई विश्वास गर्ने मानिसहरु पनि शीलाचरणबाट भ्रष्ट भएका पनि छन् । परलोकमा विश्वास नगर्ने कोही कोही मानिसहरु राम्रो शीलाचरणलाई आधार बनाई परलोकको कुरा स्पष्ट पार्छन् । इङ्गलैण्ड निवासीहरुको इतिहासलाई आधार बनाई हेरियो भने पनि परलोकलाई विश्वास गर्ने मानिसहरुको शीलाचरण धर्ममा सच्याउन सकिन्छ भन्नु मुश्किल छ । कारण पुराना अंग्रेजहरु मात्र स्वर्ग र नरकलाई विश्वास गर्ने छन् भने आजकाल त त्यस्तो परलोकमा विश्वास राख्ने व्यक्तिहरु इङ्गलैण्डमा धेरै देखापर्दैनन् । वास्तवमा भन्ने हो भने आधुनिक अंग्रेज कुलपुत्रहरु पुराना मानिसहरुभन्दा कोमल हृदय र मन भएका देखिन्छन् । मानिसहरुको शीलाचरण धर्मलाई सच्याइने कारण धर्महरु प्रशस्त मात्रामा भएकोमध्ये सबभन्दा महत्वपूर्ण धर्म प्रज्ञाज्ञान हो । मानिसले प्रज्ञाज्ञानले परिपक्व भएर आउने अवस्थामा शीलचरण राम्रो तुल्याउनुको नाताले परलोकलाई विश्वास गर्नु आवश्यक छैन । किनभने त्यस अवस्थामा परलोकमा आफूले अनुभव गर्ने र भोग्नुपर्ने कुशल प्रतिफल एवं अकुशल दोषलाई चिन्तन नगरी वर्तमानको प्रत्यक्ष जीवनमा आफ्नो एवं अरुको हितार्थ अनि मुष्य-संसारकै हितार्थ धर्मानुकूल आचरण र चिन्तन मनन गर्ने छन् । जस्तै-केही नजान्ने नबुझ्ने बालकले ठूलाबडा आमाबाबुहरुले दिने दण्ड अपराधदेखि डराई वा लाभ उपहारको आशा राखी ज्ञानी बन्न पुग्छ । ठूलो भएर प्रज्ञा-बहुश्रुतले परिपूर्ण हुँदा भने अरुको डर धम्की वा प्रलोभनमा नपरी आफ्नो चित्तलाई आफैले अनुशासन गरी स्वभावतः राम्रो मानिसमा गनिने भएर आउने झैं नै हो ।

**१. "जङ्गलीपन सभ्यतातिर" म्यावदी, डिसेम्बर १९५६ ।**

त्यसकारण शीलाचरणको निमित्त परलोक सिद्धान्तको आवश्यकता वा अनावश्यकताबाट प्रभावित हुनु मानिसको प्रज्ञाज्ञानको श्रेणीमाथि आधारित हुने हुन्छ । वास्तवमा त्यस प्रकारको सिद्धान्तले मानिसहरुलाई अनर्थ र अहित गराउँदैन । अनर्थ र अहि तगर्ने विषय त परलोकलाई बढाई चढाई त्यसमाथि आसक्त हुनु हो । यस कुराको तथ्य परलोकमाथि आसक्ति आख्ने कुनै कुनै बर्मेली बुद्धवादीहरुको क्रियाकलाप एवं चिन्तन मननद्वारा स्पष्ट हुन्छ ।

आफ्नो लागि परलोक सपार्ने हेतुले मात्र दान प्रदान गर्ने बुद्धवादीले प्रतिग्राहकको आचरणप्रति निरीक्षण र परीक्षण गर्ने गर्दैन । साँच्चै त यस विषयमा चेतनामात्र नै महत्वपूर्ण मानिन्छ । परोपकारी चेतनाले दिइएको दान भविष्य उज्ज्वलको लागि बीज हुन सकिन्छ । भवभोगको निमित्त सम्पत्ति स्याहार्न सकिन्छ भन्ने कामना लिई प्रज्ञाज्ञान विहीन श्रद्धाधर्मद्वारा दान प्रदान गर्ने पनि छन् । शीलाचरणको क्षेत्रमा त्यस्ता बुद्धवादीको दृष्टि संकीर्ण छ । कोही मानिस अपराध गरिएको हुने हो कि भन्ने डरले प्राणीमात्रको हित हुने क्रियाहरु ( जस्तो कि स-साना उपियाँहरु र मुसाहरुलाई सखाप पार्ने, पुलिसलाई सहयोग गरी चोर बदमासहरुलाई दमन गर्ने ) लाई उपेक्षा गरी बस्ने हुन्छ । त्यस्ता बुद्धवादी कर्मस्थान-भावनायुक्त उद्योग र अभ्यासको बृद्धि गर्दा पनि परलोकको हितको आकांक्षा राखी उद्योग र अभ्यासको बृद्धि गर्छन् र यदाकदा वा बारबारै पनि आफ्नो चित्तलाई आफैले धोखा दिएर बस्छ । त्यस्ता व्यक्ति आफ्नो भावनात्मक कार्यद्वारा हुने



Downloaded from http://dhamma.digital/

सफलतालाई प्रत्यक्ष फलधर्मद्वारा नाप्ने निर्णय नगरी कल्पना र प्रत्याशाद्वारा आफ्नो तर्कलाई ठीक सम्झेर रहने हुन्छ । कोही भावनायुक्त कार्यद्वारा वर्तमान जीवनमा मानसिक शान्ति नपाए पनि त्यस कार्यको कारणले आफूमा राम्रो पुनर्जन्म मिली अपाउद्वारा बन्द भयो भनी आश्वस्त रसन्तुष्ट भई बस्ने पनि छन् । उमेर ढल्किँदै जाँदा सांसारिक हित र अपूर्ण क्रियाकलापहरुमा लागिरहनुपर्ने कारणले मनुक्ष्य जीवनको लागि अर्थपरुर्ण र हित हुने क्रियाकलापहरु स्वतन्त्र र स्वच्छन्द रुपमा गर्न सकिने हुँदैन ।

परलोकप्रति विश्वास गर्नु र त्यसमाथि आसक्त रहनु सबै धर्मको प्राथमिक लक्ष्य झैं भएको छ । त्यसप्रकारको विश्वास र आसक्ति नभएमा मानिसहरुले धर्म भन्ने वस्तुलाई तिलाञ्जली दिनेछन् भन्ने पनि कसै कसैमा धारणा छ । यो कुरा बुद्धवादीको निमित्त सही छैन । बुद्धवादले परलोकको अर्थहितलाई प्रत्याशा राख्ने खालको शीलाचरणलाई प्रोत्साहन नदिई मनोभावना परिपक्वताको निमित्त प्रज्ञाज्ञानमाथि आधार लिएको शीललाई प्रगाढ रुपमा उपदेश गर्दछ र भविष्यको प्रतीक्षा नगरी वर्तमान जीवनमा उत्पन्न हुने दृष्टधार्मिक प्रतिफललाई महत्व दिन्छ तथा परलोकलाई तिरस्कार नगरे पनि त्यसले आसक्ति नराख्न विशेष होश दिन्छ ।

परलोकप्रति विश्वास गर्नु निर्दोष भए पनि परलोकप्रतिको आसक्ति उपादान भने मनुष्य-जीवनलाई निरर्थक तुल्याई धर्म भनेको मानिसहरुको निमित्त अफिम हो भन्ने साम्यवादीहरुको आरोपलाई टेवा वा अनुबल दिएको जस्तो देखिन्छ । वास्तवमा भन्ने हो भने त्यो आसक्ति उपादान मानिसहरुको लौकिक र लोकोत्तर अर्थ हितलाई हानी वा अन्तराय गर्ने चार उपादान अन्तर्गत भएको एक प्रकारको दृष्टि-उपादान हो । यो दृष्टि-उपादानले किन मानिसहरुलाई दृढ रुपमा बाँधिराख्न सकिएको हो भनी विचार गर्नु योग्य छ ।

संसारमा राम्रो वा नराम्रो कामको दृष्टान्तयुक्त प्रत्यक्ष परिणाम देख्न गाह्रो छ । कोही कोही दुष्ट दुराचारीहरु समुन्नत भई कोही कोही साधु सन्तहरुले शारीरिक एवं मानसिक दु:ख झेलिरहन पर्नु मनुष्य जीवन के हो भन्ने प्रष्टिएको स्थिति हो । मानिसहरुले त्यस प्रतिकूल परिस्थितिको दृष्टान्त प्रत्यक्ष वर्तमान कारण धर्महरुलाई होश नराखी सब्बपुब्बेकतहेतु ( सर्व पूर्वकृत हेतु ) सिद्धान्तद्वारा समाधान खोज्ने गर्छन् । तसर्थ सब्बपुब्बेकतवादसित सम्बद्ध रहेको अतीतको जन्मप्रति आसक्ति प्रादुर्भाव भएर आउँछ । अतीत-जीवनप्रति आसक्त भएको व्यक्ति परलोकप्रति पनि आसक्त नै हुने हुन्छ । किनभने उसको परिस्थितिलाई सच्याउने छ ।

परलोकप्रति आसक्ति त्यसरी कर्मनियामसित सम्बन्ध राखी गलत धारणा हुनु अर्थात शाश्वतदृष्टिको कारणले प्रादुर्भाव भएर आएको आसक्ति हो । शाश्वतदृष्टि आत्मदृष्टिसित सम्बन्ध दृष्टि भएकोले परलोकप्रतिको आसक्ति प्रमुखतया आत्मदृष्टिमा आधारित भएको छ । वास्तवमा मानिसहरुले परलोकप्रति जतिसुकै आसक्ति राखेता पनि आत्मदृष्टिसँग प्रतिपक्ष भएको जस्तो परलोकलाई भने चाहना गर्ने छैन । यो कुरा यहाँ स्पष्ट गरिन्छ ।

यदि कुनै एक व्यक्ति प्राण पखेरु नउडी कुनै एक कारणले आफू को हो ; आफ्ना स्वास्नी छोराछोरी र साथी भाईहरु को को हुन् भन्ने कुरालाई बिल्कुलै बिर्स्यो भनौं, त्यस व्यक्तिले त्यसरी जीवनलाई बिर्सिसकेपछि आफ्नो चित्त अझ बढी सुख पाएको परिस्थितितिर परिवर्तन भएर समृद्ध



Downloaded from http://dhamma.digital/

हुँदै आयो भने पनि त्यो परिवर्तित भएको जस्तो अर्को जीवनप्रति आसक्ति र चाहना राख्ने व्यक्तिहरु अत्यल्प हुनेछन् । यर्थाथमा १० जना मानिसमध्येमा ९ जनाले त्यसप्रकारको जीवनप्रति चाहना राख्ने छैनन् । त्यसरी चाहना नहुनु आत्मदृष्टिको कारणले हो । आत्मउपादान म-मेरो सम्पत्ति भनी सम्भिराख्नु माथि आधारित छ । आत्मवादीले आत्म-उपादानको पृष्ठभूमि ( सम्भनाराख्नु ) रहित भएको जस्तो जीवनप्रति कसरी आसक्त हुनेहुन्छ ?

१. यो विषयलाई “कर्मशक्ति र कर्मवाद” खण्डमा विस्तृत उल्लेख गरिनेछ ।

त्यसो भए अतीत-जन्मलाई बिल्कुल जान्न नसकिने र सम्भन नसकिने परलोकप्रति किन आसक्त भइरहेका हुन्छन् ? भनौं मानिसको मृत्युपछि नाम रुपस्कन्ध निरोध र शान्त हुन्छ । नामरुप निरोध र शान्त भएपछि पछिल्लो अवस्थामा आत्मवादीले परलोक सिद्धान्तलाई भरोसा लिनुपर्दछ । पुनर्जन्ममा अतीत-जन्मलाई बिल्कुल भुलिसकेको छ नै भनौं भने आत्मदृष्टिको निमित्त परलोक पुनर्जन्मवादभन्दा अन्य भरोसा हुने छैन । त्यसो भएर पनि आत्मवादीले मरेर श्वेत भएर जन्मिदा श्याम र श्वेतमा कारण रकार्य सम्बन्ध रहनुमात्र हो भन्ने बुद्धवादलाई स्वीकार्न नसकी श्याम-श्वेत नै हो भनी दृढतापूर्वक सम्भी त्यसमाथि आसक्त भइरहेको हुन्छ । श्वेत अतीत-जन्मको अवश्यमेव श्याम नै हो भनी दृढताकासाथ आस्था र विश्वास राख्ने व्यक्तिहरुले एउटा दियोमा पहिलो रातको शुरुको दियो र मध्यरातको दियो एउटै रहेको र सानो विद्यार्थी रुपबाट बूढो श्याम रुपमा पुगेकाहरुलाई उदाहरण देखाउँछन् । ती उदाहरणहरुले आत्म नभइकन नै भवसंसार ( परलोक ) रहेको कुराको प्रकट हुने त अवश्य हो । धेरै मानिसले प्रार्थन ागर्ने र चाहना राख्ने परलोक र पुनर्जन्म छ भन्ने कारणलाई सहयोग पुऱ्याउने उदाहरणहरु हुन् भनी भन्न सकिन्न ।

अनात्मवाद अनुसार श्याम परमार्थको हिसाबले सानो श्याम होइन ; लौकिक र व्यावहारिक कथन अनुसार त श्याम कालो सानो श्याम नै हो भन्नुपर्दछ । यसो भन्नुमा कारण छ । श्री श्याम सानो श्यामलाई कारण गरी प्रादुर्भाव भएर आएको हो। सानो श्यामदेखि श्री श्यामसम्म उत्पन्न भएर आएको नामरुप स्कन्ध क्रम नदीको पानीको प्रवाहजस्तै लगातार रहेको छ । श्री श्याम सानो श्यामसँग फरक परेता पनि मोटामोटी तौरबाट समानता रहेका तथ्यहरु थुप्रै छन् । यसरी कारण फल सम्बन्धित रहिरहनु स्कन्धक्रम नटुट्नुद्वारा समानता रहेका तथ्यहरु थुप्रै रहिरहनुको कारणले श्री श्याम सानो उमेरदेखि बढेर आएको श्याम हो भनी सम्भनुपरेको हो ।

श्री श्यामको मरणपछि श्वेत भएर आएकोमा त उपर्युक्त अंगहरु पूर्ण रुपमा प्रकट भएको छैन । श्वेत श्री श्यामको भवतृष्णाको कारणले गर्दा उत्पन्न भएर आई श्री श्यामको कर्मशक्तिले मरम्मत र प्रबन्ध मिलाएकोलाई भोग्नु पर्नु सही छ । तर उसको जीवनको परिस्थिति वर्तमान क्रियाकलाप वरिपरिको वातावरण कारणधर्महरुमाथि निकै आधारित छ । रुपस्कन्ध भनेको छुट्टिन्छ। अतीत-जन्मको कर्मशक्तिको कारणले समान रहेका तथ्यहरु छन् नै भनौं कि नयाँ जीवनीको स्थिति अनुसार विभेद भएका तथ्यहरु समान रुपका तथ्यहरुभन्दा धेरै वजनदार हुन सक्ने छन् । त्यसकारण लौकिक व्यवहार अनुरुप ( वा ) सम्मसति सत्यको क्षेत्रमा नै श्वेत अतीत-जन्मको श्रीश्याम हो भन्नु मुश्किल छ । श्री श्यामको कारणले प्रादुर्भाव भएर आएको अन्य व्यक्ति हो भनेमा बढी सत्यता रहन सक्नेछ ।



Downloaded from http://dhamma.digital/

श्वेत श्री श्याम हो भन्न गाह्रो भएमा श्वेत मरिसकेपछि प्रादुर्भाव भएर आएको पीतअनि पीत मरिसकेपछि प्रादुर्भाव भएर आएको श्याम आदि श्री श्यामको सांसारिक वंश परम्पराहरु श्री श्याम नै हो भन्न अरु मुश्किल छ । वास्तवमा भन्ने हो भने एक व्यक्तिको सांसारिक वंश परम्परा उसका छोराछोरी नाति पनाति आदि जाति वंश परम्परासित बिल्कुल एकसमान छ । एक व्यक्तिका छोराछोरीहरु त्यस व्यक्तिको जाति कुल वंश बीज र उसले गरेका क्रियाकलापहरुको राम्रो प्रतिफल र नराम्रो अवगुण भोग्नु परे जस्तै उसको परलोक र पुनर्जन्ममा प्रादुर्भाव भएर आएको व्यक्तिले उसको कर्मशक्तिलाई भोग्नुपर्दछ । छोराछोरीहरु ऊ सित निकै समान हुनेछन् । नाति पनाति आदिहरु त ऊ सित वंश सम्बन्ध टाढा पर्दै गए जति, उसको बीज शक्ति र उसले गरेका क्रियाकलापहरुको प्रतिफललाई भोग्नुपर्ने स्थिति कर्म हुँदै जाने भएकोले पाँच, छ पुस्ता जति फरक परिसकेको व्यक्ति ऊ सित बिल्कुल एकसमान देखिनेछैन । त्यस्तै उसको सांसारिक वंश परम्पराहरु ऊ सित जन्मपरम्परा टाढा पर्दै गए जति, ऊ सित झन झन फरक पर्दै गई तिनीहरुलाई ऊ नै हो भनी सम्झन निकै मुश्किल पर्छ ।

उपर्युक्ततथ्यहरुको कारणले कुनै पनि सत्व प्राणी उनको मरणपछि उत्पन्न हुन्छ वा हुदैन भन्ने समस्यासित सम्बन्ध राखी भगवान् बुद्धले कुनै रुपमा पनि जवाफ नदिई मौन रहनुभएको हुनसक्छ । त्यसकारण नै पश्चिमी राष्ट्रहरुमा चित्तविज्ञानका अन्वेषकहरुले मानिस मरिसकेपछि कुनै पदार्थ अवशेष रहेको कुरा साधक साक्षी प्रमाण ठोस रुपमा देखाइएता पनि प्रज्ञाविद्हरुले पुनर्जन्म वा परलोकवादलाई स्वीकार्न नचाहेका हुन् । एकजना प्रज्ञाविद्को निम्न कुरा विचारणीय छ ।

"यदि Joan June मरणोपरान्त निरन्तर स्थिर रहिरहेको छ भनेमा उसको चित्तक्रम नटुटी उसको परलोकका अनुभूतिहरुलाई मरम्मत र निर्माण गर्नुपर्नेछ । त्यसरी मरम्मत र निर्माण गर्न सक्नुको निमित्त उसले अतीत-जन्मलाई सम्झनुले परलोक सिद्धान्तलाई टेवा र मद्दत मिल्नु सही भएता पनि त्यसरी सम्झिनुमात्रले परलोक छ भनी भन्न सकिन्न । संज्ञा र वेदना आदि नामस्कन्धहरुको निरन्तर क्रमिक रुपमा उत्पन्न भइरहनु नरही जाति स्मरण ज्ञानमात्र प्रादुर्भाव भएकमा Joan Juneको नामस्कन्धबाट केही अंश फेरि पनि निरन्तर विद्यमान रहेको छ भनेर मात्र भन्न सकिन्छ । Joan Juneनिरन्तर विद्यमान छ भनेर त भन्न सकिन्न ।"

बुद्ध अरहन्त आदि आर्य पुद्गलहरुले जातिस्मरण ज्ञानद्वारा अतीत-जन्महरुलाई सम्झन्छन् भन्नुमा उपर्युक्त तथ्यलाई राम्ररी जाने देखेका हुनेछन् । जातिस्मरण ज्ञान लाभ भएका भनिने पश्चिमी राष्ट्रकी एकजना महिलाले पनि त्यस तथ्यलाई बुझेकी जस्तो छ । तिनले अतीत-जन्महरुलाई राम्ररी सम्झेता पनि तिनको धारणा अन्य "अवतारी" हरुको धारणासित भिन्न छ ।

"जून र तीकीत - जून अतीत-जन्महरु याद भएकी महिला हुन् । तीकीत तिनको अतीत-जन्मको व्यक्ति हो ) एउटै व्यक्ति होइन । Theosophy र अन्य धर्मसिद्धान्तहरुले बुझेको जस्तो भवसंसारलाई पनि म विश्वास गर्दिन । जून र तीकीत ; केरोला, रेड इण्डियन पुरुष ; ग्रीक पुरुष र फ्रेञ्च महिला ( तीकीत र अन्य व्यक्तिहरु तिनकी अतीत-जन्मका व्यक्तिहरु हुन् । ) अलग्ग अलग्ग व्यक्ति अलग्ग अलग्ग नामरुप हुन् । जुन र तीकीतहरु एउटै जपमालामा गाभिएका दुइवटा जपेडा समान भई तिनीहरु दुवैमा रहेको स्मरण्ण ज्ञान जपमालाको डोरीमा गाभिएको छ ।"



Downloaded from http://dhamma.digital/

1. **C. D. Broad, "The Mind and its place in Nature" , P. 539.**

श्याम भाईको परलोक जीवनमा प्रादुर्भाव भएर आएको श्वेत भाई अन्य व्यक्ति हो भन्नु उच्छेदवादतिर अवतरण भएन र ? भनि सोधेमा ; श्याम भाई मरिसकेपछि निरर्थक भएर ; श्याम भाईको कारणले श्वेत भाई भएर आएकोले त्यो वाद उच्छेदवाद होइन । परलोक-जीवनमा अलग्ग व्यक्ति भएको श्वेत भाईको निमित्त किन श्याम भाईले कुशलकर्म गर्नुपऱ्यो नि त ? भनौं । मानिसहरुले आफ्नो कारणले उत्पन्न भएका छोराछोरीहरुको अर्थ र हितलाई वहन गर्न कर्तव्य रहे अनुसार आफ्नो कारणले उत्पन्न भएको परलोक-जीवनका व्यक्तिहरुको अर्थ र हितलाई वहन गर्न कर्तव्य र आभार रहेको तथ्य स्पष्ट छ ।

यो तथ्यसितको सम्बन्धमा Mrs. Rhys Davids को निम्न कतनहरु मननीय छन् । ती कथनहरु अनात्मवादलाई बुद्धवादको रुपमा समर्थन गरिरहेको बेलामा Mrs. Rhys Davids ले लेखेकी पुस्तकबाट उद्धृत कथनहरु भएको तथ्यप्रति ख्याल राख्नु योग्य छ ।

"बुद्धवादको मतानुसार एक सत्व प्राणी र उसका क्रियाकलापहरु बच्चा र आमा बाबुहरु बीचको सम्बन्ध जस्तै सम्बद्ध रहेका छन् । बच्चाको जीवन स्थिति आमाबाबुहरुमाथि आधारित रहे जस्तै मनुष्य प्राणीको जीवस्थिति उसको अतीत कर्ममाथि निर्भर रहेको छ । आमाबाबुहरुले बालबच्चालाई मरम्मत र निर्माण गरे जस्तै मानिसहरुले आ-आफ्ना भविष्यका भाग्यकर्मलाई मरम्मत र निर्माण गर्दछ । आमाले आफ्नो स्यानो छोरोको सुखलाई उपेक्षागर्न नसकिने जस्तै बुद्धवादीले पनि आफ्नो मनोभावना चरित्रलाई नित्य निर्माण गरिरहेको आफ्ना क्रियाकलापहरुले अन्य एक व्यक्तिको निमित्त सुख दुःख निर्माण गरिदिनुलाई उपेक्षा गरिरहन सक्नेछैन ।

1. **Joan Grant, "Time out of Mind" , P. 247.**

वर्तमानजीवनको व्यक्ति र परलोक जीवनको व्यक्तिको सम्बन्ध आमाबाबु र बालबच्चाको सम्बन्ध जस्तै कारण कार्य जस्तो सम्बन्धमात्र भएको छ भन्ने सिद्धान्त आजकाल धेरैजसो बुद्धवादीहरुले स्वीकार्न सकिने सिद्धान्त होइन । त्यसो भएता पनि यो सिद्धान्त श्री श्याम मरेर परलोक जीवनमा सरेर गयो ; अथवा श्री श्याम धेरै जन्म संसरण गरिरहनुपर्नेछ भन्ने विश्वाससित तुलना गरेमा आत्मालाई तिरस्कार गर्ने बुद्धवादसित बढी सामीप्य छ । परलोक भव आसक्ति उपादानलाई प्रोत्साहन नदिने सिद्धान्त हो भनेर पनि भन्न सकिने छ ।

यसरी परलोक भव आसक्ति उपादान रहित हुनु बुद्धवादीहरुको निमित्त अति महत्वपूर्ण छ । चित्तविज्ञान विषयलाई धेरै वर्षसम्म पूरा वैज्ञानिक ढङ्गबाट अन्वेषण र परीक्षण गरिसकेको एउटा प्रज्ञाविद्ले "परलोक जन्म निस्सन्देह छ भनी मैले विश्वास गर्छु । तर परलोक वा पुनर्जन्मवादमा हाम्रो दिलचस्पी छैन । हाम्रो कार्य त वर्तमानलाई ध्यान दिनु हो, मनुष्य प्राणीहरुले अतीत र अनागतलाई गाभी विचार नगरी अहिले तुरुन्त समाधान गर्नुपर्ने समस्या कठिनाईहरु थुप्रै छन्" भनी भनेका छ । अवश्य हो । यो कुरा बुद्धवादसित बिल्कुल एकसमान छ । बुद्धवादले उच्छेदवादलाई पन्छाई भवसंसारवादलाई स्वीकारेता पनि अनात्म धर्मको मतानुसार परलोक जन्म प्रलोभित र आशक्त हुनु योग्य छैन । "सन्दिट्ठिको अकालिको" आदि बुद्ध-धर्म गुणलक्षण अनुरुप रपर्युक्त बुद्धदेशनाहरुलाई आधार लिई बुद्धवादले परलोक जन्म आसक्ति उपादानलाई विरोध गरी वर्तमान



Downloaded from http://dhamma.digital/

दृष्टान्त दृष्टधर्म क्रियाकलापलाई प्राथमिकता दिने वाद भएको कारणप्रति ध्यान दिनु नितान्त योग्य रउचित छ ।

समाप्त

1. **Mrs. Rhys Davids, "Buddhism" , P. 148-49.**

**२. यो सिद्धान्तसित सम्बन्ध राखी Dr.Rhys Davids अंग्रज भिक्षु सीमाचारहरुको लेखाइहरुलाई रअन्य विचारणीय तथ्यहरुलाई "कर्मशक्ति र कर्मवाद" खण्डहरुमा उल्लेख गरिनेछ ।**

**S.1. De Witt Miller, op. cit., P. 116 .**

Dhamma.Digital



Downloaded from http://dhamma.digital/